२०८२, वैशाख

https://gorkhapatraonline.com/yuba-manch

मूल्य रू. २५

# युवामञ्च

## थाइराइडमा हुने क्यान्सर

## प्रभुत्वको प्रतिस्पर्धामा नौलो 'गोल्ड रस'

## क्वान्टम कम्प्युटिङ

## सिस्नु चिलाएर मनाइने नयाँ वर्ष 'बिसु'

## एक विलुप्त जन्मकुण्डली

## गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रधान कार्यालय,** धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/ ५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

**पूर्व क्षेत्र प्रकाशन कार्यालय,** विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

**पश्चिम क्षेत्र प्रकाशन कार्यालय,** कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

**मधेश प्रदेश कार्यालय,** जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

**बागमती प्रदेश कार्यालय,** हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

**गण्डकी प्रदेश कार्यालय,** पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

**लुम्बिनी प्रदेश कार्यालय,** बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

**कर्णाली प्रदेश कार्यालय,** वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

**सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

### हाम्रा प्रकाशनहरु

गोरखापत्र

THE RISING NEPAL

gorkhapatraonline.com

मधुपर्क

युवामञ्च

भुना

# बिहानको चियासँगै
# गोरखापत्र र THE RISING NEPAL
# तपाईंको शहरमा

| | |
|---|---|
| लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा | बिहान ६:३० बजे |
| विदुर र धादिङबेशी | बिहान ६:०० बजे |
| नारायणगढ, भरतपुर | बिहान ५:३० बजे |
| हेटौंडा | बिहान ४:३० बजे |
| पथलैया | बिहान ५:०० बजे |
| चन्द्रनिगाहपुर | बिहान ५:३० बजे |
| वीरगञ्ज | बिहान ६:०० बजे |
| बारा, कलैया र निजगढ | बिहान ६:१५ बजे |
| गौर | बिहान ६:३० बजे |
| मलंगवा र लालबन्दी | बिहान ७:०० बजे |
| बर्दिबास | बिहान ७:४५ बजे |

१२४

पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-८४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

## डिजिटल युगका भरपर्दा प्रकाशन
## प्रवर्द्धनात्मक दरमा आकर्षक विज्ञापन

gorkhapatraonline.com
risingnepaldaily.com

## नयाँ स्वरूपमा

**विज्ञापनदाता, एजेन्सी तथा अन्य शुभेच्छुकका लागि केही समय विशेष छुटको व्यवस्था छ ।**

सम्पर्क

**गोरखापत्र संस्थान**

**व्यापार विभाग, फोन नं. ०१-५३२७४९३**

Email : mgorkhapatra@gmail.com

**टोल फ्रि नं. १६६०-०१-९४४४४**

मुद्रक : गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ ।

वर्ष ३७, अङ्क ११, २०८२ साल वैशाख

April-May 2025 | Twitter: @YuvamanchGps | yubamanchmonthly

# यस भित्र

२७ क्वान्टम कम्प्युटिङ

१० सामूहिकतामा विश्वास गर्ने चेपाङ

चेपाङ जाति पाएसम्म जडीबुटी, कन्दमूल खाई गुजारा गर्ने र पहाडी भिरालो जग्गामा बस्न रुचाउने भनेर सो पुस्तकमा उल्लेख गरिएको छ ।

१६ प्रभुत्वको प्रतिस्पर्धामा नौलो 'गोल्ड रस'

महाशक्तिशाली बन्ने आफ्नो आनिवार्य परिपूर्तिका लागि केही यस्ता अपिरिहार्य धातु वा तत्व शक्ति राष्ट्रहरुले प्राथमिकता सूचीमा राखेका छन् जो पृथ्वीमा उपलब्ध त छन् तर सहज र सर्वत्र आवश्यक मात्रामा उपलब्ध छैनन् ।

एक विलुप्त जन्मकुण्डली

खेतीपातीका लागि धेरै पाखुरा आवश्यक थिए । जसको धेरै सन्तान हुन्थे, उसैले बेलामा खेतीबाली लगाउन सक्थ्यो । सन्तान धेरै हुनेले धेरै गाईवस्तु पाल्न सक्थे । गाईवस्तुबाट एकातिर दूध दही प्राप्त हुन्थ्यो भने अर्कोतिर खेतीपातीका लागि अर्गानिक मल प्राप्त हुन्थ्यो ।

३१

३८ सिस्नु चिलाएर मनाइने पर्व 'बिसु'

४४ साधु बनेका अङ्गुलीमाल

बुद्ध जन्मेको स्थल लुम्बिनी, ज्ञान प्राप्त गरेको बोधगया र निर्वाण प्राप्तिको स्थान कुशीनगरमा वैशाख पूर्णिमाका दिन ठूलो मेला लाग्दछ ।

५० समसितको पीडा हटाउनै पर्छ

जुलुसका यस्ता घाइतेलाई अस्पताल पुऱ्याएर उपचार होइन अरु यातना दिइन्थ्यो । त्यसै कारण घरमै साधारण उपचार गर्दागर्दै त्यसै राति न्हुछेरत्नको निधन भयो ।

६४ थाइराइडमा हुने क्यान्सर

दु:खको कुरा यस्तै थाइराइड गडबडीबाट नै थाइराइड क्यान्सर बन्न सक्छ भने थाइराइड क्यान्सरमा थाइराइड हर्मोनको उतारचढाव हुन सक्ने कारणले अन्योल निम्तिने सक्छ ।

६८ सर्पको भय



**युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला**

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७९३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

**अनलाइनमा युवामञ्च**

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

# युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

सम्पादन सहयोगी
देवबहादुर कुँवर

वितरण विभाग
बबिता कार्की

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

**गोरखापत्र संस्थान**

पो.ब.नं. २३, धर्मपथ, काठमाडौं, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन - सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौंडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-


*सम्पादकीय*

# डिजिटल कुहिरोमा अपराध

सूचना प्रविधिको विकास जसै जसै अगाडि बढिरहेको छ अपराधका नौला प्रवृत्ति साथसाथै विकसित भइरहेको हामी देख्छौं। यस्तै नयाँ अपराधकर्म बुझाउन एक वर्षयता 'डिजिटल अरेस्ट' शब्दावली चलनचल्तीमा छ। विदेशमा कतिपय यस्ता घटना सार्वजनिक भएका छन्, जसमा कसैलाई सामाजिक सञ्जाल प्रयोग गरेर शब्दजालमा फसाइएपछि धम्काइएको छ, गर्दै नगरेको अपराध गरेको भनेर मोबाइल फोन वा इमेलमार्फत तर्साएर आफ्नो अभीष्ट पूरा गर्ने कोसिस अपराधीबाट गरिएका छन्। 'डिजिटल अरेस्ट' शब्दावलीले डिजिटल प्लेटफर्ममार्फत मानिसलाई त्रासमा राख्ने र कुनै परिबन्धमा परेको महसुस गराएर रकम असुल्ने आपराधिक कार्य जनाउँछ।

अङ्ग्रेजी भाषाको 'अरेस्ट' शब्दलाई आमबुझाइमा कुनै पनि खालको अपराधकर्ममा संलग्न मानिसलाई प्रहरीले समात्ने कार्यका रूपमा अर्थ्याइन्छ। यसविपरीत डिजिटलसँग जोडिएपछि 'अरेस्ट' आपराधिक कार्य जनाउने भएको छ। जीवनका हरेक पक्षमा सूचना प्रविधिमाथिको निर्भरताले समानान्तर रूपमा निम्त्याइरहेका आपराधिक कार्य वास्तवमा चिन्ताको विषय भएको छ। विशेष गरी डिजिटल संसारका प्रायः सबै सुविधामा पहुँच हुने तर शैक्षिक र चेतनास्तर कमजोर भएका समाजमा 'डिजिटल अरेस्ट' को जोखिम उच्च छ। यही भएर डिजिटल संसारका जोखिमका बारेमा जागरूकता फैलाउने र समाधानका उपायका बारेमा बेलैमा सक्रिय हुनु आवश्यक देखिन्छ।

डिजिटल प्लेटफर्महरूको प्रयोगद्वारा विभिन्न प्रकारले बैङ्किङ ठगी एक समस्या त छँदै छ, 'डिजिटल अरेस्ट' डिजिटल अपराधको नयाँ स्वरूपमा आएको छ। प्रहरीको पोशाक लगाएका वा कर अधिकारी वा नियमनकारी अन्य अधिकारी, विद्यालयका शिक्षकको पोशाक र हावभावमा भिडियो कल गरी कुनै अपराध वा कर छली वा बालबालिकाको विषयमा धम्काउने वा तर्साउने अनि रकम असुलीको प्रपञ्च गर्ने कार्य 'डिजिटल अरेस्ट' मा भइरहेको छ। व्यक्तिसँग अपराधी समूहले सातो जाने गरी गम्भीर सन्दर्भ र अवस्थाका बारेमा कुरा गर्छन्। डराएर व्यक्तिले बैङ्किङ खाताबाट भनिएको रकम स्थानान्तर गरिदिने अवस्था आउँछ। मानिस कतिसम्म आत्तिन्छ भने उसले त्यस्ता फोन वा इमेलको विश्वसनीयता जाँच गर्ने वा सरकारी निकायमा बुझ्ने प्रयाससमेत गर्दैन।

कुनै पनि सरकारी निकायबाट त्यसरी फोनमा वा इमेलमा धम्क्याउने र पैसा माग गर्ने कार्य हुँदैन। कुनै दर्तावाल संस्था वा विद्यालयले समेत त्यसरी डराउने, तर्साउने तथा पैसा माग्ने काम गर्दैन। यति सामान्य जानकारीसमेत नराख्ने मानिस 'डिजिटल अरेस्ट' ती ठगको कुरा पत्याउँछन् र लुटिएपछि मात्र होसमा आउँछन्। यस कारण सूचना प्रविधिको युगमा डिजिटल कुहिरोमा रूमलिएर काग जस्तो भएर बस्ने होइन, यसका केही आधारभूत सुरक्षा प्रणाली, कार्य प्रकृति, सम्भावना, जोखिमका बारेमा जानकारी राख्नु जरूरी छ। सूचना प्रविधिमा भइरहेको द्रुत विकासलाई हेर्दा जोखिमको यतिमै सीमित रहने छैन। अनेक खालका अपराध जटिलता यसको विकाससँगै हुर्कने छन्। तसर्थ साइबर अपराधीभन्दा एक कदम अगाडि रहन साइबर सुरक्षाका सरोकारवालाले सजग रहने तथा डिजिटल प्लेटफर्म प्रयोगकर्ता जागरूक र सचेत हुनु जरूरी छ। ■

## उपयोगी लेखलाई स्थान दिइयोस्

२०८१ साल चैतको युवामञ्चमा प्रकाशित प्रायः लेख रचना रोचक र पठनीय छन् । त्यसमा पनि मानिसले कहिलेदेखि लेख्न सुरु गऱ्यो ?, दीर्घ आयुको रहस्य, नुन कत्तिको आवश्यक लेख धेरै राम्रो लाग्यो । त्यस्तै सौभाग्यशाली मोर्गन, अलेक्जेन्डरको त्यो आक्रमण, अमेरिकाको अटल तृष्णा लेख रोचक लागे ।

फूलबारी स्तम्भमा नदीमा रमाउने माझी लेखले माझी जातिका बारेमा विस्तृत रूपमा परिचय दिएको छ । यस्तै विभिन्न जातजातिको चिनारी दिने खालका लेखलाई आगामी अङ्कमा निरन्तरता दिइयोस् ।

आजको युग डिजिटल हो । यसको प्रयोगबिना दैनिक जीवन मुस्किल नै छ । यसका धेरै फाइदा भए पनि यसबाट अपराध भएका पनि छन् । जुन कुरा नौलो अपराध डिजिटल अरेस्ट शीर्षकको लेखबाट जान्न सकिन्छ । साथै यसको प्रयोगमा सबैले सजगता अपनाउनु जरुरी छ ।

स्वास्थ्यसम्बन्धी दुई लेख- हड्डीको क्यान्सर र रोगबाट बच्ने उपाय, सबै पाठकवर्गलाई अति उपयोगी छ । आगामी अङ्कमा पनि यस्तै स्वास्थ्यसम्बन्धी लेखहरू प्रकाशित भइरहोस् ।

अन्त्यमा नयाँ साल-२०८२ को सम्पूर्ण पाठकवर्ग तथा समस्त युवामञ्च परिवारलाई शुभकामना । साथै युवामञ्च नयाँ सालदेखि नयाँ साजसज्जा र अझ स्तरीय सामग्री लिएर पाठकसामु आउने आशा तथा विश्वास गरेको छु ।

**अच्युतमान सिंह प्रधान 'उत्सुक'**
**बालुवाटार, काठमाडौँ**

---

गोरखापत्र अनलाइन (gorkhapatraonline.com) खोलेर त्यसको शीर्ष स्थानमा दायाँ पट्टि ई-पेपर (E-Paper) शीषर्कमा क्लिक गर्नुहोला । त्यसपछि गोरखापत्रका अन्य प्रकाशनसँगै युवामञ्च देख्न सकिन्छ । युवामञ्चमा क्लिक गर्दा प्रत्येक महिनाको युवामञ्च प्राप्त गर्नुका साथै सहजै अध्ययन गर्न सकिने छ ।

*-सम्पादक*

## अनलाइनमा कसरी हेर्ने ?

काठमाडौँ बस्दा म युवामञ्चको नियमित पाठक थिएँ । नयाँ बानेश्वरमा रहेको एक स्टेसनरी पसलबाट युवामञ्च नियमित खरिद गरी पढ्ने गरिन्थ्यो । अहिले रोजगारीको सिलसिलामा दुर्गम स्थानमा भएकाले पढ्ने अवसर पाइएको छैन ।

यता त राष्ट्रिय दैनिक पत्रिका पनि हप्ता दिनपछि मात्र आइपुग्ने रहेछन् । युवामञ्च जस्तो मासिक पत्रिका त झन् कहाँकतै भेटिँदैन । मलाई युवामञ्चको प्रकाशित 'हार्डकपी' भन्दा पनि अनलाइन कपी आवश्यक छ । यो कसरी पाउने होला ? त्यो अवसर उपलब्धताका लागि आग्रह गर्दछु ।

**गोरखबहादुर बिसी**
**मान्मा बजार, कालीकोट**

## जतातै पुग्न सफल होस्

युवामञ्चको २०८१ साल चैतको अङ्क समयमै पढ्ने अवसर मिल्यो। उक्त अङ्कमा नरेन्द्रराज पन्तले लेखेको सुन्दर सुदूरपश्चिम शीर्षकको लेख पढेपछि सुदूरपश्चिम एक पटक पुगेर घुम्न मन लाग्यो। मेरो पुस्तकालयमा कवि कृसु क्षेत्रीका बारेमा पढ्ने अवसर मिल्यो। यमबहादुर दुराले लेखेको मानिसले कहिलेदेखि लेख्न सुरु गऱ्यो भन्ने बारेमा जान्ने अवसर मिल्यो। शिवलाल श्रेष्ठले लेखेको नुन कत्तिको आवश्यक शीर्षकको लेख सबैले पढ्नैपर्ने रहेछ। रमेश खनालले लेखेको दीर्घ आयुको रहस्य शीर्षकको सामग्री निकै राम्रो लाग्यो। सोमराज पोखरेलले लेखेको उपाधिको खडेरी शीर्षकको लेख पढ्न पाउँदा खुसी लाग्यो।

षडानन्द पढेको संस्कृत पाठशालाका बारेमा जान्ने अवसर मिल्यो। डा. भागवत आचार्यले लेखेको क्रिप्टोकरेन्सीको जोखिम विषयमा शीर्षकको सामग्री ज्यादै उपयुक्त लाग्यो। प्राडा सुमनराज ताम्राकारले लेखेको हड्डीको क्यान्सरका बारेमा स्वास्थ्यसम्बन्धी लेख निकै राम्रो लाग्यो। केशवराज पौडेलले लेखेको आफ्ना नै वैरी शीर्षकको लेख निकै मन पऱ्यो। यो मासिक पत्रिका युवा तथा सबै वर्गका लागि उत्तिकै प्रभावकारी छ। युवामञ्च जतातै पुग्न सफल होस् आउँदै गरेको २०८२ सालको उपलक्ष्यमा युवामञ्च पत्रिकाप्रति उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु।

**–अरुणबहादुर खत्री 'नदी'**
**बूढानीलकण्ठ, माथिल्लो पासिकोट,**
**उज्यालो बस्ती, काठमाडौँ**


**नयाँ वर्ष**
**२०८२ सालको**
**उपलक्ष्यमा**
**समस्त पाठक तथा**
**शुभेच्छुकहरुमा**
**हार्दिक**
**शुभकामना ।**
*युवामञ्च परिवार*


## घर्राको कथा समेटिएन

युवामञ्चको चैत अङ्कमा प्रकाशित काजीको कलममा देवबहादुर कुँवरले लेख्नुभएको 'सदाबहार असन-इन्द्रचोक बजार' शीर्षकको खोजमूलक लेख पढ्न पाइयो। लेख खोजमूलक भए पनि त्यसमा केही कुरा स्पष्ट रूपमा समेटिएको पाइएन।

लेखमा उल्लेख गरिएको असन क्षेत्रमा रहेको मन्दिर महादेवको नभई अन्नपूर्ण मन्दिर भएको कुरा स्पष्ट पार्न चाहँ। अन्नपूर्ण मन्दिर अन्नदाता भगवान् भएकाले त्यस क्षेत्र (असन) मा कहिल्यै पनि भोकमरी नहुने र अन्नपूर्ण मन्दिरसँगै रहेको चाँदीको घर्रा जहिले पनि भरिभराउ हुने मान्यता रहेको छ तर त्यस्तै घर्रा रहेको जैसीदेवल (नेवारी भाषामा लुःघ) मा ढुङ्गाको तीनवटा घर्रा रहेका छन् तर ती खाली छन्।

यस क्षेत्रका बुढापाका जैसीदेवलको घर्रा सधैँ खाली हुने भएकाले त्यस क्षेत्रमा भोकमरी लाग्ने गरेको भन्छन्। यस्तो घर्राको कथालाई पनि लेखमा समेटेको भए थप आकर्षक र पठनीय हुन्थ्यो।

**अमिरमैयाँ रञ्जित**
**जैसीदेवल, काठमाडौँ**

## नयाँ वर्षको शुभकामना

युवामञ्चको चैत अङ्क पढ्ने अवसर मिल्यो। यस अङ्कमा २०८१ साल अवधिभर भए गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रम समेटिएको पाइएन। समसामयिक तथा समय सान्दर्भिक विषयवस्तुलाई प्राथमिकतामा राखेर लेखरचना प्रकाशित गरेको भए राम्रै हुन्थ्यो।

यस अङ्कमा मानिसले कहि देखि लेख्न सुरु गऱ्यो ?, आफ्ना नै वैरी, नौलो अपराध डिजिटल अरेस्ट, नदीमा रमाउने माझी, अमेरिकाको अटल तृष्णा, हड्डीको क्यान्सर, अस्वस्थ जीवनशैली रोगको थैली र नुन कत्तिको आवश्यकलगायतका लेख पढ्दा आनन्द आउनुका साथै केही ज्ञान पनि प्राप्त गर्ने अवसर मिल्यो। युवामञ्च परिवारलाई नयाँ वर्ष-२०८२ सालको शुभकामना दिँदै नयाँ जोश, जाँगर र योजनाका साथ यस्तै खोजमूलक, ज्ञानवर्द्धक र पठनीय सामग्रीको निरन्तरता हुने अपेक्षा राखेको छु।

**राधेश्याम खत्री**
**तारकेश्वर नपा-७, फुटुङ काठमाडौँ**

# सन्तानकी धनी महिला

भ्यालेन्टिना भासेलियभालाई गिनिज बुक अफ वर्ल्ड रेकर्डले विश्वमा सर्वाधिक बच्चा जन्माउने महिला मानेको छ। उनले आफ्नो जीवनकालमा कुल ६९ बच्चा जन्माइन्।

सन् १७८३ मा 'दी जेन्टलम्यान्स म्यागजिन' मा प्रकाशित लेखमा उल्लेख गरिए अनुसार भासेलियभाका पति फियोडोरसँग उनको ६९ बच्चाका अतिरिक्त आफ्नो अर्को पत्नीबाट थप १८ बच्चा थिए।

पत्रिकाका लेखकले लेखेका छन्, "सन् १७८२ अगस्त १३, सेन्ट पिटर्सबर्ग लेखिएको एक मूल पत्र मेरो अगाडि रहेको छ। त्यसमा ओएस फियोडोर वासलिफ, उमेर ७५, एक किसान, जसले हाल जीवित र पूर्ण स्वस्थ रहेको भन्दै आफ्नो पहिलो पत्नीबाट ४x४ = १६, ७x३= २१, १६x२ = ३२, २७ जन्म, ६९ बच्चा भए। मेरो दोस्रो पत्नीबाट ६x२ = १२, २x३ = ६, ८ जन्म, १८ बच्चा भएको जानकारी मास्को सरकारलाई जनाए।"

लेखकले अगाडि लेखे, "उपयुक्त सम्बन्धमा कुरा आश्चर्यजनक छ। भरोसा गर्न पनि सकिन्छ। किनभने

यो सेन्ट पिटर्सबर्गमा रहेका एक अङ्ग्रेज व्यापारीबाट सोझै इङ्गल्यान्डमा रहेका आफ्ना नातेदारलाई पठाइएको थियो । किसानलाई महारानीसँग भेट गराउने तयारी भएको समेत जानकारी दिएका थिए ।"

आजको मानक अनुसार एक अङ्ग्रेज व्यापारीले अर्को पक्षबाट प्राप्त विवरणमा विश्वास गर्न नसकिएला तर समकालीन कैयौँ स्रोतले भासेलियभा घैरै सन्तानका बारेमा उल्लेख गरेका छन् ।

सन् १८३४ मा प्रकाशित एक पुस्तकमा लेखकले लेखेका छन्, "सन् १७८२ फेबुअरी २७ का दिन निकोलस्की मठबाट मास्कोलाई प्राप्त भएको विवरणमा सुया जिल्लाका फियोडोर भासेलियभाले दुई पटक विवाह गरेको र उनका ८७ सन्तान भएको बताइएको थियो ।"

फियोडोरको पहिलो पत्नीको २७ पटक प्रसव भयो । उनीले चार पटक चम्ल्याहा, सात पटक तिम्ल्याहा र १६ पटक जम्ल्याहा जन्माइन् । दोस्रो पत्नीले आठ प्रसवबाट छ पटक जुम्ल्याहा र दुई पटक तिम्ल्याहा जन्माएकी थिइन् । चिठी लेखिएका बेला फियोडोर ७५ वर्षका थिए र उनका ८२ बालबालिका थिए ।

**फियोडोरको पहिलो पत्नीको २७ पटक प्रसव भयो । उनले चार पटक चम्ल्याहा, सात पटक तिम्ल्याहा र १६ पटक जम्ल्याहा जन्माइन् ।**

अधिक सन्तानको कुरा आउँदा प्रायः भ्यालेन्टिनाको नाम लिइँदैनथ्यो किनभने जहिले पनि फियोडोरको नाम नै आउँथ्यो । जेहोस पुराना दस्ताबेजको अध्ययन र गिनिज बुकको रेकर्डले भ्यालेन्टिनालाई ६९ सन्तान जन्माउने आमाका रूपमा पहिचान दिएको छ । ■

*-युवामञ्च*

# अटोमोबाइल दुर्घटनामा पर्ने पहिलो मानिस

**भिक्टोरियन जमानामा पुरुषप्रधान समाजमा आफ्नो पहिचानका लागि सङ्घर्ष गरिरहेकी मेरी एक्लै आठ सन्तान हुर्काइरहेकी थिइन् । इस्वी संवतको १९ औँ शताब्दीको आयरिस समाजमा यसरी एक महिलाले आठ बालबालिका हुर्काउनुपर्ने कुरा उपहास नै थियो ।**

अटोमोबाइल दुर्घटनामा परेर मर्ने विश्वको पहिलो व्यक्तिका रूपमा मेरी वार्ड चिनिन्छिन् । सन् १८६९ मा उनका भाइले वाष्पशक्तिबाट चल्ने एउटा कार बनाएका थिए । मेरी र उनका पति हेनरीले सन् १८६९ अगस्त ३१ मा सो कारमा यात्रा गरिरहँदा पर्सन्सटाउनमा एउटा मोडमा मेरी कारबाट खसिन् र पाङ्ग्रामुनि परिन् । दुर्घटनामा परेकी उनको तत्कालै मृत्यु भयो ।

नजिकै बस्ने एक चिकित्सक तत्कालै घटनास्थलमा आइपुगे र उनले मेरीको कानबाट रगत बगिरहेको, घाउ भएको देखे । घातक चोटले गर्दा मेरीको गर्धनको हड्डी नै भाँचिएको पाइयो । के विश्वास गरिन्छ भने यस दुर्घटनापछि शोकाकुल परिवारले सो कार नष्ट गरेको थियो ।

आयरल्यान्डमा मेरी एक उदीयमान प्रकृतिविद् र खगोलशास्त्री थिइन् । उनले सूक्ष्मदर्शक यन्त्रका माध्यमबाट वनस्पति र जीवजन्तुको अनुसन्धानमा लामो समय बिताइन् । यिनै अनुसन्धानमा आधारित एउटा पुस्तकसमेत उनले प्रकाशित गरेकी पनि थिइन् । जसमा जीवजन्तु र वनस्पतिका बारेमा रेखाचित्रसहित विस्तृत जानकारी दिएकाले पाठक र साथीभाइमाझ यो पुस्तक लोकप्रिय भयो । सन् १८६९ अगस्तमा मेरीलाई बिदा मनाउनुपर्ने भयो । उनी

दुब्ली तथा थेप्चो नाक र घनाबाल भएकी महिला थिइन्। भिक्टोरियन जमानामा पुरुषप्रधान समाजमा आफ्नो पहिचानका लागि सङ्घर्ष गरिरहेकी मेरी एक्लै आठ सन्तान हुर्काइरहेकी थिइन्। इस्वी संवतको १९ औँ शताब्दीको आयरिस समाजमा यसरी एक महिलाले आठ बालबालिका हुर्काउनुपर्ने कुरा उपहास नै थियो। यस कारण जब मेरी हार मान्ने अवस्थामा पुगिन् उनले एक दिन डब्लिनको पश्चिममा अवस्थित मिडल्यान्डमा रहेको आफ्नो भाइको महलको भ्रमणमा निस्किइन्।

यात्राका क्रममा मेरीका प्रकृतिवादी नजरले शानदार र हरियालीले परिपूर्ण सुन्दर पहाड नियाल्यो। राति धेरै नै बदली हुने भएकाले आयरल्यान्डको आकाश खगोल विज्ञानका लागि त्यति अनुकूल मानिँदैन तर पनि भाइको महलमा भएको विश्वको एउटा ठूलो टेलिस्कोपबाट आकाश नियाल्न पाइने सोचेर उनी औधी उत्साहित थिइन्। त्यस महलमा जलवाष्प शक्तिले चल्ने एउटा कार पनि थियो।

सन् १८६० को दशकमा अटोमोबाइल सामान्यतया ठूला खेलौना जस्ता हुन्थे। मानिसले आफ्नो ग्यारेजमै बनाउँथे। केही गम्भीर र नयाँ काम गर्न खोज्नेहरू चाहिँ नौला इन्जिन बनाउने कोसिसमा लागिरहन्थे। यस कारण महलमा रहेका कसैले घरमै निर्मित थोत्रो कारमा घुम्न जाने हो भन्दा वैज्ञानिक कार्यमा लागेकी मेरीले त्यसलाई अवसरका रूपमा लिइन्।

आयरल्यान्डमा घमाइलो दिन कमै हुन्छ र त्यसपछि मज्जाले घाम लागेको थियो। हरियालीले छाएको नगर, सुस्केरा मार्दै घुमफिर गरिरहेका मानिसको दिमागमा कालको चित्र थिएन। त्यस समयमा मानिसले कारलाई खेलौनाका रूपमा लिन्थे र ती खेलौना निकै खतरनाक थिए। दुःखको कुरा त्यही खेलौना मेरीको जीवन अन्त्य गर्न पर्याप्त भयो। हेदौँहेर्दै मेरीले आफू सवार खेलौनाको पाङ्ग्रामा किचिएर ज्यान गुमाउनु पऱ्यो।

मनमोहक मौसममा कारमा सवार भएर घुम्न निस्केकी ४२ वर्षीय मेरीको दुर्घटनामा इहलिला समाप्त त भयो तर इतिहासमा उनी अटोमोबाइल दुर्घटनामा मर्ने पहिलो मानिस भइन्। ■

*-युवामञ्च*

रुस र चीन क्षेत्रफलका आधारमा विश्वका दुई विशाल देश हुन्। सम्पूर्ण चीन नै रुसमा अटाउने भए पनि दुवै देशको सिमाना १४-१४ देशसँग जोडिएको छ।

रुससँग सिमाना जोडिएका देश हुन्- अजरबैजान, बेलारुस, चीन, इस्टोनिया, फिनल्यान्ड, जर्जिया, कजाखस्तान, लात्भिया, लिथुआनिया, मङ्गोलिया, उत्तर कोरिया, नर्वे, पोल्यान्ड र युक्रेन।

यसै गरी अफगानिस्तान, भुटान, भारत, कजाखस्तान, किर्गिस्तान, लाओस, म्यान्मार, मङ्गोलिया, नेपाल, उत्तर कोरिया, पाकिस्तान, रुस, ताजिकिस्तान र भियतनामसँग चीनको सिमाना जोडिएको छ। ■

*-युवामञ्च*

काजीको कलम

# विपत्को साक्षी : भूगोलपार्क

नयाँ सडक क्षेत्रको सानो र आकर्षक उद्यान हो 'भूगोलपार्क'। काठमाडौँ महानगरपालिका-२२ मा पर्ने यो पार्क र न्यूरोड पिपलबोट जमघटका लागि चर्चित छन्।

भूगोलको अर्थ पृथ्वी र पार्कको अर्थ उद्यान भन्ने बुझिन्छ। पृथ्वीको आकृतिसहितको उद्यान भएकाले यसको नाम भूगोलपार्क राखिएको इतिहास छ तर भूगोलपार्क स्थापनाको कथा भयानक विपत्को घटनासँग जोडिएको छ।

१९९० साल माघ २ गते दिउँसो २ बजे आएको ८.२ रेक्टर स्केलको भूकम्प (महाभूकम्प) ले धेरै ठूलो क्षति पुऱ्याएपछि तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले स्मारक राख्न भूगोलपार्क निर्माण गराएका थिए।

त्यस महाभूकम्पमा १६ हजार ८७५ जनाको मृत्यु, तीन हजार ३११ जना घाइते, तीन लाख ६८ हजार घर भत्केपछि त्यसको सम्झनामा १९९५ सालमा पार्क निर्माण गरी भूकम्प स्मारक तयार पारिएको थियो।

छ वटा कोणको गोलाकार स्मारकमा प्रधानमन्त्री जुद्धशमशेरको भाषण समेटिएको छ। भूकम्प पीडितोद्धार संस्था तथा कोषको स्थापना, राहत वितरण गर्न लिएको निर्ब्याजी ऋण, विभिन्न स्वदेशी तथा विदेशी दाताबाट प्राप्त सहयोग रकमसहितको विवरण उल्लेख गरिएको छ। यस स्मारकको शिरमा बुद्धको पाँच सय वर्ष पुरानो मूर्ति राखिएको छ।

यस मूर्तिको मुनि पृथ्वीको आकृति छ। पृथ्वीमाथि भगवान् बुद्धको पद्मासनको मूर्ति राख्दा भूकम्प जस्ता विपत्बाट जोगिन सर्वसाधारणमा आत्मबल बढ्ने र डर, त्रासबाट मुक्ति पाइने विश्वास रहेको सम्पदा संरक्षक पद्म श्रेष्ठको भनाइ छ। स्मारकको आधारमा पनि गोलाकार शैलीको विश्रामस्थल बनाइएको छ। पृथ्वीमा जसरी तीन भाग पानी र एक भाग जमिन छ त्यसै विम्ब दिने गरी स्मारकको आधार निर्माण गरिएको छ।

सङ्कटा क्लबले सार्वजनिक शौचालय, विश्रामस्थल निर्माण तथा पशुपति माडवाडी सेवा सङ्घले नियमित रक्तदान र निःशुल्क खानेपानी व्यवस्था भूगोलपार्कमा गरेका छन्। अचेल मौलिक पहिरन लगाएर फोटो, भिडियो खिच्नेहरूको यहाँ बाक्लो उपस्थिति रहन्छ।

यसको रेखदेख तथा सुरक्षाका लागि एक जना अवकाशप्राप्त सैनिक कर्मचारी खटिने गरेका छन्। उनी त्यहाँ जथाभाबी फोहोर गर्ने, अनावश्यक बिरुवा चलाउने र कुल्चिनेविरुद्ध खरो रूपमा प्रस्तुत हुने गर्छन्।

भूगोलपार्कको आडैमा पिपलबोट चौतारो छ। राजनीतिकर्मी र साहित्यकारको बाक्लो जमघट हुने नयाँ सडकको पिपलबोट चौतारोमा पहिलेको जस्तो सर्वसाधारणको उपस्थिति देखिँदैन। चौतारो वरिपरिका पत्रिका पसल हटेसँगै विगतको जस्तो रौनक त्यहाँ छैन।

भूगोलपार्कमा मुख्य र सहायक गरी दुइटा प्रवेशद्वार छन्। धर्मपथतर्फको प्रवेशद्वार बन्द गरी त्यसको विकल्पमा पिपलबोटतर्फ वैकल्पिक ढोका राखिएको छ। नयाँ सडकतिरको प्रवेशद्वार खुला रहने गर्छ। पहिले यो उद्यान सबै दिन खुला हुँदैनथ्यो। महाभूकम्पमा परी ज्यान गुमाएकाहरूको सम्झनामा स्थापना गरिएकाले राष्ट्रिय भूकम्प दिवस अर्थात् माघ २ गते मात्र यसलाई खुला गरिन्थ्यो।

कामनपा-२२ का वडाध्यक्ष चिनीकाजी महर्जनका अनुसार भूगोलपार्क सर्वसाधारणका लागि खुला गरिएपछि आकर्षण बढेको छ। भूगोलपार्क सार्वजनिक स्थानमा निर्माण भएको नेपालको पहिलो र पुरानो पार्क हो।

त्यसअघि हनुमानढोका दरबार, नारायणहिटी दरबार, सिंहदरबारलगायत राणाहरूको दरबारमा मात्र यस्ता उद्यान निर्माण गरिन्थे। भूगोलपार्कमा रहेका वनस्पति नेपालका विभिन्न भूभागबाट ल्याएर रोपिएका हुन्।

यसलाई नेपालको इतिहास बोकेको बगैँचाका रूपमा लिने गरिन्छ। भूगोलपार्क यस कारण पनि विशेष छ, मल्लकालीन न्यूरोड गेट, पहिलो अखबार गोरखापत्र, पहिलो कालोपत्रे नयाँ सडक (न्यूरोड), पहिलो चलचित्र घर जनसेवा, पहिलो बैङ्क नेपाल बैङ्क लिमिटेड, चोकमा पहिलो सालिक जुद्ध सालिक, जुद्धवारुण यन्त्र आदि महत्त्वपूर्ण सम्पदा यस क्षेत्रमा रहेका छन्। ■

*-देवबहादुर कुँवर*

# सामूहिकतामा विश्वास गर्ने चेपाङ



अतिसीमान्तकृत आदिवासी जनजातिका रूपमा सूचीकृत चेपाङको मूल थातथलो धादिङ, चितवन, मकवानपुर र गोरखा जिल्लामा छ। तथापि बसाइँसराइका कारण २६ भन्दा बढी जिल्लामा चेपाङ जातिको बसोबास फैलिएको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले सूचीकृत गरेका ५९ जातिमा चेपाङलाई अतिसीमान्तकृत सूचीमा राखेको छ। २०६८ सालको जनगणना अनुसार उनीहरूको जनसङ्ख्या ६८ हजार नौ सय रहेको थियो। २०७८ सालको

दीपक श्रेष्ठ

**मासु खुबै रुचाउने चेपाङ जातिको मकवानपुर जिल्लाको कटुञ्जे, राक्सीराङ, काकडा र डाँडाखर्कमा बसोबास रहेको छ ।**

जनगणनामा चेपाङको जनसङ्ख्या ८४ हजार ३६४ पुगेको छ। यसमा महिला ४१ हजार ६०६ र पुरुष ४२ हजार ७५८ रहेका छन् । यस तथ्याङ्कले उनीहरूको जनसङ्ख्या बढ्दो अङ्कमा रहेको देखाउँछ ।

त्रिभुवन विश्वविद्यालयद्वारा 'चेपाङ संस्कृति' का बारेमा जुन १९७१ मा प्रकाशित लेखलाई आधार मान्दै सूचना विभागद्वारा २०३१ सालमा प्रकाशित मेची महाकाली (भाग २) मा चेपाङ जातिबारे चर्चा गरिएको छ। सो लेखमा 'चेपाङ जाति तन्त्र-मन्त्रमा पूरा विश्वास राख्छन्' भनिएको छ। चेपाङ जाति पाएसम्म जडीबुटी, कन्दमूल खाई गुजारा गर्ने र पहाडी भिरालो जग्गामा बस्न रुचाउने भनेर सो पुस्तकमा उल्लेख गरिएको छ। पुस्तकमा लेखिएको छ, मासु खुबै रुचाउने चेपाङ जाति मकवानपुर जिल्लाको कटुञ्जे, राक्सीराङ, काकडा र डाँडाखर्कमा बसोबास रहेको छ।

सूर्यमणि अधिकारीले 'चितवन जिल्लाका चेपाङहरू र उनीहरूको स्थानीय नेतृत्वको स्वरूपबारे एक अध्ययन (२०३४)' मा "हेर्नमा साह्रै सरल, सोझा, साधारण र बोल्नमा रसिला यी जाति आफूलाई आर्य सम्झन्छन् तर आकृतिको दृष्टिले मङ्गोल जस्ता देखिन्छन्," भनिएको छ। उनले सो अध्ययनमा "चेप्टो अनुहार, नेप्टो नाक, छोटो कद र अन्य मङ्गोलभन्दा केही काला देखिन्छन्। कसैको मगरसँग र कसैको थारूसँग अनुहार मिल्दोजुल्दो भेटिन्छ," भनी लेखिएको छ।

भोजराज थपलियाले 'चेपाङ जाति एक परिचय' (२०४४) मा "आफूलाई चेपाङ भन्नुभन्दा प्रजा शब्दले पुकारेको सुन्न यिनीहरू रुचाउँछन्," भनी उल्लेख गरेका छन्। उनले पुस्तकमा मिकाइलोभस्की र मजौवनका अनुसार सन् १९२४ मा दास प्रथा उन्मूलन भएपछि पहिले दास सरह व्यवहार गरिएका अति पिछडिएका अल्पसङ्ख्यक जनजातिलाई प्रजा शब्द प्रयोग गरिएको थियो। जस अनुसार चेपाङलगायत कुसुन्डा, दरै, कुमाल, माझी र थामीलाई पनि प्रजा शब्द प्रयोग गरिन्छ, भनेर किटान गरेको पाइन्छ।

राममणि ढुङ्गेलले 'चेपाङ समुदाय र संस्कृति' (२०५१) पुस्तकमा, "धेरै समयको अन्तरालपछि मात्र खेती थालेकाले अन्य टाठाबाठा जातिले उब्जाउ जग्गा आफ्नो अधीनमा पारिसकेपछि भिर, पाखा र खोरिया जग्गा मात्र यिनीहरूको हातमा परेको जस्तो देखिन्छ, जसले गर्दा यिनीहरूमा गरिबी व्याप्त छ," भनेका छन्।

आदिवासी जनजाति अध्ययन (२०७९) मा कुमार यात्रु तामाङले 'जैविक खाद्यस्रोतमा निर्भर आदिवासी चेपाङ ज्ञान' शीर्षक लेखमा, "चेपाङहरूको जीविका र उनीहरूको संस्कृतिका आधारमा कृषि युगमा प्रवेश गर्दै गरेका मानव समुदाय मान्न सकिन्छ। वनमा उत्पादन हुने वनजन्य खाद्यस्रोतमा निर्भरता हुने विशेषता चेपाङ समुदायमा पाइन्छ," भनेका छन्।

उनका अनुसार चेपाङले वनजन्य सागसब्जीमा सिस्नु (नेलाउ), वनमकै (मालकागुनो), बेथुको साग (युन्छा), कागुनो (आइम), सामा (साङ) आदि वनस्पतिलाई खाद्यका रूपमा प्रयोग गर्ने गरेका छन्। निगुरो टाँकीको साग पनि चेपाङ सागपातमा पर्छन्। खोला, नदी तथा खोल्सामा पाइने जलचरको शिकार गर्ने उनीहरूको अर्को परम्परा हो। उनीहरू गङ्गटा, माछा, चेपा आदि जलचरको शिकार गरेर खाने गर्छन्।

## को हुन् चेपाङ ?

मानवशास्त्री डोरबहादुर विष्ट (२०३०) ले चेपाङहरू मङ्गोल वर्णका भएको हुँदा पूर्वका राई र लिम्बूसँग नजिक सम्बन्ध भएको बताएका छन्। बेलायती नागरिक हड्सन् (१९४८) ले चेपाङलाई भग्न जाति र भाषिक आधारमा भुटानका ल्होपाज जस्तै हुन् भनेको देखिन्छ। तथापि केही चेपाङ आफूलाई राम लक्ष्मणका सन्तान भएको किंवदन्ती सुनाउँछन्।

रामायणमा राम र सीताका दुई छोरा लव र कुशमध्ये लवको सन्तान लहरी हुँदै चेपाङ भएको र कुशको सन्तान कुसुन्डा भएको मान्यता केही चेपाङमा रहेको छ। यस धारणाप्रति मानवशास्त्री सहमत छैनन्। तथापि चेपाङ को हुन् र कहाँबाट आए भन्ने सन्दर्भमा अझै निक्योंल हुन नसकेको विषय बनेको छ।

चेपाङ जातिमा मुख्य गरी कछारे र पुकुन्थली दुई थरी जातथर पाइन्छ। कछारेहरू आफूलाई सुन प्रजा भन्न मन पराउँछन्। चेपाङमा 'च' को अर्थ कुकुर र 'पाङ' को अर्थ धनुकाँण हुन्छ। चेपाङका घर घरमा कुकुर पाल्ने र धनुकाँणले शिकार खेल्ने हुनाले चेपाङ थर रहन गएको मान्यतासमेत रहेको छ।

केहीले चेपाङ नाम 'च्योवाङ' शब्दबाट आएको भन्ने पनि छन्। 'च्यो' भन्नाले टुप्पा वा माथि र 'वाङ' भन्नाले ढुङ्गा या चट्टान भन्ने अर्थ दिन्छ। यसरी चेपाङ या च्योवाङ शब्दले चट्टान वा पहाडमाथि बसोबास गर्ने जातीय समूह हो भनी बुझिने तर्कसमेत पाइन्छ।

## चेपाङ कि प्रजा

२०३४ सालमा तत्कालीन राजा वीरेन्द्रले प्रजा विकास कार्यक्रम घोषणा गरेपछि चेपाङका रूपमा चिनिएका जाति 'प्रजा' का रूपमा चिनिन थालिए। यो कार्यक्रम आर्थिक वर्ष २०३५/३६ देखि मकवानपुर जिल्लामा सुरु भएको थियो। त्यसपछि चितवन, धादिङ र गोरखा जिल्लामा कार्यक्रम लागू गरिएको पाइन्छ। यस कार्यक्रमले चेपाङ जातिलाई 'प्रजा' का रूपमा चिनिन थालियो।

नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना (२०४७) पछि २०५५ सालमा नेपाल चेपाङ सङ्घ गठन हुन पुग्यो। सङ्घको स्थापनापछि 'प्रजा' भनिँदै आएकाहरू 'चेपाङ' जातिका रूपमा परिचय दिन थाले। नेपाल सरकारले पनि नागरिकतामा प्रजा भए चेपाङ लेख्न सकिने गरी नागरिकता दिन परिपत्र गरेको थियो।

केही चेपाङ अगुवाको धारणा के छ भने वनकरिया पनि चेपाङ हुन्। तथापि वनकरिया जातिले यो तर्क स्वीकार गर्दैनन्। वनकरिया भनिनेले यस पहिचानलाई अस्वीकार गरेको पाइन्छ। उनीहरू आफूलाई 'च्योवङ' भएको दाबी गर्न थालेका छन्। २०७९ साल कात्तिक २६ गते हेटौँडामा आयोजित पत्रकार सम्मेलनमा 'च्योवङ राष्ट्रिय परिषद्' गठन भएको जानकारी दिइएको थियो।

## छोनाममा रमाउने

चेपाङ जातिले छोनाम (न्वाँगी) पर्व विशेष रूपमा मनाउँछन्। राममणि ढुङ्गेलले 'चेपाङ समुदाय र संस्कृति' पुस्तकमा 'चोनाम' भनेका छन्।

हरेक वर्ष भदौ २२ गते मनाइने छोनाममा सार्वजनिक बिदा दिने गरिएको छ। बागमती प्रदेश सरकारको २०७८ साल चैत ९ गतेको निर्णय अनुसार चेपाङ बाहुल्य मकवानपुर, चितवन र धादिङ तीन जिल्लामा बिदा दिने गरिएको छ। भदौ पूर्णिमाका दिन चेपाङ समुदायले घर घरमा न्वाँगी मनाउने गरिएको थियो।

नयाँ अन्नपात र फलफूल पितृलाई नचढाई खान हुन्न भन्ने धार्मिक मान्यता चेपाङ समुदायमा छ। त्यसरी नयाँ अन्नपात र फलफूल पितृलाई चढाउने र नयाँ अन्न खाने दिन नै छोनाम हो। छोनाम पर्वमा घैया धानको चामल, पिँडालु, निबुवालगायत अन्न र फलफूल भूमि र पितृलाई चढाउने गरिन्छ।

छोनाममा भोज खाने, रातभर नाचगान गरेर रमाइलो गर्ने चलन छ। प्रकृति पूजक चेपाङले सिमेभूमे पूजासमेत गर्छन्। खेतीबाली लगाउनुअघि भूमिपूजा र मकैबाली पाकिसकेपछि सबैभन्दा पहिलो नजिकैको थानीभूमिलाई चढाउने चलन छ। ज्येष्ठ पूर्णिमालाई चेपाङ जातिले विशेष रूपमा मनाएको पाइन्छ।

राममणि ढुङ्गेल (चेपाङ समुदाय र संस्कृति, २०५१) का अनुसार ज्येष्ठ पूर्णिमा पर्वका लागि कुखुराको पनि व्यवस्था गर्नु पर्दछ किनकि यस पर्वको महत्त्व विशेषगरी कुखुराको भोग लगाएर देवीदेवता पुज्नु वा खुसी पार्नुमा रहेको देखिन्छ। पूर्णिमाको दिन यिनीहरू कालिका, मालिका आदि देवी र गैडुको स्थानमा कुखुरा बलि दिने गर्छन्। यसै सिलसिलामा आफ्नो गच्छे अनुसार देवीको मन्दिरमा कुखुरा लगेर काट्ने समेत गरिन्छ।

यसका साथै कोठसाइ र गैडुलाई पनि कुखुराको भोग दिनु पर्दछ। यसबाहेक यिनीहरूले आफ्ना आइपरेका विभिन्न समस्या निवारणार्थ देवदेवीमा भोग चढाउँला भनी भाकलसमेत गरेका हुन्छन् सो अनुसार उक्त स्थानमा समेत अनिवार्य रूपमा भोग चढाउनुपर्ने हुन्छ र चढाउँछन् पनि।

अन्य जातिको सम्पर्क र प्रभावले दशैँ, तिहारमा पनि रमाउने चेपाङले साउने सङ्क्रान्तिलाई महत्त्वसाथ मनाउँछन्। अनिकालका दिन सकिएर सहकालको दिन आगमनको शुभारम्भको चाडका रूपमा चेपाङले साउने सङ्क्रान्ति मनाउँछन्। त्यस्तै माघेसङ्क्रान्तिलाई चेपाङ जातिले निराशाको पर्वका रूपमा मनाउने गरेको राममणि ढुङ्गेलले 'चेपाङ समुदाय र संस्कृति' (२०५१) मा उल्लेख गरेका छन्।

उनका अनुसार अभाव, अनिकाल र विभिन विपन्नताले ग्रसित चेपाङमा यो चाड मनाउने प्रक्रिया आफ्नै छ। विशेष गरी फागुनदेखि असारसम्म यिनीहरूलाई अनिकालले अँचेट्छ। एक किसिमले माघेसङ्क्रान्ति यिनीहरूका लागि अभाव र दुःखको सुरुवातको सङ्केत हो। यसैले यिनीहरू यो पर्व दुःखका रूपमा अर्थात् साउने सङ्क्रान्तिको ठिकविपरीत रूपमा मनाउँछन्।

**चिउरी फल खान र यसको गेडाबाट घिउ निकाल्न सकिन्छ। चिउरीको जङ्गल क्षेत्रमा माहुरीसमेत रमाउने भएकाले चेपाङका घरमा माहुरीका घारसमेत देखिन्छन्।**

विशेष गरी कान्द्राङखोला र ताल्तीखोलाका चेपाङमा यो पर्व मनाउँदा उत्साह र उमङ्ग होइन निराशा र हतोत्साहको भावना सलबलाएको पाइन्छ। आफ्ना छोरीबेटी र दिदीबहिनीलाई डाकेर विशेष भोज खान्छन् र खुवाउँछन्। चेपाङ जातिले देउकुल मान्ने पनि गर्छन्। उनीहरूको देउकुलमा सुँगुर बलि दिने गर्छन्।

## चेपाङ र चिउरी

चेपाङ बस्तीमा चिउरीका बोट प्रशस्त पाइन्छ। चिउरी बहुउपयोगी पनि छ। यसको घाँस गाईवस्तुलाई

खुवाउन उपयोगी मानिन्छ। चिउरी फल खान र यसको गेडाबाट घिउ निकाल्न सकिन्छ।

चिउरीको जङ्गल क्षेत्रमा माहुरीसमेत रमाउने भएकाले चेपाङका घरमा माहुरीका घारसमेत देखिन्छन्।

त्यसैले चेपाङले बिहेमा छोरीलाई चिउरीको बिरुवा दाइजो दिने चलनसमेत रहेको छ।

आदिवासी जनजाति अध्ययन (२०७९) मा कुमार यात्रु तामाङले लेखेका छन्, "सामान्यतयाः चिउरीको रुखमा बास बस्ने चमेराको शिकार गर्ने चेपाङ ज्ञान रहेको छ। यसलाई पासोमा पार्ने विशेष सिप उनीहरूले प्रदर्शन गरेका छन्। यसैले चेपाङ, चिउरी र चमेराको विशेष सम्बन्ध रहेको भनाइ चेपाङ समाजमा प्रचलित छ।"

चेपाङ भाषामा चिउरीलाई 'योसी' भनिन्छ। चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८० समेत तयार पारिएको छ।

## भाषा, धर्म र संस्कृति

चेपाङ जातिको आफ्नै भाषा, वेशभूषा, संस्कृति र चालचलन छन्। उनीहरूसँग परम्परागत ज्ञान र सिप छ। तथापि उनीहरूको लिपी पाइएको छैन। ध्रुव अधिकारीले सङ्कलन तथा सम्पादन गरेको 'चेपाङ सङ्क्षिप्त शब्दकोश आधारभूत व्याकरण' (२०७३) प्रकाशित छ। आर्थिक, सामाजिक, राजनीतिक रूपमा पिछडिएको चेपाङ जाति धर्म परिवर्तनको डरलाग्दो चपेटामा परेको छ।

चेपाङ जातिमा सामूहिक रूपमा माछा मार्न जाने 'बाहाबिस' संस्कृति पनि छ । त्यसका लागि स्थानीय वनस्पतिको प्रयोग गरी विषसमेत बनाउँछन्। उनीहरूले माछा मार्ने कार्यलाई एउटा उत्सवकै रूपमा मनाउने गरिएको पाइन्छ। माछा मार्न जाने दिनको टुङ्गो गरिएपछि महिला, पुरुष, बालबालिका सबै रमाइलो गर्दै खोलामा पुग्छन्।

तथापि व्यक्तिगत रूपमा पनि चेपाङले हथौडी, बल्छी, जाल र ढडिया प्रयोग गरी माछा मार्ने गर्छन्। त्यसै गरी उनीहरूमा सामूहिक शिकारमा जाने संस्कृतिसमेत छ। सामूहिक शिकारमा जानुअघि गुरुले विधिपूर्वक तयारी गर्छन्। शिकार गरेपछि पनि गुरुले देवीदेवतासँग क्षमा माग्दै आगामी दिनमा पनि सजिलै यसै गरी शिकार परोस् भनेर पूजाप्रार्थना 'सेवामरु' गर्छन्।

**चेपाङ जातिको आफ्नै भाषा, वेशभूषा, संस्कृति र चालचलन छन्। उनीहरूसँग परम्परागत ज्ञान र सिप छ। तथापि उनीहरूको लिपी पाइएको छैन।**

चेपाङ समुदायमा लोकसाहित्य र लोकसङ्गीतको प्रभाव ज्यादै छ। उनीहरू चाडपर्व, मेलापातमा आफ्नै शैलीका लोकलयका भाका हाल्छन्। युवकयुवतीबीच ठट्टामस्की र प्रेममय दोहोरी गाउने चलन पनि यो समुदायमा छ। मागेर र मन मिलेपछि भागेर बिहेवारी गर्ने चलन यो समुदायमा छ। मेलापर्व वा मेलापात जाँदा केटाले केटीलाई फकाउँदै यसरी लोक भाका गाउँछन्,

*आहमै भूमि दिङ् आहमै सिमै दिङ्*
*नाङको राजा काई नाङको रानी काइ*
*नौलाङ गाम्बैची भूमि गाम्बैची दिङ्*
*आहमै देवी दिङ सात देवीइ*
*मन भूङको भूङ चित्त भूङको भूङ*
*देवी भूबैची पठै भूबैची।* ■

# RIPLEY'S Believe It or Not!



टायर (Tire) शब्दको उत्पत्ति भटायर (Attire) शब्दबाट भएको हो किनभने त्यतिबेला सजाइएका पाङ्ग्रा (टायर) हुन्थे ।

पृथ्वीमा स्लो लोरिसलाई एक मात्र विषालु स्तनधारी मानिएको छ ।



सहारा मरुभूमिको १.२ प्रतिशत भाग मात्र सोलार प्यानलले ढाक्न सकिएमा सैद्धान्तिक मान्यता के छ भने विश्वलाई एक वर्ष पुग्ने विद्युत् उत्पादन गर्न सकिने छ ।

**डिजिटल दुनियाँको 'गोल्ड रस' सुनचाँदीको होडबाजीभन्दा बेग्लै छ । हामी देख्न सक्छौँ आमव्यक्तिलाई सुनचाँदीकै महत्त्व छ तर विकसित राष्ट्र वा डिजिटल संसारका खेलाडीले राम्ररी बुझेका छन्– अग्रणी भइरहने हो भने दुर्लभ धातु वा तत्त्वहरूमा आफ्नो अटुट पहुँच जरुरी छ ।**

■ उमेश ओझा

# प्रभुत्वको प्रतिस्पर्धामा नौलो 'गोल्ड रस'

अहिलेको डिजिटल दुनियाँमा बेग्लै 'गोल्ड रस' ले आदेशात्मक वा विश्व व्यवस्थामा फरक खालको 'बाध्यकारी हस्तक्षेप' को सूत्रपात त गर्ने होइन ? अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले छोटो अवधिमा जे जस्ता क्रियाशीलता देखाइरहेको छ त्यसबाट शताब्दीपहिलेको जस्तो होइन, आधुनिक युगमा बहुमूल्य धातुको अनिवार्य आभूषण सुशोभनको प्रलोभनबाट प्रेरित नभई शक्ति सञ्चय र प्रभुत्वका लागि भएको अनुमान लगाउन सकिन्छ ।

इस्वी संवत्को १९ औँ शताब्दीमा सुनचाँदी खोज्न

विश्वका केही क्षेत्रमा व्यापकस्तरमा अन्वेषण र जमिन खोतल्ने होडबाजी नै चलेको थियो। जसलाई इतिहासले विख्यात 'गोल्ड रस' भनेको छ। मानिसबीच सुरुमा आभूषणका अवयव सुन र चाँदी जस्ता बहुमूल्य धातु खोज्न तछाडमछाड भयो तर औद्योगिक क्रान्ति सुरु भइसकेको तथा वैज्ञानिक आविष्कार र चेतनाले स्थान लिन थालिसकेका कारण चाँडै नै अन्य खालका धातुको खोजीसमेत हुन थाल्यो। त्यतिबेला विभिन्न खालका प्रविधि विशेष गरी 'अप्टिक्स' र 'इलेक्ट्रोनिक्स' का लागि सेरियम, लान्थेनम, अर्बियम आदि धातुसमेत खोजिन थालिएको थियो। तत्पश्चात् 'गोल्ड रस' शब्दावलीले यस्ता धातुलाई समेत चिनाउन थाल्यो।

डिजिटल दुनियाँको 'गोल्ड रस' सुनचाँदीको होडबाजीभन्दा बेग्लै छ। हामी देख्न सक्छौँ आमव्यक्तिलाई सुनचाँदीकै महत्त्व छ तर विकसित राष्ट्र वा डिजिटल संसारका खेलाडीले राम्ररी बुझेका छन् अग्रणी भइरहने हो भने दुर्लभ धातु वा तत्त्वहरूमा आफ्नो अटुट पहुँच जरुरी छ। चाहे त्यसका लागि वैरभाव वा लोकलज्जा वा हस्तक्षेपकै कुरा किन नहोस्, ट्रम्प प्रशासनसरह। महाशक्तिशाली बन्ने आफ्नो अनिवार्य परिपूर्तिका लागि केही यस्ता अपिरिहार्य धातु वा तत्त्व शक्ति राष्ट्रहरूले प्राथमिकता सूचीमा राखेका छन् जो पृथ्वीमा उपलब्ध त छन् तर सहज र सर्वत्र आवश्यक मात्रामा उपलब्ध छैनन्। यी तत्त्वबिना अहिलेको डिजिटल संसार अगाडि बढ्न सक्दैन, बजारका विद्युतीय गाडी चल्ने छैनन्, अझ भनौँ जिन्दगी पश्चगामी हुन सक्छ। शक्ति सञ्चयका लागि क्षेप्यास्त्र, परमाणु हातहतियार तथा टेलिस्कोप, रकेट, भूउपग्रह सबैलाई यी तत्त्व नभई हुँदैन। विद्युतीय र हाइब्रिड गाडीमा समेत यी धातु अनिवार्य नै छन्।

यस कारण वर्तमान विश्वमा विकसित र शक्ति राष्ट्रबीच 'रेयर अर्थ इलिमेन्ट्स' अर्थात् पृथ्वीमा दुर्लभ मानिएका तत्त्वमा आफ्नो अधिकतम पहुँच राख्न जोडदार प्रतिस्पर्धा छ। 'रेयर अर्थ इलिमेन्ट्स' मा १७ वटा यस्ता रासायनिक तत्त्व छन् जसको उपयोग टेलिभिजन, मोबाइल फोन, ल्यापटप, कार, क्यान्सरको उपचार गर्ने औषधि, परमाणु भट्टीको सुरक्षाकवच, विमानको इन्जिन तथा उन्नत हातहतियारमा भइरहेको छ। आफ्नो विशिष्ट चुम्बकीय र सुचालक गुणले गर्दा यी तत्त्वले प्रविधिलाई चुस्त, सबल, हलुका र प्रभावकारी बनाउँछन्। यी तत्त्वबिना अहिलेको सूचना प्रविधि र अन्य प्रविधिको कल्पना गर्न सकिँदैन।

## बढ्दो माग

'वर्ल्ड मिटिओरोलोजिकल अर्गनाइजेसन' को अनुमान छ, यदि सन् २०५० सम्म शून्य कार्बन उत्सर्जन प्रक्षेपपथमा अग्रसर हुने हो भने विश्वले नवीकरणीय ऊर्जामा लगानी तेब्बर बनाउनुपर्ने छ। यस्तै जैव इन्धनबाट विश्वलाई स्वच्छ प्रविधि उन्मुख बनाउन सन् २०३० सम्म नै तामा, लिथियम, निकेल, कोबाल्ट र अन्य धातुको उत्खनन तेब्बर बनाइसक्नुपर्ने आवश्यकता सन् २०२४ को एउटा अनुसन्धान प्रतिवेदनमा औँल्याइएको थियो। मागको कुरा यतिमै सीमित छैन। जुन प्रकारले प्रविधिको विकास भइरहेको छ तथा मागमा आइरहेको विविधीकरण र विकाससँगै देखा परिरहेको विनाशका सङ्केतलाई हेर्दा माग सम्बोधन र समस्या न्यूनीकरणका लागि आगामी दुई दशकमा विश्वमा तामा र 'रेयर अर्थ इलिमेन्ट्स' को उत्पादन ४० प्रतिशतले, निकेल र कोबाल्टको उत्पादन ६०-७० प्रतिशतले र लिथियमको उत्पादन ९० प्रतिशतले वृद्धि हुनुपर्ने आवश्यकता छ।

इन्टरनेसनल इनर्जी एजेन्सीका अनुसार सन् २०३० सम्म आवश्यक खनिज तत्त्वको अनुमानित माग परिपूर्ति गर्न व्यापकस्तरमा तिनको उत्खनन गरिनुपर्ने छ। साथै सन् २०३० सम्म विश्वले निर्धारण गरेको शून्य कार्बन उत्सर्जनको लक्ष्यमा पुग्न लिथियमका ५०, निकेलका ६० र कोबाल्टका १७ खानी सञ्चालनमा ल्याइनुपर्ने देखिन्छ।

## विश्व व्यापारको रूपान्तरण

'रियर अर्थ इलिमेन्ट्स' का नयाँ उपयोगिता विकसित भइरहँदा विश्व अर्थव्यवस्थामा आएको रूपान्तरणले 'रियर अर्थ इलिमेन्ट्स' को उत्पादन तथा अत्याधुनिक उत्पादनका क्षेत्रमा समेत परिवर्तन ल्याएको छ। इस्वी संवत्को २० औँ शताब्दीमा अमेरिका मालवस्तु निर्यातमा अग्रणी

थियो । द्वितीय विश्वयुद्धपछिका दशकमा अमेरिकी सरकार अमेरिकी उत्पादकका लागि विदेशी बजार खुला गर्न अन्तर्राष्ट्रिय बजार सम्झौतालाई प्रवर्धनमा लग्यो । विश्वका सरकारले व्यापारका अवरोध कटौती गर्दा तथा वैश्विक पारवहन र सञ्चारमा खर्च कम हुन जाँदा उत्पादक कम्पनी ती क्षेत्रमा आफ्ना उद्योग स्थापना गर्न थाले जहाँ उत्पादन लागत कम हुन्छ ।

सन् १९८० को दशकमा सुरु भएर १९९० को दशकमा यस प्रवृत्तिले तीव्रता लिएको थियो । एसियामा जापान, हङकङ, सिङ्गापुर, ताइवान र दक्षिण कोरियाले आफूसँग तुलनात्मक रूपमा थोरै प्राकृतिक ऊर्जा स्रोत वा 'रेयर अर्थ इलिमेन्ट्स' भएकाले विश्व बजारमा आफूले निर्यात गर्ने मालवस्तुका लागि विश्वका अन्य क्षेत्रबाट कच्चा 'रेयर अर्थ इलिमेन्ट्स' आयात गर्न थाले । चीनले समेत खुला बजार नीति अपनाएका कारण त्यहाँ सस्तो श्रमशक्ति, खनिज तत्त्वको पर्याप्त र सहज उपलब्धताले गर्दा विश्वका ठूला कम्पनीले धमाधम आफ्नो उद्योग त्यहाँ स्थापना गरेका थिए ।

## भूराजनीति

न्युजविक पत्रिकाले लेखेको छ, 'रेयर अर्थ इलिमेन्ट्स' विभिन्न भूराजनीति विवादको केन्द्र बनेको छ । जसको एक प्रमुख पात्र हुन्

## सन् २०१२ को तनाव

तेलको मूल्य वृद्धि, विश्वव्यापी तापक्रम वृद्धि, समुद्र अम्लीय हुन थालेको वा आर्थिक मन्दीका विषयमा व्यस्त विश्व समुदाय 'रेयर अर्थ इलिमेन्ट्स' को आपूर्तिमा आउन सक्ने व्यवधानले चिन्तित भएको थियो ।

पश्चिमी देशले यसमा चासो राख्नु आवश्यक पनि थियो किनभने सन् २०१२ पछि 'रेयर अर्थ इलिमेन्ट्स' उनीहरूलाई निकै दुर्लभ भएर त्यहाँको अर्थव्यवस्था, सुरक्षा र आधुनिक जीवनशैलीका अनेक कोणमा नराम्रो असर पर्ने अवस्था थियो ।

विशेष गरी अटोमोबाइल उद्योगले प्रत्येक वर्ष हजारौँ टन ती दुर्लभ तत्त्व प्रयोग गर्छन् । साथै सैन्य शक्ति आधुनिकीकरणमा पनि यी तत्त्वको व्यापक प्रयोग हुने गर्छ । वातावरणमैत्री भनिने अधिकांश 'ग्रिन टेक्नोलोजी' यी तत्त्वमै निर्भर छन् ।

विश्वमा यी तत्त्वको ९७ प्रतिशत आपूर्ति चीनका खानीबाट हुने गरेको पृष्ठभूमिमा चीनले सन् २०१२ पछि यी अति महत्त्वपूर्ण तत्त्व अन्य देशमा निर्यात नगर्ने तयारी गरेको थियो । जसले विकसित पश्चिमा देशहरू चिन्तामा परे ।

'रेयर अर्थ इलिमेन्ट' का विशेषज्ञ ज्याक लिफ्टनले वेबसाइटमा राखेको एक कार्यपत्रमा भनेका थिए, "एक वास्तविक सङ्कट नजिकिँदै छ । अमेरिका, ब्रिटेन र अन्यत्र । हामी अहिले नै जागेनौँ भने महासङ्कटमा फस्ने छौँ । चीनबाहेकका स्थानमा दुर्लभ धातुको स्रोत खोज्नु र आपूर्तिको व्यवस्था मिलाउनु नितान्त जरुरी भइसकेको छ ।"

तेलका लागि खाडी मुलुकमा निर्भर अमेरिका ऊर्जाका लागि चीनका धातुमा निर्भर रहेको विषयमा युएस न्युज एन्ड वर्ल्ड रिपोर्टमा कार्यपत्र प्रस्तुत गरिएको थियो । पछि विश्व व्यापार सङ्गठनको दबाबमा निश्चित कोटा र सर्तमा चीनले 'रेयर अर्थ इलिमेन्ट' निर्यात गर्ने भएको थियो ।

राष्ट्रपति ट्रम्प। उनले युक्रेनका प्राकृतिक स्रोतमा पहुँच पाएमा मात्र युक्रेनी सैन्य दललाई सहायता उपलब्ध गराउने भनिसकेका छन्। सैन्य सहयोगका लागि युक्रेनका खनिजमा अमेरिकाको पहुँचको कुरा भलै विगतमा उपलब्ध गराएको अर्बौं डलरको शोधभर्नाका लागि भनिए पनि यथार्थमा युक्रेनमा भएका 'रेयर अर्थ इलिमेन्ट्स' र अन्य रणनीतिक खनिज तत्त्व अमेरिकाको लक्ष्य भएको विश्लेषण गरिएको छ।

'रेयर अर्थ इलिमेन्ट्स' भन्नुस् वा 'रेयर अर्थ मिनरल्स', यसैका कारण हाल मध्य अफ्रिकी क्षेत्रमा अशान्ति छ र के पनि विश्वास गरिएको छ भने ग्रिनल्यान्डमाथि नियन्त्रण बनाउने ट्रम्पको चाहनासमेत यसैमा निहित छ।

पृथ्वीमा 'टेक्टोनिक प्लेट' हलचलका कारणले खनिज तत्त्व उत्खननका लागि अनुकूलता बन्दछ। केही क्षेत्र जस्तै अफ्रिकाको उत्तर र दक्षिणी भेगका साथसाथै दक्षिण अमेरिकाको पश्चिमी तटीय क्षेत्रमा 'रेयर अर्थ इलिमेन्ट्स' को भण्डार धेरै छ। यी क्षेत्रमा 'टेक्टोनिक प्लेट' धेरै नै सक्रिय रहेका छन्। दक्षिण अफ्रिकामा मूल्यवान् खनिज तत्त्वले देशको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको छ।

दी इन्डिपेन्डेन्ट्सले आफ्नो अनलाइनमा लेखेको छ, अमेरिकाका राष्ट्रपति ट्रम्पले युक्रेनसँग 'रेयर अर्थ मिनरल्स'

**अमेरिकाको इन्स्टिच्युट अफ जियोलोजीको वेबसाइटमा युक्रेनमा भएका महत्त्वपूर्ण खनिजका बारेमा यसरी जानकारी दिइएको छ, लान्थेनम र सेरियम टेलिभिजन र बिजुली बत्तीमा प्रयोग गरिन्छ, नियोडिमियमको प्रयोग पवनचक्की र विद्युतीय गाडीका ब्याट्रीमा हुन्छ तथा अर्बियम र इट्रियमको उपयोगिता त झन् परमाणु ऊर्जादेखि लेजरसम्म छ।**

बारेमा सम्झौता हुने दाबी गरेका छन्। जसबाट त्यस क्षेत्रमा शान्ति स्थापनार्थ यो एक महत्त्वपूर्ण पहिलो कदम हुने छ। युक्रेनका राष्ट्रपति भोलोमिर जेलेन्स्कीले सम्झौतामा हस्ताक्षर गर्ने आफ्नो चाहना अभिव्यक्त गरिएको पत्रले यस्तो सङ्केत गरेको भनाइ ह्वाइट हाउसको छ।

अमेरिकाले राम्रोसँग बुझेको छ युक्रेनमा 'रेयर अर्थ मिनरल्स' को राम्रो भण्डार छ। युरोपमा युक्रेन एक यस्तो देशको हो जहाँ महत्त्वपूर्ण खनिज तत्त्वको भण्डार धेरै छ। त्यहाँ कम्तीमा पनि ३७ प्रकारका खनिज तत्त्वको भण्डार रहेको र तीमध्ये लिथियम, टाइटेनियम र ग्रेफाइटको प्रचुरता बढी पाइएको छ। ती प्रायः उत्खनन गरिएकै छैनन्। 'इन्स्टिच्युट फर दी स्टडी अफ वार' ले गत फेब्रुअरीमा सार्वजनिक गरेको रिपोर्टलाई आधार मान्ने हो भने युक्रेनको १७ प्रतिशत खनिज भण्डार हाल रुसले कब्जा गरेको क्षेत्रमा रहेको छ। यसले केही हदसम्म रुसको स्वार्थसमेत सङ्केत गर्दछ।

अमेरिकाको इन्स्टिच्युट अफ जियोलोजीको वेबसाइटमा युक्रेनमा भएका महत्त्वपूर्ण खनिजका बारेमा यसरी जानकारी दिइएको छ, लान्थेनम र सेरियम टेलिभिजन र बिजुली बत्तीमा प्रयोग गरिन्छ, नियोडिमियमको प्रयोग पवनचक्की र विद्युतीय गाडीका ब्याट्रीमा हुन्छ तथा अर्बियम र इट्रियमको उपयोगिता त झन् परमाणु ऊर्जादेखि लेजरसम्म छ। युरोपेली सङ्घले गराएको अनुसन्धानबाट युक्रेनमा स्क्यान्डियमसमेत भएको सङ्केत मिलेको छ तर यसको थप जानकारी गोप्य राखिएको छ।

जेलेन्स्कीले आफ्नो देशमा भएका यी निकै महत्त्वपूर्ण

खनिज तत्त्वको विकास गर्ने कोसिस गरिरहेका छन्। फोर्ब्स् युक्रेनको उपलब्ध तथ्याङ्क अनुसार युक्रेनसँग भएका यस्ता खनिजको मूल्य १२ हजार अर्ब डलर बराबर छ।

## 'रेयर अर्थ इलिमेन्ट्स' को इतिहास

सन् १७८८ मा स्विडेनको इटरबाई खानीमा असामान्य कालो चट्टान फेला पर्दा त्यसलाई 'रेयर' भनियो किनभने यस्तो विचित्रको चट्टान पृथ्वीमा कहिल्यै फेला परेको थिएन। त्यो चट्टान अम्लमा घुलनशील थियो। सन् १७९४ मा रसायनशास्त्री जोन गाडोलिनले पहिले अज्ञात रहेको 'रेयर अर्थ' लाई त्यो फेला परेको नगरको नामबाट 'इट्रिया' नामकरण गरे। समय बित्दै जाँदा इटरबाई वरिपरिका खानीबाट निकालिएका चट्टानमा फेला परेका थप चार तत्त्वको नामसमेत नगरको नामसँग मिल्दोजुल्दो हुने गरी इट्रियम, इटर्बियम, टर्बियम र अर्बियम राखियो।

इस्वीको १९ औँ शताब्दीमा युरोपेली रसायनशास्त्रीका लागि पहिचान गरिएका नौला तत्त्व प्रतिष्ठित तर विवादास्पद कार्य थिए। सन् १८०३ मा जोन्स जेकब ब्रजिलियसले नयाँ तत्त्व खोजे र नाम राखे सेरियम। फेरि सन् १८२८ मा उनैले थोरियम पत्ता लगाए। सन् १८३९ मा स्विडेनकै रसायनशास्त्री कार्ल गुस्ताफ मोजान्डरले मिश्रित 'रेयर अर्थ' को व्यवस्थित विश्लेषण गर्दै लान्थेनम, अर्बियम र टर्बियम खोज गरेका थिए। जर्मनीको हाइडेलबर्गमा सन् १८८० मा

कार्ल आवर भन वेल्सबाखले 'रेयर अर्थ इलिमेन्ट्स' मा अनुसन्धान गर्दै डाइडिमियम खोज गरे। जसलाई सुरुमा यसलाई एक तत्त्व ठानियो तर वास्तवमा यो दुई 'रेयर अर्थ इलिमेन्ट्स' को मिश्र धातु थियो। पछि त्यसबाट उनले नियोडिमियम र प्रसियोडिमियम राखे। वेल्सबाखले आफ्नो खोजलाई व्यावसायिक प्रयोजनमा लग्ने विचार गरे र 'रेयर अर्थ इलिमेन्ट्स' लाई व्यावसायिक प्रयोजनमा ल्याउने उनी नै पहिलो वैज्ञानिक मानिन्छन्।

इस्वी संवत्को २० औँ शताब्दीमा परमाणु भौतिकशास्त्रमा उपयोगिता देखेर 'रेयर अर्थ इलिमेन्ट्स' को नयाँ वैज्ञानिक र भूराजनीतिक महत्त्व देखिन थाल्यो। सन् १९३९ मा अटो हान, लिज मिनर र फ्रित्ज स्ट्रासम्यानले युरेनियमको परमाणु विघटन विधि खोज गरेपछि 'रेयर अर्थ इलिमेन्ट्स' को महत्त्व चुलियो। अमेरिकाले म्यानहाटन प्रोजेक्ट नामबाट परमाणु बम बनाउने योजना अगाडि बढाइरहँदा अमेरिकाका प्रसिद्ध रेयर अर्थ रसायनशास्त्री फ्रान्क स्पेडिङलाई आइपर्ने समस्या समाधानका लागि नियुक्त गरेको थियो।

शीतयुद्धकालमा अमेरिका र सोभियत सङ्घबीच हतियार बनाउने होडबाजी चल्दा 'रेयर अर्थ इलिमेन्ट्स' को अनुसन्धानमा समेत ठूलो धनराशि खर्च गरियो। सन् १९६० को दशकमा अमेरिकी एयर फोर्सका अनुसन्धानकर्ताले समेरियम-कोबाल्ट चुम्बक बनाए। जसले अत्यधिक गर्मीमा समेत आफ्नो चुम्बकीय गुण कायम राख्ने भएकाले धेरै शक्तिशाली राडार उपकरण बनाउन अमेरिका सफल भयो। सोभियत सङ्कले समेत समेरियम प्रयोग गरेर अल्मुनियमलाई धेरै बलियो र हलुका बनाई सन् १९८० को दशकमा मिग-२९ लडाकु विमान बनाएको थियो। यस्तै इट्रियम-अल्मुनियम-गार्नेटबाट लेजर तयार पारेर 'लेजर गाइडेड' हतियार बनाइएका छन्।

सन् १९७० र १९८० को दशकमा ब्याट्री अनुसन्धानमा 'रेयर अर्थ इलिमेन्ट्स' को उपयोगिता खोजियो। जसबाट लान्थेनम र नियोडिमियम प्रयोग गरी निकेल-मेटल हाइड्राइट ब्याट्री बनाउन सफलता मिल्यो। सन् १९९० को दशकसम्म यस्तै ब्याट्री क्यामरामा प्रयोग गरिन्थ्यो र सन् २००१ मा टोयोटाले बजारमा ल्याएको हाइब्रिड कारमा समेत यही ब्याट्री प्रयोग गरिएको थियो। फाइबर अप्टिकलाई सम्भव र शक्तिशाली बनाउन होस् वा हाम्रो हात हातमा भएका मोबाइल फोनमा 'रेयर अर्थ इलिमेन्ट्स' नभई हुँदैन। मोबाइल फोनको सानो क्यामराको लेन्समा टेढोपना कम गर्न लान्थेनम तथा स्पिकरको ध्वनिको गुणस्तरीयता बढाउन नियोडिमियम प्रयोग गरिएको हुन्छ। साथै ऊर्जा किफायती स्क्रिनमा चम्किलो रङ देखाउन इट्रियम र अर्बियम प्रयोग गरिन्छ।

पृथ्वीमा 'रेयर अर्थ इलिमेन्ट्स' प्रचुर मात्रामा नभए पनि अत्यन्त दुर्लभचाहिँ छैन। आफ्नो विशिष्ट रासायनिक गुणले गर्दा उत्खनन गरी शुद्ध अवस्थामा ल्याउन निकै कठिन हुनु यिनलाई दुर्लभ वर्गमा राखिनुको मुख्य कारण हो। थोरै मात्रामा 'रेयर अर्थ इलिमेन्ट्स' प्राप्त गर्न अहिलेको प्रशोधन विधिमा ठूलो परिमाणमा कच्चा माल आवश्यक पर्दछ र अत्यन्त हानिकारक सहउत्पादनहरू जस्तै रेडियोधर्मी पानी, विषालु फ्लोरिन र अम्लहरूको विसर्जन पनि उत्तिकै पेचिलो छ।

## चीनको 'रेयर अर्थ इलिमेन्ट्स' उद्योग

सन् १९७६ मा देङ सियाओपिङ चिनियाँ कम्युनिस्ट पार्टीका नेता बनेका थिए। उनले कम्युनिस्ट पार्टीको राजनीतिक नियन्त्रण कायम राख्दै सावधानीपूर्वक नियन्त्रित बजार र आर्थिक सुधारका माध्यमबाट चीनको समृद्धि पुनः स्थापना गर्ने घोषणा गरे। वास्तवमा सन् १९७८ मा विश्व व्यापारमा चीनको पुनः प्रवेशसँगै चीनमा 'रेयर अर्थ इलिमेन्ट्स' उद्योग विकास

हुनुको सम्बन्ध छ।

सन् १९७८ र १९९५ बीचमा 'रेयर अर्थ इलिमेन्ट्स' उत्पादनमा चीनको वार्षिक वृद्धि औसत ४० प्रतिशत थियो। सन् १९९० को दशकमा चीनको 'रेयर अर्थ इलिमेन्ट्स' निर्यातमा समेत तीव्र वृद्धि हुँदा विश्वमा यी तत्त्वको मूल्य धेरै नै घट्यो। मूल्य घटेसँगै प्रतिस्पर्धी व्यवसायीले यात कामधन्दा नै छाडे या आफ्नो उत्पादनमा ठूलो कटौती गरे किनभने चीनमा उत्पादित वस्तुको मूल्यसँग तिनले प्रतिस्पर्धा नै गर्न सकेनन्।

सन् १९९३ मा विश्वमा उत्पादन भएको कुल 'रेयर अर्थ इलिमेन्ट्स' को ३८ प्रतिशत हिस्सा चीनको र ३३ प्रतिशत हिस्सा अमेरिकाको थियो तर सन् २००८ सम्म त 'रेयर अर्थ इलिमेन्ट्स' उत्पादनमा चीनको हिस्सा ९० प्रतिशत भयो र सन् २०११ मा ९७ प्रतिशत पुग्यो। सन् १९९० को दशकपछि चीनले 'रेयर अर्थ इलिमेन्ट्स' को उत्पादन र निर्यात प्रावधानमा विभिन्न परिवर्तन गरेका कारणले विश्वमा 'रेयर अर्थ इलिमेन्ट्स' आपूर्ति असहज बन्दै गएको छ।

सन् २०१० मा त चीनले 'रेयर अर्थ इलिमेन्ट्स' निर्यातमा प्रतिबन्ध नै लगाउँदा विश्वमा हल्लीखल्ली नै मच्चियो र विश्व व्यापार सङ्गठनले हस्तक्षेप गर्दै चीनलाई निश्चित कोटामा 'रेयर अर्थ इलिमेन्ट्स' निर्यात गर्नुपर्ने आदेश गऱ्यो। चीनले हाल कोटा र सर्तका आधारमा 'रेयर अर्थ इलिमेन्ट्स' निर्यात गर्दछ।

'रेयर अर्थ इलिमेन्ट्स' निर्यातमा चीनको रोकलाई पश्चिमा देशले मात्र उसको राष्ट्रिय सुरक्षाको कदमका रूपमा वा विश्वका मोबाइल फोन बजार एकाधिकार गर्ने मनसायका रूपमा बुझेनन्, बरु शक्ति आर्जनका रूपमा विश्लेषण गरे।

ट्रम्प प्रशासनको टाउको दुखाई यही अभाव र प्रतिस्पर्धालाई लिएर छ।

## अमेरिकाको प्रयास

अमेरिकामा 'रेयर अर्थ इलिमेन्ट्स' प्राकृतिक रूपमा उपलब्ध नभएको चाहिँ होइन। नियोकर्पले नेब्रास्कामा सन् २०२३ देखि सञ्चालन गरिरहेको एल्क क्रिक प्रोजेक्टले त्यहाँ स्क्यानडियम, नायोबियम तथा अन्य महत्त्वपूर्ण खनिज उत्खनन र प्रशोधन गरिरहेको छ। यसले गर्दा 'रेयर अर्थ इलिमेन्ट्स' का लागि अमेरिकाको चीनमाथिको निर्भरता केही कम भएको छ।

एल्क क्रिकमा नायोबियम एक लाख ६८ हजार ८६१ टन, स्क्यानडियम अक्साइड तीन हजार ४१० टन र चार लाख १८ हजार ८४१ टन टाइटेनियम डायोक्साइड रहेको अनुमान गरिएको छ।

अमेरिकाको राष्ट्रिय स्वार्थ धेरै हदसम्म एल्क क्रिकको विकासमा निर्भर रहेको भन्न सकिन्छ। यसले चीनमाथिको निर्भरता मात्र कम भएको छैन आर्थिक सुनिश्चितता समेत प्रदान गरेको छ। स्वदेशमै 'रेयर अर्थ

इलिमेन्ट्स' उत्पादन भएपछि अमेरिकाले त्यसको आपूर्ति व्यवस्थालाई समेत कडा नियन्त्रणमा राखेको छ किनभने आजको युगमा यी तत्त्वको महत्त्व राष्ट्रिय सुरक्षा र शक्ति सञ्चयसँग जोडिएको छ।

'रेयर अर्थ इलिमेन्ट्स' माथि शक्ति राष्ट्रहरूको भूराजनीति र हस्तक्षेपकारी भूमिकाको ताजा उदाहरण हो युक्रेन-रुस युद्ध। अमेरिकाले युक्रेनमा 'रेयर अर्थ इलिमेन्ट्स' को भण्डार यथेष्ट रहेको थाहा पाएको छ र त्यसका लागि उसमाथि शान्ति स्थापनाको प्रक्रिया सुरु गर्ने भनी हदैसम्मको दबाबसमेत दिइरहेको देखिन्छ। जसरी हुन्छ 'रेयर अर्थ इलिमेन्ट्स' मा आफ्नो पहुँच बढाउने र विश्व व्यवस्थाको केन्द्रमै रहने अमेरिकाको प्रयास युक्रेनसम्म मात्र सीमित छैन, त्यसअघि नै उसले अन्तरिक्षमा समेत 'रेयर अर्थ इलिमेन्ट्स' खोज्ने जमर्को गरिसकेको छ।

**विश्वमा 'रेयर अर्थ इलिमेन्ट्स' र अन्य रणनीतिक महत्त्वका खनिज तत्त्वको उत्पादनमा चीनको प्रतिस्पर्धामा कोही छैन। आधुनिक नवप्रवर्तनशील प्रविधि, रक्षा प्रणाली र वैकल्पिक प्रविधि सबै 'रेयर अर्थ इलिमेन्ट्स' मै निर्भर छन्। रणनीतिक महत्त्व भएका यस किसिमका तत्त्वको चीनद्वारा गरिने आपूर्तिले बेइजिङलाई असाधारण रूपमा भूराजनीतिक शक्ति प्रदान गरेको छ किनभने अमेरिकालगायतका कैयौँ देश यी तत्त्वका लागि चीनमाथि धेरै नै निर्भर रहेका छन्।**

सन् २०१५ मा अमेरिकाको संसद्ले आफ्ना नागरिकलाई बाह्य अन्तरिक्षबाट खनिज तत्त्व प्राप्त गर्ने र बिक्री गर्ने अधिकार प्रदान गर्ने गरी 'स्पेस एक्ट' पारित गरेको थियो। बोस्टन युनिभर्सिटीको अनलाइनमा उल्लेख गरिए अनुसार यस कानुनले क्षुद्र ग्रहको खोज गर्ने ती कम्पनी जो अन्तरिक्षमा पानी, औद्योगिक खनिज र 'रेयर अर्थ इलिमेन्ट्स' खोजेर आफ्नो भाग्य चम्काउने कोसिसमा छन्, उनीहरूलाई थप उत्साहित बनायो। यस कानुनले बाह्य अन्तरिक्षलाई अमेरिकी न्यायिक अधिकार क्षेत्रमा समेत ल्याएको छ।

जबकि सन् १९६७ मा अमेरिका, सोभियत सङ्घ र अन्य देशबीच भएको 'आउटर स्पेस ट्रिटी' ले बाह्य अन्तरिक्षलाई समग्र मानव जातिको मानेको थियो। 'रेयर अर्थ इलिमेन्ट्स' को खोजीको नाममा अमेरिकी संसद्ले पारित गरेको 'स्पेस एक्ट' ले भविष्यमा बाह्य अन्तरिक्ष अन्वेषणमा विवाद सिर्जना गर्न सक्छ।

समग्रमा भन्नु पर्दा विश्वमा 'रेयर अर्थ इलिमेन्ट्स' र अन्य रणनीतिक महत्त्वका खनिज तत्त्वको उत्पादनमा चीनको प्रतिस्पर्धामा कोही छैन। आधुनिक नवप्रवर्तनशील प्रविधि, रक्षा प्रणाली र वैकल्पिक प्रविधि सबै 'रेयर अर्थ इलिमेन्ट्स' मै निर्भर छन्। रणनीतिक महत्त्व भएका यस किसिमका तत्त्वको चीनद्वारा गरिने आपूर्तिले बेइजिङलाई असाधारण रूपमा भूराजनीतिक शक्ति प्रदान गरेको छ किनभने अमेरिकालगायतका कैयौँ देश यी तत्त्वका लागि चीनमाथि धेरै नै निर्भर रहेका छन्।

यस प्रकारको परिस्थितिले गर्दा चीनलाई विश्वको आपूर्ति शृङ्खलामा सुरक्षा र वैदेशिक व्यापारमा सौदाबाजीको लाभ मिल्ने गरेको छ। विश्व सूचना प्रविधिमा चुर्लम्म परेकाले हरेक पक्षमा चीनको सौदाबाजी बढेको देखिन्छ। ■

# साइबर क्राइमको दुश्चक्र

■ डा. प्रेमराज सिलवाल

अधिवक्ता


साइबर अपराध (क्राइम) वर्तमान विश्वमा एक बढ्दो अपराध हो। कम्प्युटर र त्यससँग सम्बन्धित उपकरणलाई माध्यम बनाएर कानुनले निषेध गरेका क्रियाकलाप गर्ने कामलाई साइबर क्राइम भनिन्छ (केन्द्रीय अनुसन्धान ब्युरो)। साइबर क्राइम कम्प्युटर, नेटवर्क र सामाजिक सञ्जाल आदिको प्रयोग गरी गरिने आधुनिक, सामाजिक र फौजदारी प्रकृतिको अपराध मानिएको छ।

यसमा प्राकृतिक व्यक्तिदेखि, सङ्गठित संस्था वा समूहसम्म तथा क्षेत्रीय, राष्ट्रियदेखि अन्तर्राष्ट्रिय सञ्जाल बनाएर मानिस र समूह सक्रिय भएका हुन सक्छन्। कम्प्युटरका विभिन्न माध्यमको प्रयोगबाट पासवर्ड ह्याक, क्रेडिट कार्डको अवैध प्रयोग, अवैध मुद्रा र जाली नोटको प्रयोग, कपिराइट उल्लङ्घन, यौनसम्बन्धी अपराध, सफ्टवेयरको अनधिकृत प्रयोग र निगरानीदेखि लिएर ठूला ठूला अपराधसम्म हुने गरेका छन्।

सामान्य रूपमा जानेर वा नजानेर पनि सामाजिक सञ्जालको प्रयोगबाट हुने दर्जनौं प्रकारका अपराध यसमा पर्छन्। यस अपराधमा युवा, विद्यार्थी,

**देश र समाज अनुसार युवा, महिला तथा बालबालिकालाई हेर्ने विभिन्न कानुन र प्रथा हुन्छन् । सोको जानकारी एवं हेक्का नराख्दा नेपाली युवा विदेशका जेलमा पुगेको घटना सुन्न र पढ्न पाइन्छ ।**

महिला तथा बालबालिकाको धेरै प्रयोग हुँदै आएको देखिन्छ । नेपालमा समेत यसको गम्भीरतालाई विचार गरी २०६३ सालमा विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन ल्याई लागू भइरहेको छ । ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा छ महिनादेखि पाँच वर्षसम्मको जेल तथा ५० हजारदेखि पाँच लाखसम्म जरिबाना र सजाय कसुर राखिएका छन् ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन २०७४ का विभिन्न दफामा समेत अरूलाई हानिनोक्सानी गरेको पाइएमा विभिन्न प्रकारका सजाय हुने व्यवस्था राखिएका छन् । सामान्य अवस्थामा अनुमति नलिई कसैको तस्बिर खिच्नु, सामाजिक सञ्जालमा फोटो राख्नु, गाली वा बेइज्जती हुने गरी अर्काको प्रतिष्ठामा आँच हुने गरी गरिने कुनै पनि कार्यलाई कानुनले अपराध मानेको छ ।

त्यसै गरी 'देश अनुसार भेष' भने जस्तै मुलुक र समाज अनुसार साइबर क्राइमका क्षेत्र फराकिला हुँदै गएका छन् । अर्कातर्फ देश र समाज अनुसार युवा, महिला तथा बालबालिकालाई हेर्ने विभिन्न कानुन र प्रथा हुन्छन् । सोको जानकारी एवं हेक्का नराख्दा नेपाली युवा विदेशका जेलमा पुगेको घटना सुन्न र पढ्न पाइन्छ । जस्तै साउदी अरब र अन्य इस्लाम देशमा महिलालाई सामान्य छेडछाड गर्ने कार्य पनि गम्भीर अपराध मानिन्छ । युरोप, अमेरिकामा बालबालिकालाई सामान्य थप्पड हान्नु वा हप्काउनु पनि अपराध हुन सक्छ । चीन जस्ता केही मुलुकमा सामाजिक सञ्जालमा केही लेख्नु वा यौनजन्य विषय हेर्नु पनि अपराध मानिने भएकाले यस्ता कुरामा समेत सचेत बन्नुपर्ने देखिन्छ ।

अज्ञानतावश, भूलवश, प्रलोभनमा परी, डर धम्की वा अन्य कारणबाट यससम्बन्धी अपराधमा विभिन्न तरिका र प्रयोजन वा माध्यमबाट युवा, महिला तथा बालबालिकाको प्रयोग हुने गरेको छ । 'कानुनको अज्ञानता क्षम्य नहुने' कानुनको विश्वव्यापी मान्यता भएकाले जसरी अपराध हुन गए पनि कानुन अनुसार सजाय भोग्नुपर्ने हुन्छ ।

विश्वमा बालबालिकाको परिभाषा पनि फरक फरक रहेका छन् । नेपालको हालको संहिता कानुन २०७४ ले १८ वर्षभन्दा कम उमेरकालाई नाबालक मानेको छ । १० वर्षभन्दामाथिकोलाई अवस्था र कानुनी व्यवस्था अनुसार विभिन्न खालको सजायको व्यवस्था गरेको छ । १० वर्षभन्दामुनिकाले भने जस्तोसुकै अपराध गरेमा पनि कुनै सजाय हुँदैन । त्यस्तो कार्य गर्न प्रेरित गर्ने, लगाउने, उक्साउने वा प्रयोग गर्ने अन्य जोसुकैलाई ऊ आफैँले गरे सरहको सजाय हुने कानुनी व्यवस्था रहेको छ । यस दृष्टिकोणबाट हेर्दा साइबर क्राइममा १० वर्षमुनिका बालबालिकाको प्रयोग जसले गरेको वा लगाएको भए पनि लगाउने व्यक्ति कानुनी दायरामा पर्न सक्छ ।

साइबर क्राइमको चर्चा गर्दा विश्वमा र नेपालमा पनि युवा, महिला र बालबालिकाबाट विभिन्न कारणले अपराध हुने गरेको छ । विशेषगरी स्कुल/कलेजको सङ्गत, चलचित्रमा भएका दृश्यको प्रभाव, साथीको उक्साहट, ठट्यौलीपन, उत्ताउलोपन वा यति सानो कुरा गर्दा के नै हुन्छ र ? वा मैले गरेको अपराध वा गल्ती कसले पो थाहा पाउँछ ? भन्ने सोचाइले अपराध हुने गरेका छन् ।

अर्कोतर्फ आपराधिक मानसिकता वा दूषित मनसाय भएका, अर्काको नोक्सानीमा रमाउने सोचाइ भएका तथा छिटै धन र भौतिक साधनस्रोतमा आफ्नो अधिकार जमाउने नियतले अपराधमा युवा, महिला र बालबालिकाको प्रयोग हुने गरेको छ । प्रहरी प्रशासनका विभिन्न निकायले कम्प्युटर तथा सूचनाका विभिन्न माध्यमबाट अपराध र अपराधीको निरन्तर निगरानी गरिरहेका हुन्छन् । यसर्थ अभिभावक, परिवार, विद्यालय, कलेज, समाज, क्लबलगायतका सामाजिक एकाइले समेत आफ्ना छोराछोरी, युवा, महिला तथा बालबालिकालाई सचेत र खबरदारी गरिरहनुपर्ने हुन्छ ।

'टिनएजेज' का कतिपय युवा महिलाका यौनजन्य वा अश्लील फोटो फेसबुकलगायतका सामाजिक सञ्जालमा प्रदर्शन गरिदिने, 'फेक आइडी' बनाएर मजाक वा रमाइलोका लागि यस्तो फोटो 'अपलोड' गर्ने, सेयर गर्ने, अश्लील कमेन्ट आदि गरेका कारण कानुनी कारबाहीको दायरामा पुग्न बाध्य भएका छन् ।

## विश्वमा साइबर क्राइम

अमेरिका लगायतका देशमा साइबर क्राइमका विभिन्न कानुन ल्याइएका छन् । साइबर क्राइमका कारण हाल विश्वमा अर्बौं डलर आर्थिक क्षति हुने गरेको छ । 'साइबर टेरोरिजम' को नामले समेत लिइने यस अपराधलाई नियन्त्रण गर्न अमेरिकामा एफबिआई, सिआइए जस्ता सरकारी निकायले करोडौँ डलर खर्च गर्ने गरेका छन् ।

भारतमा भारतीय केन्द्रीय जाँच ब्युरो तथा 'र' जस्ता संस्थाले ठूलो धनराशि खर्च गर्छन् । नेपालमा पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलगायतका विभिन्न महाशाखा र शाखाले अपराधको अनुसन्धान कार्य गर्दै आएका छन् । ■

# क्वान्टम कम्प्युटिङ

■ अजय शर्मा

**पछिल्ला केही वर्ष सूचना प्रशोधनको क्षेत्रमा विशेष रूपमा क्रान्तिकारी साबित भएका छन् । प्रविधिले साइन्स फिक्सनमा जस्ता देखिने विषय यथार्थमा परिणत गरिदिएको छ ।**

दीर्घकालीन रूपमा मौसम पूर्वानुमान, जटिल अणुका व्यवहारको गहन अध्ययनबाट जीवनरक्षक औषधि पत्ता लगाउने क्षमता, जीवाश्म इन्धनका कारण भएको जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न सक्षम नयाँ कृत्रिम कार्बन सङ्कलन सामग्री, विद्युतीय सवारीसाधनलाई चलाउन र हरित ऊर्जा भण्डारणका लागि स्थिर र दीर्घकालसम्म टिक्ने ब्याट्री ।

यी कुरा महत्त्वाकाङ्क्षी लाग्न सक्छ तर वैज्ञानिकका अनुसार क्वान्टम कम्प्युटिङ युगले यस्ता क्रान्तिकारी उपलब्धि ल्याउन सक्छ । साथै हालको कम्प्युटिङ क्षमताले सम्भव नभएका अन्य ठूला समस्या समाधान गर्न पनि यसबाट मद्दत मिल्न सक्छ । क्वान्टम कम्प्युटिङ नयाँ अवधारणा होइन तर पछिल्ला केही वर्षयता यसको व्यावहारिक पक्ष तथा प्रविधि सैद्धान्तिक विकाससँग मेल खान थालेको छ ।



सन् १९६० को दशकमा इलेक्ट्रोनिक क्याल्कुलेटर विकास भएदेखि कम्प्युटिङ क्षेत्रले उल्लेखनीय प्रगति गरेको छ। पछिल्ला केही वर्ष सूचना प्रशोधनको क्षेत्रमा विशेष रूपमा क्रान्तिकारी साबित भएका छन्। प्रविधिले साइन्स फिक्सनमा जस्ता देखिने विषय यथार्थमा परिणत गरिदिएको छ।

सूचना प्रविधिका उपकरण झन् साना र बहुउपयोगी बन्दै गएको देखिन्छ। हामी एउटा नयाँ प्रविधिको युगतर्फ अर्थात् क्वान्टम कम्प्युटिङ युगतर्फ बढिरहेका छौँ। यो परम्परागत कम्प्युटिङभन्दा भिन्न र फरक छ।

कृत्रिम बौद्धिकता (एआई) र डाटा विश्लेषणलाई प्रभाव पार्दै गर्दा क्वान्टम कम्प्युटिङले हामीलाई अझ तीव्र गतिमा भविष्यतर्फ लैजाने विश्वास गरिएको छ। यसको गति र शक्तिले मानव सभ्यताले अहिलेसम्म सामना गरेका अत्यन्त जटिल समस्या समाधान गर्न मद्दत मिल्ने छ।

## के हो क्वान्टम कम्प्युटिङ ?

क्वान्टम कम्प्युटिङमा क्वान्टम बिट (क्युबिट) प्रयोग गरिन्छ। यसले परम्परागत कम्प्युटरमा प्रयोग गरिने शून्य (०) र एक (१) को सट्टा एकैसाथ सबै सम्भावित अवस्था भण्डारण गर्न सक्छ। सामान्य भाषामा भन्ने हो भने परम्परागत कम्प्युटरले डिजिटल सञ्चारका लागि ० र १ अङ्क प्रयोग गर्छन् तर क्वान्टम कम्प्युटरले क्वान्टम क्युबिट प्रयोग गर्छ। जो एकै समयमा ० र १ दुवै अवस्थामा रहन सक्छ।

क्वान्टम कम्प्युटिङ सबएटोमिक फिजिक्सको रहस्यमय क्षेत्रसँग सम्बन्धित छ। यसले परमाणुस्तरमा रहेका अनिश्चित अवस्थालाई गणनाको आधार बनाउँछ। यसको आधारभूत सिद्धान्त 'सुपरपोजिसन' हो। यसको अर्थ एउटा कण एकै समयमा विभिन्न अवस्थामा रहन सक्छ भन्ने हो।

अझ रोचक कुरा के छ भने एउटा क्युबिटमा भण्डारण गरिएका सूचनाले भौतिक रूपमा टाढा रहेका



**कम्पनीले करिब दुई दशकको अनुसन्धानपछि यो उपलब्धि हासिल गरेको बताइएको छ तर माइक्रोसफ्टका अनुसार मेजराना वान बनाउनका लागि पूर्ण रूपमा यस्तो नयाँ पदार्थको अवस्था निर्माण गर्नु पर्‍यो जसलाई कम्पनीले 'टोपोलोजिकल अवस्था' भनेको छ ।**

अन्य क्युबिटलाई समेत प्रभाव पार्न सक्छ । यसलाई क्वान्टम इन्ट्याङ्गलमेन्ट भनिन्छ ।

## क्यान्टम कम्प्युटर कस्तो हुन्छ ?

तपाईंले अहिले चलाउने कम्प्युटर होस् वा मोबाइल फोनलाई स्मार्ट बनाउने प्रमुख तत्त्व भनेको प्रोसेसर हो । वैज्ञानिक यही तत्त्व अर्थात् प्रोसेरलाई अझै शक्तिशाली बनाउन लागिपरेका छन् । हामीले प्रयोग गरेका कम्प्युटर र मोबाइल फोन क्वान्टम डिभाइस होइनन् । क्वान्टम कम्प्युटर निकै फरक किसिमले बनेका हुन्छन् । यसलाई निकै चिसो तापक्रम करिब शून्य डिग्री सेल्सियस वातावरण तथा म्याग्नेटिक फिल्ड आवश्यक पर्छ ।

क्वान्टम कम्प्युटरको प्रयोग ठूलो डाटा विश्लेषण, क्रिप्टोग्राफी (सुरक्षा प्रणाली), औषधि विकास, जटिल भौतिक तथा रासायनिक मोडलिङ जस्ता क्षेत्रमा प्रयोग हुन सक्छ । यसले वर्तमान र भविष्यका धेरै क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउने सम्भावना राख्छ तर क्वान्टम कम्प्युटरको विकास अझै प्रारम्भिक चरणमा छ ।

## पछिल्ला उपलब्धि

पछिल्ला केही वर्षमा क्वान्टम अनुसन्धानमा वैज्ञानिकले उल्लेखनीय उपलब्धि हासिल गरेका छन् । यसले कम्प्युटरलाई अकल्पनीय रूपमा छिटो र यथार्थपरक बनाइदिएको छ । हालै अक्सफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताले दुई फरक क्वान्टम प्रोसेसरबीच पहिलो पटक तारहित क्वान्टम एल्गोरिदम प्रसारण गर्न सफल भए ।

अनि यी दुई प्रोसेसरले संयुक्त रूपमा एक शक्तिशाली कम्प्युटर निर्माण गरे । यसबाट छुट्टाछुट्टै हुँदा समाधान गर्न नसक्ने समस्या हल गर्न सक्षम भइयो । यस अनुसन्धानमा क्वान्टम इन्ट्याङ्गलमेन्ट प्रयोग गरी अक्सफोर्डका वैज्ञानिकले कम्प्युटरहरूबीच सूचना प्रसारण तुरुन्तै गर्न सक्षम भएका थिए । यस उपलब्धिले भविष्यमा क्वान्टम कम्प्युटिङको सम्भावनालाई अझै रोमाञ्चक बनाउने छ ।

## 'मेजराना वान' क्वान्टम चिप

माइक्रोसफ्टले 'मेजराना वान' क्वान्टम कम्प्युटिङ चिप निर्माण गरेको घोषणा गरेको छ । कम्पनीले करिब दुई दशकको अनुसन्धानपछि यो उपलब्धि हासिल गरेको बताइएको छ तर माइक्रोसफ्टका अनुसार मेजराना वान बनाउनका लागि पूर्ण रूपमा यस्तो नयाँ पदार्थको अवस्था निर्माण गर्नु पर्‍यो जसलाई कम्पनीले 'टोपोलोजिकल अवस्था' भनेको छ ।

टोपोलोजिकल अवस्था भन्नाले भौतिकशास्त्रमा पदार्थको एक विशेष प्रकारको अवस्थालाई जनाइएको छ । यो सामान्य पदार्थको अवस्था ठोस, ग्यास, तरल, प्लाज्माभन्दा भिन्न नयाँ प्रकारको अवस्था हुन्छ । यस क्वान्टम चिपले आठ टोपोलोजिकल क्युबिटहरू प्रयोग गर्छ । जसमा इन्डियम आर्सेनाइड नामक सेमिकन्डक्टर र एल्युमिनियम नामक सुपरकन्डक्टर प्रयोग गरिएको छ ।

## विलो क्वान्टम चिप

गुगलले 'विलो' नामको क्वान्टम कम्प्युटिङ चिप सार्वजनिक गरेको छ । यो चिपले अत्यन्तै जटिल समस्यालाई मात्र पाँच मिनेटमै समाधान गर्ने दाबी गरिएको छ ।

यस्ता समस्या सबैभन्दा छिटो सुपर कम्प्युटरले १० सेप्टिलियन अर्थात् १०,०००,०००,०००,०००,०००,०००,०००,००० वर्षमा मात्र समाधान गर्न सक्छ । आर्टिफिसियल

इन्टेलिजेन्समा आधारित प्रविधिहरू द्रुत रूपमा बढ्दै जाँदा यो उपलब्धिले क्वान्टम कम्प्युटिङको नयाँ युगको सुरुवात गर्ने विश्वास गरिएको छ ।

यस्ता चिपको मूल्य लाखौँ अमेरिकी डलरसम्म हुन सक्छ । यस्तो चिप कहिलेसम्म सर्वसाधारणका लागि उपलब्ध हुन्छ भन्नेबारे गुगलले अहिलेसम्म केही भनेको छैन ।

### रेइमी क्वान्टम कम्प्युटर

जापानी इन्जिनियरहरूले 'रेइमी' नामक पहिलो हाइब्रिड क्वान्टम सुपर कम्प्युटर सञ्चालनमा ल्याएका छन् ।

यो २०-क्युबिट क्वान्टम मेसिनलाई फुगाकुमा एकीकृत गरिएको छ । यो विश्वको छैटौँ सबैभन्दा छिटो सुपर कम्प्युटर हो । यस हाइब्रिड प्रणालीमा क्वान्टिन्युमको आर्किटेक्चर प्रयोग गरिएको छ ।

### इन्टेलको क्वान्टम प्रोसेसर

सूचना प्रविधिको अग्रणी संस्था इन्टेल सिलिकनमा आधारित स्केलेबल क्वान्टम प्रोसेसर निर्माणमा जुटेको छ । इन्टेलका सिलिकन स्पिन क्युबिट सुपर कन्डक्टिङ र ट्राप्ड-आयोन क्युबिटसँग तुलना गर्दा साना र सघन छन् ।

क्वान्टम कम्प्युटिङ अब कल्पनाको विषय मात्र नभई वास्तविकता बन्दै गएको छ । यसको प्रभाव कृत्रिम बौद्धिकता, साइबर सुरक्षादेखि विज्ञान र मेडिकल अनुसन्धानसम्म हुन सक्छ । त्यसैले हामीले अहिले नै यसको प्रभावका लागि तयारी गर्नुपर्ने देखिन्छ । ■

## हिँड्ने रूख

यो एक हिँड्ने रूख हो । यसलाई सोक्रेटिआ एक्जोराइजा भनिन्छ । बाँच्नका लागि राम्रो स्थानको खोजीमा यो रूख ६५ फिटसम्म ठाउँ सर्छ ।

*-युवामञ्च*

# एक विलुप्त जन्मकुण्डली



■ यमबहादुर दुरा

केही वर्षअघि रेडियोमा एउटा अनौठो समाचार सुनेको थिएँ। त्यो समाचार थियो पोखरामा काहिँलो छोराहरूको सम्मेलन सम्पन्न भएको बारेमा। त्यस सम्मेलनमा कुन कुन एजेण्डामा छलफल भए ?, के कस्ता निष्कर्ष निस्किए ? यी स्वाभाविक प्रश्नको उत्तर सार्वजनिक वृत्तमा आएन।

त्यस समाचारले मेरो मन चाहिँ पोखरीमा ढुङ्गा हान्दा तरङ्ग उत्पन्न भए जस्तै तरङ्गित हुन पुग्यो। नेपालमा जन्मदर घटेसँगै जेठो/जेठी, माहिलो/माहिली, साहिँलो/साहिँली, काहिँलो/काहिँली, अन्तरे/अन्तरी, जन्तरे/जन्तरीबारे बिर्सिसकेको प्रसङ्ग सम्झन थालेँ। उनीहरू कसरी दुर्लभ

प्राणीमा परिणत हुँदै छन् ?, यस प्रकारको परिवर्तनले जैविक विविधता तथा सांस्कृतिक विविधतामा कुन किसिमको उलटफेर ल्याउने हो ? यस्तै प्रश्नले मनलाई तरङ्गित तुल्यायो ।

यहाँनेर विगतमा छ्यापछ्याप्ती भेटिने तर हालका दिनमा दुर्लभ बन्दै गएका जेठो/जेठी, माहिलो/माहिली, साहिँलो/साहिँली, काहिँलो/काहिँली, अन्तरे/अन्तरी, जन्तरे/जन्तरी जस्ता सन्तान र तिनले बुनेका सांस्कृतिक परिवेशबारे सानो चिन्तन-मनन गर्नु सान्दर्भिक नै होला । यसका लागि विगतको सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेशलाई नियाल्न आवश्यक छ ।

## विगतको विशिष्ट परिवेश

हिजो समाज धेरै अर्थमा बेग्लै थियो । समाज पुरापुर कृषिमा आधारित थियो । त्यसबेला सन्तान धेरै हुनु लाभदायक देखिन्थ्यो । खेतीपातीका लागि धेरै पाखुरा आवश्यक थिए । जसको धेरै सन्तान हुन्थे, उसैले बेलामा खेतीबाली लगाउन सक्थ्यो । सन्तान धेरै हुनेले धेरै गाईवस्तु पाल्न सक्थे । गाईवस्तुबाट एकातिर दूध दही प्राप्त हुन्थ्यो भने अर्कोतिर खेतीपातीका लागि अर्गानिक मल प्राप्त हुन्थ्यो ।

**नेपालको राजनीतिक इतिहासमा 'जन्तरे' छोरो प्रधानमन्त्री बनेको सायद पहिलो र अन्तिम राजनीतिक घटना हुनु पर्छ । अब 'जन्तरे' छोरो प्रधानमन्त्री बन्ने दिन कहिले आउला र ? जन्तरे जन्मिए पो प्रधानमन्त्री बनोस् । जन्मनै छाडेपछि कसरी प्रधानमन्त्री बनोस् । यस्तो लाग्छ, नेपालको इतिहासमा जन्तरे छोरो प्रधानमन्त्री बनेको राजनीतिक घटना 'न भुतो न भविष्यति' ।**

यही मनोविज्ञानले निर्धक्कसँग सन्तान जन्माइन्थ्यो । जेठो/जेठी, माहिलो/माहिली, साहिँलो/साहिँली,

काहिँलो/काहिँली, अन्तरे/अन्तरी, जन्तरे/जन्तरी, लखन्तरे/लखन्तरी, पानी मन्तरे/पानी मन्तरी जस्ता सन्तान जन्मन्थे ।

सायद त्यसबेला 'सानो परिवार, सुखी परिवार' भन्ने नारा मानिसका कल्पनामै थिएन । त्यसबेला त्यस्तो कल्पना अस्तित्वमा भएको भए 'सन्तानले डाँडाकाँडा ढाकून्' भन्ने आशीर्वादले व्यापकता पाउने थिएन होला ।

२००७ सालअघिसम्म आधुनिक शैलीको जनचेतनाको स्तर पनि कमजोर नै थियो । राणा शासन ढल्दाको समयमा नेपालको साक्षरता दर दुई प्रतिशतको सेरोफेरो रहेको तथ्याङ्क भेटिन्छ । तत्कालीन सामाजिक तथा सांस्कृतिक परिवेशले पश्चिमी शैलीको सानो परिवारबारे सोच्ने र सोही अनुसार कमभन्दा कम सन्तान जन्माउने चेतनाको बिजारोपण गरिसकेको थिएन । अर्को कुरा विगतमा नियोजित तरिकाले सन्तान जन्माउने सुविधा नहुँदा जति सन्तान जन्मे पनि 'ईश्वरको वरदान' भनी हात थाप्नुको विकल्प हुँदैनथ्यो ।

त्यसबेला अहिलेको जस्तो भोगवादी समाज थिएन । पैसा नभए पनि जीवन चल्थ्यो । खर्चका स्रोत कम थिए । खरको झुप्रो, ढेब्री, सिठा, ककरी-मकरी, मीठो-पिठो, टालेको लुगा र अर्मपर्मले नै जिन्दगी चल्थ्यो । ग्रामीणजन आफ्नो पसिनाको कमाइले सादा जिन्दगी बिताइरहेका थिए ।

आधुनिक चकमधमकका साथ रवाफिलो जीवनयापन गर्ने परिपाटीले समाजमा उतिविधि प्रवेश पाएको थिएन । फाइनान्स, लघुवित्त जस्ता घर घरको अर्थतन्त्र टाट पल्टाउने आर्थिक संस्थामा चक्रव्यूहमा ग्रामीण फसेका थिएनन् । मुट्ठीभरका जिम्मुवाल-मुखियाले निमुखालाई शोषण गरेको कुरा बेग्लै हो । समग्रमा जिन्दगी नितान्त सादा थियो । घरभरि सन्तान भए पनि ती लालाबाला बोझ बनेका थिएनन् । बरु ती आशा र भरोसाका केन्द्र थिए ।

**खेतीपातीका लागि धेरै पाखुरा आवश्यक थिए । जसको धेरै सन्तान हुन्थे, उसैले बेलामा खेतीबाली लगाउन सक्थ्यो ।**

## 'जन्तरे' प्रधानमन्त्री

नेपालको राजनीतिक इतिहासमा व्यक्तित्व जन्मगत रोलक्रम र सन्तान प्राप्तिका दृष्टिले चर्चामा दुई जना राजनीतिक व्यक्ति आउने गरेको पाइन्छ । एक हुन्, लोकतन्त्रकालीन प्रधानमन्त्री झलनाथ खनाल र अर्का हुन् राणाकालीन कम्यान्डर इन चिफ धीरशमशेर । खनाल जन्तरे छोरा हुन् भने धीरशमशेर १७ छोराका पिता हुन् ।

पूर्वप्रधानमन्त्री झलनाथ खनाल आफ्नो परिवारका सातौँ अर्थात् उनी घरका 'जन्तरे' छोरा हुन् । अङ्ग्रेजी शब्दावली प्रयोग गरी उनको भाग्य चित्रण गर्दा उनलाई 'लक्की सेभेन' भन्न सकिन्छ । नेपालको राजनीतिक इतिहासमा 'जन्तरे' छोरो प्रधानमन्त्री बनेको सायद पहिलो र अन्तिम राजनीतिक घटना हुनु पर्छ । अब 'जन्तरे' छोरो प्रधानमन्त्री बन्ने दिन कहिले आउला र ? जन्तरे जन्मिए पो प्रधानमन्त्री बनोस् । जन्मनै छाडेपछि कसरी प्रधानमन्त्री बनोस् । यस्तो लाग्छ, नेपालको इतिहासमा जन्तरे छोरो प्रधानमन्त्री बनेको राजनीतिक घटना 'न भुतो न भविष्यति' ।

अर्कोतिर धीरशमशेर धेरै छोरा जन्माउने अर्थात् १७ जना छोरा जन्माउने राणा प्रधानमन्त्री कहलिएका छन् । उनका १७ जना छोराको नाम यस प्रकार छ, वीरशमशेर, डम्बरशमशेर, खड्गशमशेर, रणशमशेर, देवशमशेर, चन्द्रशमशेर, भीमशमशेर, फत्तेशमशेर, ललितशमशेर,

जितशमशेर, पूर्णशमशेर, यदुशमशेर, दुर्गाशमशेर, शेरशमशेर, जुद्धशमशेर, खम्बशमशेर र हर्कशमशेर ।

यद्यपि ती छोरा एउटै रानीबाट जन्मेका थिएनन् । एउटै रानीबाट पाँच जना छोरा जन्मेका थिए । ती हुन्, खड्गशमशेर, रणशमशेर, देवशमशेर, चन्द्रशमशेर र भीमशमशेर । यी छोरा काजी हेमदलसिंहकी छोरी रानी नन्दकुमारीबाट जन्मेका थिए भन्ने जानकारी इतिहासका पानामा छरिएका छन् ।

## नाम

नेपाली साहित्यिक, राजनीतिक तथा सार्वजनिक वृत्तमा सन्तानको जन्मगत रोलक्रम झल्कने नाम यदाकदा भेटिन्छन् ।

उदाहरणका लागि तिलविक्रम नेम्वाङलाई लिन सकिन्छ । उनको साहित्यिक नाम 'वैरागी काइँला' बहुचर्चित तथा बहुश्रुत नाम हो । साहित्य सिर्जना र किराँत समुदायको श्रुतिशास्त्र मुन्धुमका सन्दर्भमा उनको नाम श्रद्धापूर्वक उच्चारण गरिन्छ । यसै गरी पूर्वाञ्चलमा गिनेचुनेका कांग्रेसी नेतामध्येका भूविक्रम नेम्वाङ पनि एक थिए । उनी 'साइँला दाइ' नामले समेत परिचित थिए ।

यसबाहेका गोर्खे साइँलो, कर्थले काइँलो, विष्णु न्यौपाने 'जन्तरे', ऋषि तिवारी 'लखन्तरे', 'रुन्चे राइँलो' आदि नामबाट कदाकदा रचना प्रकाशित भएको पाइन्छ । कान्तिपुर दैनिकको भगिनी प्रकाशन नेपालमा 'रुन्चे राइँलो' छद्म नामबाट २०७४ सालतिर लेख लेखिएको थियो । उनको वास्तविक नाम के थियो भन्ने खुल्दैन ।

गायन क्षेत्रमा साइँला बरोबर उच्चारण भइरहने नाम हो । कुनै समयमा रेडियो नेपालबाट पुराना गायक उस्ताद साइँला (अष्टमान श्रेष्ठ) को गीत बज्थे । रेडियोमा बज्ने उनको गीतको एक हरफ यस्तो थियो, 'कालो ठेकी नारान काली काठको रातो ठेकी दारको, दिन आउँछ रिङ्दै घुम्दै जोवन एकै बारको' । यो गीत एक समय निकै लोकप्रिय थियो । जीवनको वास्तविकता बोल्ने गीतका यी हरफलाई लोकसमाजले निकै रुचाएको थियो ।

केही वर्षअघि मोरङको पथरी (शनिश्चरे) का जन्तरे मामा (अमित राई) सोसल मिडियामा चर्चाको विषय बने ।

**एक समयमा अर्गानिक प्रकृतिका साइनोपातले गाउँबस्ती ढाकिएको थियो । जस्तैः जन्तरी आमा, जन्तरी फुपू, जन्तरी भाउजू, जन्तरी काकी, जन्तरी माइजू । यसै गरी जन्तरे मामा, अन्तरे काका, राइँलो दाजु । अब यस्ता साइनो नासिँदै गएका छन् ।**

उनले नारायण गोपालका गायकीलाई आफ्नो गलामा उतारेर चर्चा बटुलेका थिए । उनको गायकीलाई माथि उठाउने अभिप्रायले राजधानीमा ल्याएर गीत स्वराङ्कन गरिएको तस्बिर पनि सार्वजनिक भएको थियो । यद्यपि धेरै धोको पूरा हुन नपाउँदै २०८१ कात्तिकमा ५६ वर्षको उमेरमा उनको जीवनले सदाका लागि विश्राम लिएको समाचार सार्वजनिक भयो ।

एक समयमा अर्गानिक प्रकृतिका साइनोपातले गाउँबस्ती ढाकिएको थियो । जस्तैः जन्तरी आमा, जन्तरी फुपू, जन्तरी भाउजू, जन्तरी काकी, जन्तरी माइजू । यसै गरी जन्तरे मामा, अन्तरे काका, राइँलो दाजु । अब

**चलचित्रको नामकरणमा पनि सन्तानको जन्मगत रोलक्रमको झल्को दिने किसिमको एकाध प्रसङ्ग भेटिन्छ । यही आधारमा 'डिग्री माइला' नामक चलचित्र बनेको पाइन्छ ।**

यस्ता साइनो नासिँदै गएका छन् । अब यस्तो साइनो दुर्लभ भइसक्यो ।

गाउँठाउँमा जन्मगत आधारमा प्राप्त उपाधि अर्थात् जेठा/जेठी, माइला/माइती, साइँला/साइँली, काहिँलो/काइँली, राइँला/राइँली, अन्तरे/अन्तरी, जन्तरे/जन्तरी जस्ता अनौपचारिक नाम औपचारिक नाम बनेको पाइन्छ । कतिपयले त यिनै अनौपचारिक नामबाट नागरिकता निकालेका पनि छन् ।

## साहित्यिक कृति तथा चलचित्र

जन्मगत रोलक्रम झल्कने नामले साहित्यिक कृति तथा चलचित्रले यदाकदा जनसमक्ष स्थान पाएको देखिन्छ ।

यस सम्बन्धमा साहित्यकार भीमनिधि तिवारीले एउटा गजबको प्रयोग गरेका छन् । तिवारीले नेपाली सामाजिक कहानी नाम दिएर १० भागसम्म कथासङ्ग्रह प्रकाशन गरे । उनले आफ्ना कथा कृतिलाई भाग एक, भाग दुई एवं रितले १० औँ भागसम्म सन्तानको जन्मगत रोलक्रम झल्कने गरी जेठो, माहिलो, साहिँलो, काहिँलो, ठाहिँलो, राहिँलो, अन्तरे, जन्तरे, खन्तरे र मन्तरे नाम दिएका छन् । साहित्यकार तिवारीले बसालेको कृति नामकरण अनौठो परम्परा पनि 'न भुतो न भविष्यति' हुन गएको छ । नेपालको साहित्यिक इतिहासमा एउटा दुर्लभ घटना मान्न सकिने देखिन्छ ।

चलचित्रको नामकरणमा पनि सन्तानको जन्मगत रोलक्रमको झल्को दिने किसिमको एकाध प्रसङ्ग भेटिन्छ । यही आधारमा 'डिग्री माइला' नामक चलचित्र बनेको पाइन्छ । २०७६ साल कात्तिक ७ गते अनलाइन खबरमा 'अन्तरे' नामक चलचित्र बन्न लागेको समाचार छापिएको थियो । २०८१ साल साउन २२ गते गोरखापत्र अनलाइनमा प्रकाशित समाचार अनुसार बाबुसाहेब बलामीको निर्देशनमा चलचित्र 'माइली' को भद्रकाली मन्दिरमा शुभमुहूर्त गरिएको थियो । यसै गरी २०८१ साल फागुन २ गते 'मेरो फिल्म' नामक अनलाइन पोर्टलमा 'कार्की साइँला' शीर्षकमा चलचित्र बन्न लागेको समाचार आयो ।

हाम्रा साहित्य तथा चलचित्रमा प्रतिबिम्बित यी नामले हाम्रो समाजमा जन्मगत रोलक्रमको सांस्कृतिक धङधङी र विरासत बाँकी नै छ भन्ने सङ्केत गर्छ, हिङ नभए पनि हिङ बाँधेको टालो बाँकी नै रहेझैँ ।

## लोकभाका

लोकभाकामा पनि सन्तानको जन्मगत रोलक्रम सम्झाउने गीत भेटिन्छन्, जुन स्वाभाविकै हो। खासगरी लोकगीतमा साइँला/साइँली, कान्छा/कान्छी थेगो वा रहनीका रूपमा प्रयोग भएको पाइन्छ। दाइ साइँला, राम साइँला, सुन साइँला, साइँली रिमै, साइँलो दाइ, कान्छा (कानछा)/कान्छी (कानछी) आदि थेगो राखेर बनेको थुप्रै दृष्टान्त भेटिन्छन्।

गीतको हरफमा पनि कान्छी शब्द बाक्लै प्रयोग भएको देखिन्छ। उदाहरणस्वरूप लोकगायक रामशरण नेपालीले कान्छी शब्द घुसाएर यस्तो गीत गुञ्जाएका छन् :

*'कान्छीको हातमा क्या राम्रो औँठी, माझमा यु पनि*
*खोजी र मोरी पाउने छैनौ म जस्तो कहीँ पनि'*

अल्पायुमै मृत्युवरण गरेका बहुचर्चित लोकगायक लोकबहादुर क्षेत्रीले गाउँको 'साइँलो दाइ' लाई मुगलान गई बेखबर बनेका गाउँले पात्रका रूपमा चित्रण स्वराङ्कन गरे। जुन बहुजनले रुचाएको गीत बन्यो। सोही गीतको दुई हरफ :

*'साइँलो दाइ कहाँ गयो, पानी खाँदा न्याउली झुरायो*
*न्याउली रुँदै के भन्छ, आधा सन्चो आधा बिसञ्चो'*

यसै गरी लोकगायक नारायण रायमाझीले साइँली शब्द प्रयोग गरेर श्रुतिमधुर गीत सार्वजनिक गरेका छन्। गीतको केही हरफ :

*'परदेशीले मयाजाल बुन्छ नि साइँली*
*भाले बास्दा बिरानो हुन्छ नि साइँली*
*आँधीखोले दाइ*
*मयाँ पैँचो नदेऊ साइँली छाडिजानेलाई'*

लोकगीतको क्षेत्रमा विशिष्ट पहिचान बनाएकी गायिका हीरादेवी वाइबाले एउटा दुर्लभ प्रकृतिको गीत गाएकी छन्। उनले एउटै परिवारमा जन्म लिएका सात बहिनी (जेठी, माइली, साइँली, काइँली, अन्तरी, जन्तरी र कान्छी) छोरीहरूको रूप-लावण्यको मिठो वर्णन गरेकी छन्। यस्तो दुर्लभ प्रकृतिको गीत नेपाली लोकगीत भेटिन गाह्रो छ। उनको गीतलाई अङ्ग्रेजी शब्दावली प्रयोग गरेर गर्ने हो भने 'वान एन्ड वन्ली' श्रेणीमा राख्न सकिन्छ।

## जनसाङ्ख्यिक असन्तुलन

नेपालमा जनसाङ्ख्यिक असन्तुलन बढेर गएको विभिन्न सूचकले देखाउँछन्। यसबाट देशमा अनेकन सामाजिक तथा आर्थिक समस्या भोग्नुपर्ने अवस्थालाई सङ्केत गर्छ।

नेपालको जनसङ्ख्या वृद्धिदर निरन्तर ओरालो लाग्दै

**मानव संसाधनको अभावबाट निम्तिने समस्यालाई निराकरण गर्न राज्य प्रभावकारी नीति र कार्यक्रम अघि सार्न ढिलाइ गर्न नहुने अवस्था छ ।**

गएको तथ्याङ्कले बताउँछ। तथ्याङ्क अनुसार विसं २०६८ मा नेपालको कुल प्रजनन दर २.६ रहेको थियो। २०७८ सालमा नेपालको प्रजनन दर घटेर ०.९३ प्रतिशत भएको देखिन्छ। विसं २०३० को दशकमा प्रतिमहिला छ सन्तानभन्दा बढी जन्माउने गरेकोमा विसं २०६८ मा लगभग २.६ मा झऱ्यो।

अर्कोतिर मुगलान पस्नेहरूको लर्को पनि उत्तिकै बढेर गएको छ। अब्जर्भर रिसर्च फाउन्डेसनले जारी गरेको एक तथ्याङ्क अनुसार प्रतिदिन १७ सय नेपालीले देश छाडिरहेका छन्। सोही संस्थाका अनुसार सन् २०१९ देखि २०२३ सम्मको अवधिमा मुगलान पस्नेहरूको सङ्ख्या १०२ प्रतिशतले बढेको छ। जुन १३ वटा एसियाली मुलुकमा सबैभन्दा उच्च हो।

एकातिर तीव्र गतिमा जन्मदर घट्दै जाने र अर्कोतिर भएको जनशक्ति पनि बाहिरिने गर्नाले देशमा मानव संसाधनको कमी हुँदै गएको प्रस्ट सङ्केत मिल्छ। विश्व बैङ्कलगायतका संस्थाले नेपालमा मानव संसाधनको कमी हुँदै गएको जनाएका छन्। मानव संसाधन भनेको देश चलाउने इन्जिन वा चालक शक्ति हो। जसको अभावमा देश अधोगतितिर लाग्छ।

मानव संसाधनको अभावबाट निम्तिने समस्यालाई निराकरण गर्न राज्य प्रभावकारी नीति र कार्यक्रम अघि सार्न ढिलाइ गर्न नहुने अवस्था छ।

## बिसाउनी

समयले कोल्टो फेरिसकेको छ। यससँगै समाज बदलिएको छ। समाजको सोचाइ बदलिएको छ। धेरै सन्तान जन्माउँदा र हुर्काउँदा खेप्नुपर्ने हैरानी-सास्तीबारे आधुनिक आमाहरू पूर्णतः सचेत देखिन्छन्। अब विशेष परिस्थितिमा बाहेक धेरै सन्तान जन्मने सम्भावना नितान्त न्यून छ।

एकातिर कम जायजन्म हुने र अर्कोतिर भएका सन्तान पनि विदेशिने क्रमले देशको भविष्य नै धरापमा पर्ने हो कि भन्ने जगजगी पैदा भएको छ। यस सवाललाई गम्भीर किसिमले नसोचे भोलिका दिनमा समस्याको अपेक्षित निकास खोज्न गाह्रो हुने देखिन्छ। ■

# सिस्नु चिलाएर मनाइने पर्व 'बिसु'

■ शिवराज खत्री

सुदूरपश्चिम प्रदेश भाषा, साहित्य, कला, संस्कृति र वेशभूषामा धनी छ। नौ जिल्लामा बाँडिएको यस प्रदेशको अछाम, बाजुरा, बझाङ र कैलालीलगायतका जिल्लामा नयाँ वर्ष फरक ढङ्गले मनाउने परम्परा रहेको छ।

'नयाँ वर्षको पहिलो दिन सिस्नो चिलाउनैपर्ने।' झट्ट सुन्दा अनौठो लाग्ने यो परम्पराको जग बिसु पर्व हो। हरेक वर्षको पहिलो दिन बिसु पर्व सुरु हुन्छ। यस दिन युवकयुवती एकआपसमा सिस्नो चिलाएर नयाँ वर्ष मनाउने र बिसु पर्वमा रमाउने गर्छन्।

सिस्नोको नाम सुन्नेबित्तिकै आङ सिरिङ्ग हुन्छ। कारण के हो भने सिस्नोले शरीरमा फोका उठ्ने गरी पोल्छ। सिस्नोको बोटबाट जो कोही टाढा रहन चाहन्छन्।

बिसु पर्वको दिन सिस्नोको निकै महत्त्व हुन्छ। प्रत्येक नयाँ वर्षमा सिस्नो चिलाएर यसको सुरुवात गर्ने गरिन्छ। सिस्नो सामान्य झारपात भए पनि यसलाई प्रकृतिको उपहारका रूपमा लिइन्छ।



**बेलुकीपख गाउँबस्तीका सबै पुरुष एक ठाउँमा जम्मा भएर एक जनालाई बिसु बाघ बनाई काठको फ्ल्याकमा राखेर बोक्ने अनि लखेट्ने प्रचलन पनि रहेको छ ।**

साथी-सङ्गी, देवर-भाउजू, नन्द-भाउजू र साली-भिनाबीच एकापसमा सिस्नोपानी छ्याप्ने तथा सिस्नो चिलाएर बिसु पर्व मनाउने र रमाइलो गर्ने परम्परा छ ।

देवर, नन्द, भाउजू, भिनाजु वा साली कोही पनि नहुनेहरूले स्वयंलाई भए पनि शरीरमा सिस्नो लगाउनुपर्ने परम्परा रहेको संस्कृतिका जानकार एवं देउडा गायक यज्ञराज उपाध्यायको भनाइ छ ।

नयाँ वर्षमा शहरको जस्तो शुभकामना आदानप्रदान, नाचगान तथा विविधि मनोरञ्जनका कार्यक्रम गरिँदैनन् । बरु सिस्नोको बोट नै हातहातमा समातेर एकले अर्कोलाई चिलाउने प्रतिस्पर्धा नै चल्छ ।

हिन्दु सम्राट विक्रमादित्यको पराक्रम र जन्मोत्सवको खुसियालीमा पौराणिककालदेखि नै बिसु पर्व मनाउने गरिएको छ । पृथ्वीले सूर्यको एक परिक्रमा वैशाख १ गते पूरा गर्ने मान्यता पनि यस पर्वसँग जोडिएको छ ।

वैशाख १ गते बिहानै नुहाएर सिस्नो लगाउने प्रचलन सुदूरपश्चिमका गाउँघरमा ताजै छ । यसरी सिस्नो लगाउँदा अघिल्लो वर्ष आफ्नो शरीरमा लागेका कुनै पनि रोगव्याधि वा विकराल तत्त्वबाट मुक्त भइन्छ भन्ने जनविश्वास रहेको छ ।

नयाँ वर्षमा सिस्नो चिलाउँदा त्यस वर्षभरि जुनसुकै विषालु जीवजन्तु वा अन्य समस्याबाट जोगिइन्छ भन्ने मान्यता समेत रहिआएको छ । सिस्नो लगाउँदा छालामा भएका खटिरा निको हुने र छालासम्बन्धी रोग निर्मूल हुने विश्वास पनि छ ।

सिस्नोमा हुने ससाना काँडा वा रौँ जस्ता झुसमा 'फर्मिक अम्ल' हुने भएकाले त्यसले पोल्ने र फोका उठ्ने गर्छ । सिस्नोमा रहेको हिस्टामाइनले गर्दा शरीर सुन्निने गर्छ ।

युवाको बढ्दो विदेश पलायन र तराईमा बसाइँसराइका कारण पहाडी गाउँबस्तीमा बिसु पर्वमा सिस्नो लगाउने चलन कम हुँदै गरेको देखिन्छ ।

बिसु पर्वको दिन विभिन्न समुदायका युवाले लौरो नचाउने, बिस लौरा खेल्ने, बाघ-भालु जस्ता जङ्गली जनावरको अभिनय गर्ने र देउडा नाच्ने चलन पनि छ । ८/१० वर्ष उमेरका छोरी चेलीलाई पुतला/पुतली (दुलहा /दुलही) बनाई नक्कली बिहेको रमाइलो पनि गरिन्छ ।

नयाँ वर्षका दिन जङ्गल गएर बिसु लौरो (काँजी जातको बिरुवाको हाँगाको केही बोक्रा निकाल्ने र केही त्यसैमा राखी आगोमा पोलेर कालो बनाई लौरोमा कालो र सेतो रङ पोते जस्तो देखिने) बनाउने चलन छ । बेलुकीपख गाउँबस्तीका सबै पुरुष एक ठाउँमा जम्मा भएर एक जनालाई बिसु बाघ बनाई काठको फ्ल्याकमा राखेर बोक्ने अनि लखेट्ने प्रचलन पनि रहेको छ ।

दिनभर लगाएर बनाइएका बिसु लौरा बेलुकीपख बिसु बाघ धपाउन प्रयोग गरिन्छन् । यस प्रदेशका नौ वटा जिल्लामध्ये सातवटै पहाडी जिल्लामा बिसु पर्व मनाउने गरिन्छ । बिसु पर्व मनाउने चलन फरक फरक भए पनि सिस्नो चिलाउनु अनिवार्य नै हुन्छ ।

बिसु पर्व आउनुपूर्व प्रायः सबैले घरआँगन रातो माटो र कमेरो माटोले लिपपोत गरेर चिटिक्क पार्छन्। रातो माटो र कमेरो माटोले घर लिपपोत गर्नुलाई 'घर छिप्नु' भन्ने गरिन्छ। यो कार्यमा महिला बढी सक्रिय हुन्छन्।

बिसुमा घरआँगन लिपपोत, बडारकुँडार गरी चिटिक्क पार्दा वर्षभरि सुख, शान्ति र समृद्धि हुन्छ भन्ने जनविश्वास रहिआएको छ।

कामको खोजीमा भारत पसेकाहरू समेत यो पर्व मनाउन गाउँघर फर्किने गर्छन्। बिसु पर्व सुरु भएसँगै गहुँबाली भित्र्याउने, मकै र धानबाली लगाउने समय पनि भएकाले परदेशमा रहेकाहरू घर फर्किने गर्छन्।

बिसु पर्वमा खानाका विभिन्न परिकार खाने र सिस्नो लगाउने प्रचलन परम्पराकालदेखि चलिआएको भनाइ स्थानीय बुढापाकाको छ।

## बिसुमा पुतला

*'आउँदो वर्ष चाँडै आया, रनै पुतए'*

*पुतला खेल्न पर्यो, आओ आओ सँगीसाथी, रनै पुतए.....'*

विशेष गरी अछाम र बाजुरामा खेलिने पुतला खेलमा गाइने माथि उल्लेखित गीतको सानो अंश हो। चैतको अन्तिम सातादेखि वैशाख पहिलो साताभित्र शुद्ध मानिने सात दिनसम्म यहाँ परम्परागत भेषमा स्थानीय महिलाले समूहमा गीत गाएर पुतला खेल्ने गर्छन्।

वसन्त ऋतुको आगमनमा खेलिने पुतला खेल यस क्षेत्रको धार्मिक, मौलिक, सामाजिक र सांस्कृतिक परम्परा पनि हो भन्न सकिन्छ। कुनै बेला अछामी राजाको पुतली नाम गरेकी छोरीको तराईमा बिहे भएको र उनको सर्पले टोकेर मृत्यु भएको सम्झनामा पुतला खेल सुरु भएको किंवदन्ती रहेको छ।

नमुना बेहुली (पुतला) बनाएर चामलको डालोमाथि राखेर यो खेल सुरु गरिने प्रचलन रहेको मेल्लेख-५ का स्थानीय काशीराम रोकाया बताउँछन्। उनका अनुसार खेल विसर्जन (समापन) हुनुभन्दा एक दिनअघि बेहुलाको समेत प्रतिमा बनाएर बिहे गरिन्छ।

त्यस दिन बेहुलीलाई डोलामा र बेहुलालाई काँधमा बोक्ने गरिन्छ। बिहान र बेलुका हुने यो खेल अन्तिम दिन भने दिउँसो मात्र खेलिन्छ। विभिन्न रङको फरिया, रातो चौबन्दीमा सजिएका महिलाले सेतो पटुकाको फेरो हातमा समाएर चउर (पटाङ्गिनी) मा गोलाकार भएर यो खेल खेल्छन्।

महिलाले मात्र खेल्ने पुतला खेल उत्सवमा हरेक उमेरका महिलाको सहभागिता रहने गर्छ। गोलाकार बनाएर दुई समूहमा बाँधिएका महिलामध्ये आधीले एक भाकामा गीत गाउँछन् भने बाँकीले त्यसको प्रत्युत्तरमा गीत गाउँछन्।

पुतला गीतमा विभिन्न देवीदेवताको नाम लिइन्छ। विशेष गरी कालिका, पार्वती र स्थानीय देवीदेवताको नाम पुकारेर गीत गाउने गरिएको स्थानीय लोक संस्कृतिकर्मी रोकाया बताउँछन्। अन्तिम दिन रातिको समयमा उक्त

पुतलालाई नजिकै रहेको पवित्र पानीको मुहानमा लगेर विसर्जन गरिन्छ ।

रामारोशन-५ का वडाध्यक्ष केशरबहादुर शाहको भनाइमा चैत तथा वैशाखको सुक्खा मौसममा यो खेलले स्थानीयमा नयाँ जोश र उमङ्ग थप्ने गर्छ । पुतला खेलमा छोरीचेलीको वेदना, दुःख सुख, रमाइलो पक्ष समेटिएका हुन्छन् ।

नाचको अन्तिम दिन अर्थात् पुतला सेलाउने दिन आउँदो वर्ष चाँडै आया, हाम्री खेल्ने पुतली ओ रनै पुतए ।' भन्दै गीत गाइन्छ । यस्तै गीतका साथ पुतला विसर्जन गरिन्छ ।

पुतला सुदूरपश्चिमका विभिन्न जिल्लामा आआफ्नै तरिकाले खेल्ने गरिन्छ । डोटी, बझाङ र बैतडीको पूर्वी भेक, बाजुरालगायत कर्णालीका जुम्ला, कालीकोट र हुम्लामा समेत यो खेल खेलिन्छ ।

पुतला विसर्जन गरे पनि कलात्मक बिस लौरोलाई भने घरमै राखिन्छ । यसलाई कृषि प्रयोजनमा प्रयोग गरिन्छ । रन-पुतलालाई विशेष गरी बिहे नभएका महिलाले पूजा गर्ने चलन छ ।

भौगोलिक विकटता भए पनि सुदूरपश्चिम संस्कृतिका हिसाबले निकै धनी छ । देउडा, ठाडीभाका, हुड्केली, छलिया, भुवा, गौरा, पुतला, बिसुलगायत मौलिक नाच, गीत र पर्व यो क्षेत्रका महत्त्वपूर्ण पहिचान हुन् ।

छोरीचेली बिसु पर्व अर्थात् पुतला मनाउनकै लागि माइतीघर फर्किने भएकाले पनि यसलाई आमाछोरी भेट तथा छोरी हप्ता दिनसम्म निर्धक्कले माइतीघर बस्ने अवसरका रूपमा पनि लिने गरिन्छ । पुतलामा रमाउँदा छोरीले घरमा बेहोरेका दुःखपीडा तथा माइतीघरमा विवाह नभएका युवतीले बेहोरेका पीडाका बारेमा बनाइएका गीत गाउने गरिन्छ । ■

के तपाईंलाई थाहा छ जब चन्द्रमा तपाईंको टाउकोमाथि हुन्छ तपाईंको तौल केही घट्छ । यदि सय किलो तौल भएको मानिसको टाउकोमाथि चन्द्रमा छ भने उसको तौल ०.४८ किलो कम हुन्छ । किनभने चन्द्रमाले जसरी पानीलाई आकर्षित गर्दा समुद्रमा छाल आउँछ त्यसरी नै हाम्रो टाउकोमाथि हुँदा हामीलाई पनि आफूतिर आकर्षित गर्छ र त्यसले गर्दा शरीरको तौल केही कम हुन्छ ।



*- युवामञ्च*

# गुराँसबारे जानौं

■ निनाम लोवात्ती

वसन्त ऋतु लागेपछि नेपालको मध्य पहाड, उच्च पहाड तथा मध्य हिमाली क्षेत्रमा ढकमक्क लालीगुराँस फुलेको देख्न सकिन्छ ।

नेपालमा हजारौँ प्रकारका वनस्पति पाइन्छन् । सन् १९७०-८० ताका नेपालमा गरिएको वनस्पतिसम्बन्धी अध्ययन अनुसार पाँच हजार ६७ प्रजातिका वनस्पति यहाँ पाइने थाहा भयो । त्यसरी नेपालमा पाइएका वनस्पतिमध्ये नेपालको रैथाने र लोकप्रिय वनस्पति चाहिँ 'लालीगुराँस' लाई मानिएको थियो ।

लालीगुराँसको वैज्ञानिक नाम 'रोडोडेन्ड्रोन आर्बोरियम हो । त्यस्तै लालीगुराँस वनस्पति जगत्को एरिकल्स 'वंश-परिवार-वर्ग-गण' मा पर्छ । गुराँस वा लालीगुराँसलाई आठ उपवर्गमा विभाजन गरेका छन् वैज्ञानिकले । ग्रिक भाषामा 'रोडोन' को अर्थ 'गुलाब' र 'डेन्डन' को अर्थ 'रुख' हुन्छ । हुन पनि गुराँसको बोट रुखको जस्तो र फूल चाहिँ 'गुलाब' को जस्तो हुने भएकाले यसलाई अङ्ग्रेजीमा 'रोडोडेन्ड्रोन' भनिएको विश्वास गर्न सकिन्छ ।

गुराँसका विभिन्न प्रजाति नेपालको भूगोलमा ११-१२ सय मिटर उचाइदेखि ३४-३५ सय मिटर उचाइसम्म पाइन्छन् ।

हामी सबैलाई थाहा छ लालीगुराँस नेपालको राष्ट्रिय फूल पनि हो । जानकारी अनुसार भारतको उत्तरखण्ड प्रदेशले पनि लालीगुराँसलाई प्रदेशको फूल मानेको छ । मध्यम पहाड, उच्च पहाडदेखि मध्यम हिमाली भेगसम्म पाइने अनेकौँ प्रकारका गुराँस पहिले पहिले सामान्यतया चैत-वैशाखमा फुल्ने गर्थे तर जलवायु परिवर्तनका कारण कतैकतै त पुस महिनातिरै गुराँसका केही प्रजाति फुल्न थालेको भेटिन्छ ।

**ग्रिक भाषामा 'रोडोन' को अर्थ 'गुलाब' र 'डेन्डन' को अर्थ 'रुख' हुन्छ । हुन पनि गुराँसको बोट रुखको जस्तो र फूल चाहिँ 'गुलाब' को जस्तो हुने भएकाले यसलाई अङ्ग्रेजीमा 'रोडोडेन्ड्रोन' भनिएको विश्वास गर्न सकिन्छ ।**

## कहाँ पाइन्छ ?

विश्वमा कुन कुन देशमा गुराँसका कुन कुन प्रजाति पाइन्छ भन्दाखेरि नेपालबाहेक चीन, भारत, भुटान, म्यान्मार, उत्तर कोरिया, दक्षिण कोरिया, मलेसिया, भियतनाम, इन्डोनेसिया, फिलिपिन्स, अस्ट्रेलिया, जापानमा प्राकृतिक रूपमै गुराँस पाइन्छ भने बेलायतलगायत केही देशले गुराँस रोपेका छन् ।

## कति प्रकारका गुराँस रहेका छन् ?

अहिलेसम्म विभिन्न देशमा एक हजार १५७ प्रकारका गुराँस पाइएको छ। नेपाल सरकारमातहत रहेको वनस्पति विभागका अनुसार नेपालमा हालसम्म ३१ प्रजातिका गुराँस फेला परेका छन्। हाम्रा लागि खुसीको कुरा के छ भने नेपालको कुल वन क्षेत्रको लगभग १० प्रतिशतमा गुराँस प्रजातिका वन पाइन्छन्।

नेपालको पूर्वी भेगदेखि पश्चिम भेगसम्मै गुराँसका विभिन्न प्रजाति पाइने गरेको छ। त्यसो भए पनि नेपालको पूर्वी क्षेत्रमा बढी प्रजातिका गुराँस पाइएका छन्। वनस्पति विभागका अनुसार नेपालको ४३ जिल्लामा गुराँस पाइन्छ। हावापानी र ठाउँ अनुसार गुराँसका बोट होचा-अग्ला हुने गर्छन्। ■

आममान्यता के छ भने पुरुषभन्दा महिलाले बढी आँखा झिम्काउँछन् तर विज्ञानले यसो मान्दैन। वैज्ञानिकले भनेका छन् प्रायः मानिसले दुईदेखि १० सेकेन्डको अन्तरालमा आँखा झिम्काउने गर्छन्। यस हिसाबले प्रतिमिनेट औसतमा १० पटक मानिसले आँखा झिम्काउँछ। अर्को रोचक कुरा के छ भने हामीले कुनै कुरामा ध्यान केन्द्रित गरिराखेका बेला आँखा कम झिम्काउँछौं। जस्तै हामीले पढ्ने बेला प्रतिमिनेट करिब तीन पटक आँखा झिम्काउने गर्छौं। ■

*-युवामञ्च*

# साधु बनेका अङ्गुलीमाल

**भगवान् गौतम बुद्धको जीवनमा अनेकौँ महत्त्वपूर्ण घटना भए । तीमध्ये उनको जीवनकालमा भएको एउटा घटना विशेष छ । एक खुङ्खार डाँका भगवान् गौतम बुद्धलाई जङ्गलको एकान्तमा भेटेको बेलामा मार्न चाहन्थे तर उनी पछि बुद्धको पाउमा परे, उनको जीवन फेरियो ।**

भगवान् गौतम बुद्ध एसियाका ज्योति तथा विश्वशान्तिका अग्रदूत हुन् । भगवान् गौतम बुद्धको जन्म भएको, ज्ञान प्राप्त गरेको र महापरिनिर्वाण प्राप्त गरेको दिन वैशाख शुक्ल पूर्णिमाका दिनलाई बुद्ध जयन्ती पर्वका रूपमा मनाइन्छ ।

यो पर्व विश्वभरिकै बौद्ध धर्मावलम्बीको महान् पर्व हो । २५६३ वर्षअघि इसापूर्व ५६३ मा तिलौराकोटका राजा शुद्धोधन र रानी मायादेवीका सुपुत्रका रूपमा सिद्धार्थ गौतमको जन्म वैशाख पूर्णिमाको दिन भएको थियो । मायादेवी आफ्नो माइती देवदह जाने क्रममा लुम्बिनीमा

बुद्ध जन्मेका थिए। २९ वर्षको उमेरमा घरबार त्यागेर संसारलाई नै मुक्ति दिने उद्देश्य लिई निस्केका सिद्धार्थलाई छ वर्षको तपस्यापछि वैशाख शुक्ल पूर्णिमाकै दिन बुद्धत्व प्राप्त भएको थियो।

भारतको कुशीनगर भन्ने ठाउँमा उनले मुक्ति प्राप्त गरे। त्यो दिन पनि वैशाख पूर्णिमाकै थियो। यसैले बुद्धको जन्मेको स्थल लुम्बिनी, ज्ञान प्राप्त गरेको बोधगया र निर्वाण प्राप्तिको स्थान कुशीनगरमा वैशाख पूर्णिमाका दिन ठूलो मेला लाग्दछ। बौद्ध धर्मावलम्बीहरू यस पावन दिनलाई बडो हर्षका साथ मनाउँछन्।

भगवान् गौतम बुद्धको जीवनमा अनेकौँ महत्त्वपूर्ण घटना भए। तीमध्ये उनको जीवनकालमा भएको एउटा घटना विशेष छ। एक खुङ्खार डाँका भगवान् गौतम बुद्धलाई जङ्गलको एकान्तमा भेटेको बेलामा मार्न चाहन्थे तर उनी पछि बुद्धको पाउमा परे, उनको जीवन फेरियो।

महात्मा बुद्धको समयमा अङ्गुलीमाल नामका एक डरलाग्दा डाँका थिए। अङ्गुलीमालको बालककालको नाम अहिंसक थियो। उनका पिता कौशल नरेश प्रसेनजितको राजपुरोहित थिए। बालककालदेखि नै अहिंसकको शिक्षादीक्षाको व्यवस्था राज-गुरुकुलमा गरियो। गुरुकुलमा रहेर विद्याबुद्धिमा तेज, सबैको आज्ञा मान्ने भएकाले अहिंसक सबैका प्यारा थिए।

गुरुको प्यारो त उनी छँदै थिए, आज्ञाकारी पनि भएकाले गुरुआमा पनि उनलाई ज्यादा नै माया गर्दथिन्। यसबाट उनका साथी अहिंसकसँग ईर्ष्या गर्दथे। गुरुकुलको पढाइ पूरा भइसकेको थियो। गुरुकुलमा दीक्षान्त समारोहनजिक आउँदै गर्दा उनका ईर्ष्यालु साथीले आमाछोराको पवित्र सम्बन्धलाई कलङ्कको नाम दिएर गुरुलाई झुटो कुरा सुनाइदिए।

क्रोधमा आएर गुरुले अहिंसकसँग गुरुदक्षिणाका रूपमा मान्छेको दाहिने हातको एक हजार बूढीऔँला मागे।

आज्ञाकारी अहिंसकले गुरुको आज्ञा शिरोपर गरेर मान्छेको बूढीऔँला सङ्कलन गर्न लागे। कसैले पनि आफ्नो औँला काटेर दिने कुरा त आएन। गुरु-दक्षिणाका लागि अहिंसकले जे गरेर, जसो गरेर हुन्छ औँला सङ्कलन गरेर माला बनाई घाँटीमा लगाउन थाले। जब कुनै बटुवा जङ्गलको बाटो भएर हिँड्दथे अङ्गुलीमाल उसको धनसम्पत्ति लुट्दथे। त्यसपश्चात् बटुवालाई मारेर उसको बूढीऔँला काटेर मालाका रूपमा आफ्नो घाँटीमा लगाउँथे।

यसरी मान्छे मारेर औँलाको माला घाँटीमा लगाउने भएकाले उनलाई अङ्गुलीमाल भन्न

थालियो। अङ्गुलीमालको हत्या, हिंसा र आतङ्कको चर्चा मगध देशको सोनापुर गाउँ, शहर हुँदै महाराज प्रसेनजितको दरबारसम्म पुग्यो। महाराज प्रसेनजित अङ्गुलीमाललाई समातेर दण्ड दिने प्रयासमा थिए तर सबै प्रयास व्यर्थ भए।

त्यस समयमा भगवान् बुद्ध कौशल राज्यमा रहन्थे। उहाँले एक दिन आफ्ना शिष्यद्वारा डाँका अङ्गुलीमालको अत्याचारको जानकारी पाए। उनले त्यस डाँकालाई एक सन्त पुरुषमा रूपान्तरण गर्ने निश्चय गरे। त्यसैले एक दिन भोजनपश्चात् बुद्ध पात्र चिवर धारण गरेर अङ्गुलीमाल रहेको जङ्गलतिर विहारका लागि लागे।

त्यस भेगका किसान, ग्रामीणले उनलाई त्यहाँ नजान आग्रह गरे। बुद्धका शिष्यले पनि उनलाई यस्तो दुस्साहस नगर्न अनुरोध गरेका थिए तर बुद्धका कदम अङ्गुलीमाल रहेको जङ्गलतिर निर्भयका साथ अघि बढे। घनाजङ्गलको बीचमा पुगेपछि एक कठोर आवाज बुद्धको कानमा पऱ्यो- "ए तपस्वी! त्यहीँ रुक! कहाँ जाँदैछौ ? अगाडि नबढ!"

**अङ्गुलीमाल अवाक भयो। ऊ बुद्धका कुरा सुन्दै गयो। भगवान् बुद्ध भन्दै गए, "जसलाई तिमी जीवित गर्न सक्दैनौ। तिनीहरूको हत्या गरेर तिमीले कति ठूलो अधर्म गऱ्यौ !**

भगवान् बुद्ध यसरी हिँडिरहे मानौँ उनले केही सुनेका छैनन्। पछाडिबाट जोडले आवाज आयो "म भन्दैछु त्यही रोक!"

बुद्ध रोकिए र पछाडि फर्केर हेरे। उनले देखे अगाडि एक खुङ्खार कालो वर्णको मानिस उभिएको छ। अग्लो चौडा शरीर, राता आँखा भएको मानिस हातमा तरबार लिएर बुद्धलाई घुर्दै थियो। उसको घाँटीमा औँलाका माला झुन्डिएको थियो।

भगवान् बुद्धले शान्त र मधुर स्वरमा भने, "म त स्थिर नै छु! तर तिमी दौडिरहेका छौ, कुदिरहेका छौ। तिमी चाहिँ कहिले रोकिन्छौ ?"

अङ्गुलीमालले बुद्धको मुहारमा हेऱ्यो र चकित पऱ्यो। उनको अनुहारमा डर र त्रासको क्लेश थिएन। जो मानिसलाई उसले रोक्दथ्यो ऊ डर र त्रासले थरथर काँप्थ्यो।

अङ्गुलीमालले भन्यो, "हेर सन्न्यासी! तिमीलाई मेरो अगाडि उभिँदा हुँदा डर लागेको छैन ? हेर! मैले कति धेरै मानिसलाई मारेर उनीहरूको औँलाको माला लगाएको छु।"

अनि बुद्धले भने, "तिमीसँग के डराउनु। डराउनु नै छ भने ऊसँग डराउनु जो वास्तवमै बलवान् छ।"

यो कुरा सुनेर अङ्गुलीमालले जोडले हाँसेर भन्यो, "हे सन्न्यासी! तिमीले ठानेका छौ म बलवान् छैन! म त एक पटकमा १०/१० मानिसको शिर काट्न सक्छु।"

बुद्धले भने, "यदि तिमी साँच्चिकै बलवान् हौ भने जाऊ त्यो रुखको दुई पत्ता पात टिपेर ल्याऊ।"

अङ्गुलीमालले तुरुन्तै दुई पात टिपेर बुद्धका अगाडि ल्याइदिए। "ल यसमा के छ ? भन्छौ भने म रुख नै उखेलेर ल्याइदिऊँ!"

बुद्धले भने, "पर्दैन! रुख उखेल्नु आवश्यक छैन। यदि तिमी वास्तवमा नै बलवान् छौ भने यी पातलाई पुनः रुखका हाँगामा जोडिदेऊ!"

अङ्गुलीमालले क्रोधित हुँदै भन्यो, "असम्भव! रुखको हाँगाबाट टिपिसकेका पात फेरि कसरी जोड्न सकिन्छ ?"

बुद्धले भने, "तिमी जुन वस्तुलाई जोड्न सक्तैनौ, त्यसलाई तोड्ने अधिकार कसले दियो ?



एक मानिसको शिर जोड्न सक्दैनौ भने काट्नुमा के बहादुरी छ ? के तिमी यसैलाई आफ्नो बहादुरी सम्झन्छौ ?"

अङ्गुलीमाल अवाक भयो। ऊ बुद्धका कुरा सुन्दै गयो। भगवान् बुद्ध भन्दै गए, "जसलाई तिमी जीवित गर्न सक्दैनौ। तिनीहरूको हत्या गरेर तिमीले कति ठूलो अधर्म गऱ्यौ ! तिमीले कहिल्यै सोचेका छौ कति आमाको काख शून्य गरिदियौ ! दूधे बालकहरूलाई टुहुरो बनाइदियौ ! छोरी-बुहारीहरूको सिउँदो मेटाइदियौ ! असहाय र वृद्धहरूको सहारा छिनिदियौ !"

बुद्धले अगाडि भने, "तिमीमा सद्गुण अझै बाँकी छ। तिमीभित्र दया र प्रेमभाव अझै छ।"

अङ्गुलीमालले जवाफ दियो, "मेरो डरले तिमी यसो भन्दैछौ। नत्र सबै जना मलाई घृणा गर्छन्। मलाई मार्न चाहन्छन्।"

अनि बुद्धले भने, "यसैले तिमी पनि मान्छे मारेर हिँड्छौ ?"

अङ्गुलीमालले भन्यो, "मलाई मान्छेले अन्याय गरे। अनि मैले पनि बदलामा हिंसा गरें। यसो गर्दा मेरो मनको आगो शान्त हुन्छ।" बुद्धले भने, "आगोले आगो शान्त हुँदैन। पानीले नै आगो शान्त हुन्छ। शत्रुभावले शत्रुता मेटिँदैन। प्रेमले नै मेटिन्छ। सधैँ याद राख मनुष्यलाई शस्त्रले होइन प्रेमले मात्र जित्न सकिन्छ।"

बल्ल अङ्गुलीमाललाई आफूले अपराध गरेको महसुस भयो। एक अदृश्य शक्तिले उसको हृदयलाई छियाछिया पारिदियो। उसलाई अब आत्मग्लानि हुन थाल्यो। उसको हातबाट तरबार भुईंमा झऱ्यो।

अङ्गुलीमालले पश्चात्ताप गर्दै आफ्नो घाँटीमा लगाइरहेको औँलाको माला फुकालेर टाढा फ्याँक्यो। घोप्टो परेर भक्कानिएर बुद्धको चरणमा झुक्यो र भन्यो, "हे भन्ते ! मलाई माफ गरिदिनुहोस्। मैले बाटो बिराएको रहेछु। मबाट ठूलो अपराध हुन पुग्यो। मेरा आँखा खुले। तपाईं वास्तवमा महान् तपस्वी हुनुहुँदोरहेछ। तपाईं मलाई आफ्नो शरणमा लिनुहोस्।"

भगवान् बुद्धले उसलाई उठाए र आफ्नो शरणमा लिए। बुद्धले अङ्गुलीमाललाई भिक्षु बनाए, आत्मज्ञान प्रदान गरेर सच्चा साधु बनाए। उसको दानवी प्रवृत्तिलाई बुद्धले दैवी प्रवृत्तिमा रूपान्तरण गरिदिए। ■

*-बोधनाथ पौडेल*

# डा. गीता त्रिपाठी

कवि तथा समालोचक, प्राध्यापन

नेपाली साहित्यका क्षेत्रमा गीत र कविता सिर्जनामा लागिपरेर स्थापित बन्न सफल डा. गीता त्रिपाठी समालोचनाका क्षेत्रमा पनि उत्तिकै चर्चित छिन् । विसं २०६१ मा थुँगा : वनफूलका गीतसङ्ग्रह पहिलो पटक प्रकाशित गरेकी त्रिपाठीका नृशंस पर्खालहरु (कवितासङ्ग्रह, २०६१), दृष्टि विचरण (समालोचनासङ्ग्रह,२०६६),मएक्लोरउदासउस्तै (निबन्धसङ्ग्रह, २०७०), सिमलको गीत (कवितासङ्ग्रह, २०७१), सम्यक समीक्षा (२०८१) लगायतका एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् । साहित्यिक वृत्तमा आफ्नो छुट्टै प्रभाव स्थापित गर्न सफल त्रिपाठी सभा समारोहमा कुशल वक्ताका रुपमा पनि परिचित छन् । कविता र निबन्ध प्रतियोगितामा भाग लिएर थुप्रै पुरस्कार हात पार्न सफल त्रिपाठीलाई विभिन्न साहित्यिक सङ्घसंस्थाबाट एक दर्जनभन्दा बढी पुरस्कार तथा सम्मान प्राप्त छन् । अध्ययन, अनुसन्धान र लेखनमै रमाउने त्रिपाठी पुस्तक र जीवनबीच अन्योन्याश्रित सम्बन्ध रहेको बताउँछिन् ।

संसारमा पुस्तकको आविष्कार र विकास नभएको भए मानिसको मनोविज्ञान एक सीमित चक्रमा घुमिरहने, बाह्य प्रकृति र जीवनयापनका सीमित परिवेशमा चेतना साँघुरो हुने थियो होला भन्दै पुस्तकको महत्वबोध गराउँछिन् । पुस्तक नहुँदो हो त मानिसको ज्ञान र आविष्कार एकै पुस्तामा जमेर बस्थ्यो कि भन्दै उनी अहिलेको यो विशाल संस्कृति निर्माणमा विश्व असफल हुने थियो होला भन्छिन् ।

पुस्तक नहुँदाको क्षण कल्पनामै रहेकाले निरक्षर अभिभावकले आफ्ना सन्तानलाई पुस्तकका कुरा पढेर सुनाउन लगाउँदाको आनन्दानुभूतिले आफूभित्र पनि पुस्तकको गाहिरो छाप सानै उमेरदेखि नै परेको स्मरण सुनाउँछिन् । उमेरको प्रारम्भिक चरणमा पढेका पुस्तकमध्ये प्रभाव पारेको पहिलो पुस्तक रक्तिमको जनताका गीतहरु हुन् भन्छिन् । १० वर्षको उमेरमा पढेको किताब चेतना निर्माणको वयमा निरन्तर गुनगुनाउँदै हिँडेको रमाइलो स्मरण उनमा ताजै छ ।

उमेर, परिवेश र आवश्यकता अनुसार अध्ययनको रुचि फेरिने रहेछ उन्दै उनी भन्छिन्, १० देखि १५ वर्षको उमेरमा एकखालका र चेतनाको स्तर वृद्धिसँगै अध्ययनको रुचि अर्को चरणमा प्रवेश गर्ने साझा अनुभव भएको बताउँछिन् । घरमा सुन्दर पुस्तकालय नै खडा गरेकी त्रिपाठीले पछिल्लो समयमा पढेका र मन मस्तिष्कमा गाहिरो प्रभाव पारेका पाँच पुस्तक :

## भावुकताको सूर्यास्त अनास्थाको अन्धकार

प्रसिद्ध प्रगतिवादी साहित्यकार पारिजातद्वारा लिखित **'भावुकताको सूर्यास्त अनास्थाको अन्धकार'** कृतिले आत्मस्वीकारोक्ति र स्वको गम्भीर विश्लेषण गरेको छ। यस पुस्तकले पारिजातको जीवनगाथाका तरल पक्षहरू नियाल्न सहयोग गर्छ। पाठकलाई पारिजातको मनोवैज्ञानिक र शारीरिक सङ्घर्षसँग साक्षात्कार गराउँछ। उनको लेखनप्रति न्यायोचित एवं सकारात्मक दृष्टिकोण बनाउन सहयोग गर्ने भएकाले पाठकले उनको उच्चमूल्याङ्कन गर्ने आधार पाउने छन्। खासगरी स्वको प्रकटीकरणले लेखकको मूल्याङ्कनको सही आधार बन्ने तथ्य पुस्तकमा उजागर भएको छ।

## पानीको परेड

वरिष्ठ कवि दिनेश अधिकारीको पछिल्लो कविताकृति **'पानीको परेड'** ले मन मस्तिष्कमा गहिरो प्रभाव पारेको छ। यस सङ्ग्रहमा कविको चिन्तनको गहिराइ, मानवीय जीवन भोगाइ र युगीन सन्दर्भसँग निकै गहिरो दृटिकोण प्रकट भएको छ। प्रकृति र मानवताबाट विपरीत बगेको समयलाई दार्शनिक तहबाट सम्बोधन गरिएका अधिकांश कविताले सहृदयी पाठकलाई आफ्नै अनुभूतिको संसारतिर फर्काउन सक्षम छन्। शीर्षक नै भावनात्मक र प्रतीकात्मक रहेको यस सङ्ग्रहका कविता अनुभूतिमाथि यथार्थले खेलेको परेड अर्थात् खेलको कलात्मक प्रतिविम्बन हुन्।

## पितृसत्ता यौनिकता और समलैङ्गिकता




भारतीय नारीवादी लेखक सुजाताको **'पितृसत्ता यौनिकता और समलैङ्गिकता'** कृतिले समाजलाई हेर्ने पछिल्लो समयको चेतनाको आधारमा नारी र पुरुष प्रतिनिधित्वका सन्दर्भलाई विभिन्न सिद्धान्तमाथि नयाँ बहस प्रारम्भ गरेको छ। आलोचनात्मक दृष्टि निर्माणका निम्ति र नारी, नारीत्व, नारीवाद तथा समलैङ्गिक अध्ययनका क्षेत्रमा यो पुस्तक निकै गहकिलो रहेको छ।

## स्वरसम्राट नारायणगोपाल




चलचित्र निर्देशक एवं लेखक प्रकाश सायमीद्वारा लिखित **'स्वरसम्राट नारायणगोपाल'** जीवनीपरक कृति हो। यस कृतिले नेपाली जनजनको हृदयमा बसेका स्वरसम्राट नारायणगोपालको जीवनीका धनात्मक र ऋणात्मक पक्षहरू उद्घाटन गरेको छ। नारायणगोपालको गायन, चयन र उनको स्वाभिमानप्रतिको प्रतिबद्धता बुझ्न यस कृतिले पाठकलाई सघाउने देखिन्छ। स्वरोजाइको गीतियात्रा र त्यसको गुणात्मकता स्थापित गर्न नारायणगोपालले गरेको सङ्घर्ष नयाँ पुस्ताका निम्ति पक्कै पनि शिक्षाप्रद हुने छ। एकाध गीत गाएरै स्वयंलाई उच्चकोटिमा राख्नेहरू समाजमा धेरै छन्। यस्ताका लागि यस कृतिले धैर्य गर्न र निरन्तर लागिरहन प्रेरणा दिनेछ।

## मत्स्यकन्याको मुलुकमा

भारतीय मूलका नेपाली लेखक रण काफ्लेको नियात्रा कृति **'मत्स्यकन्याको मुलुकमा'** नेपाली सीमान्तीय माझी समुदायकी नारीपात्र चिनीमाया माझीको जीवनबाट प्रभावित भएर लेखिएको कृति हो। कृतिकारले नेपालको भ्रमण गरेर त्यसै यात्राको केन्द्रीयतामा तयार पारेको यस नियात्रा कृतिले दुई मुलुकबीचको भूराजनीतिक, भूसांस्कृतिक, अन्तरदेशीय र सजातीय नेपालीत्वसहितको विशेषता केलाउने काम गरेको छ। चिनीमायाको सङ्घर्ष र साहसको साँचो जीवनकथामा आधारित भएकाले चिनीमायाको जीवनको पाटो चिनाउनुका साथै एक नेपाली नारीको व्यक्तित्वलाई केलाएर अन्तर्राष्ट्रियस्तरको पात्र पहिचान दिलाउने काम गरेको छ। काफ्ले जस्ता उम्दा लेखकको नेपाली भाषा र साहित्यमा आवश्यकताबोध गराउन कृति सफल देखिन्छ। ■

*–प्रस्तुति : तुलसीहरि कोइराला*

# समसितको पीडा हटाउनै पर्छ

■ शीतल गिरी

**जुलुसका यस्ता घाइतेलाई अस्पताल पुऱ्याएर उपचार होइन अरू यातना दिइन्थ्यो ।**

धरणीधर कोइरालाको जन्म विसं १९४९ माघ २४ गते भयो । बालकृष्ण समको जन्मसमेत माघ २४ गते (विसं १९५९) भएको थियो ।

'मकैको खेती' लेखेबापत कठोर सजाय पाएर विसं १९८० मा जेलमै निधन हुने नेपालको पहिलो साहित्यिक शहीद मानिएका कृष्णलाल अधिकारीको पनि माघ २४ गते (विसं १९४४) नै जन्म भएको थियो ।

तर कुनै जिम्मेवार तहबाट अहिलेसम्म उनीहरूको जन्मजयन्ती मनाइएको देखिँदैन ।

विसं १९४२ मङ्सिर ६ गते राति धीरशमशेरका छोरा 'सत्रभाइ' राणाले सहोदर काका रणेद्वीप सिंहको हत्या गरे । त्यो हत्याकाण्डमा रणेद्वीपलाई पहिलो गोली हान्ने डम्बरशमशेर बालकृष्ण समका पितामह थिए ।

डम्बरशमशेर धीरशमशेरकी विवाहिता क्षेत्री पत्नीबाट नजन्मिएकाले उनलाई 'बेरोलवाला' को श्रेणीमा राखिएको थियो । आफ्नै गोलीले एक ठूलो परिवर्तनसँगै देशको सत्ता 'सत्रभाइ' राणाहरूमा आए पनि आफू बेरोलवाला हुनु परेको पीडा, असन्तोष र आक्रोश डम्बरशमशेरले आफूभित्रै दबाएर राख्नु पऱ्यो ।

राणाको अनेक प्रकारको थिचोमिचो, शोषण र हुकुमी कानुनको असहनीय

**समले नेपाल र नेपाली जनताको हकहितका निमित्त कलम मात्र चलाएनन् आफू र आफ्ना परिवारका सबै सदस्यलाई प्रजातन्त्र स्थापनाको सङ्घर्षमा समर्पित गरे ।**

दमनलाई बालकृष्ण शमशेर आफैँले पनि बेहोरिरहनु परेको थियो । राणाको विरोधमा २००७ को जनक्रान्तिमा सशक्त विद्रोहका साथ बालकृष्ण अघि आए ।

२००७ साल मङ्सिर १९ गतेको जुलुसमा राणाका सैनिक र पुलिसको लाठी प्रहारबाट न्हुछेरत्न तुलाधर गम्भीर रूपमा घाइते भएका थिए । उनी मुखबाट रगत बान्ता गर्दै ढले । उनलाई केही युवाले उठाएर लग्न खोज्दा पुलिसले फेरि लाठी प्रकार गऱ्यो । तिनै युवाले बेहोस न्हुछेरत्नलाई बोकेर भोटाहिटीबाट उनको घर असन पुऱ्याए ।

जुलुसका यस्ता घाइतेलाई अस्पताल पुऱ्याएर उपचार होइन अरू यातना दिइन्थ्यो । त्यसैकारण घरमै साधारण उपचार गर्दागर्दै त्यसै राति न्हुछेरत्नको निधन भयो ।

भोलिपल्ट मङ्सिर २० गते बिहान न्हुछेरत्नको घरमै पुगेर श्रद्धाञ्जली अर्पण गर्दै बालकृष्णशमशेर जङ्गबहादुर राणाले आफू र आफ्नो परिवारको नामबाट 'शेरजङ्गबहादुर राणा' भन्ने शब्दावलीलाई हटाएर त्यो शब्दावलीलाई देशमा प्रजातन्त्र स्थापनाको सङ्घर्षमा आफ्नो बलिदान दिने वीर शहीद न्हुछेरत्नप्रति समर्पण गरिदिए ।

सोही दिनदेखि उनले शेरजङ्गबहादुर राणा हटाएर बाँकी रहेको 'शम' लाई समतामूलक शब्द 'सम' मा परिणत गरेर आफू सत्तासीन राणावर्गमा होइन, १०४ वर्षदेखि थिचिएर रहेका शोषित जनताको पङ्क्तिमा उभिई 'बालकृष्ण सम' भएर रहने प्रतिबद्धता व्यक्त गरे । त्यसै दिन मङ्सिर २० गते अपराह्न बालकृष्ण समको नेतृत्वमा उनकी छोरी रश्मिराज्यलक्ष्मी शाह, छोरा जनार्दन सम, भाइ कर्णशमशेर राणा एवं डायमनशमशेर राणासमेत २५/३० जना राणा परिवारकै सदस्यको निरङ्कुश राणातन्त्रको विरोधमा एउटा जुलुस निस्क्यो । तीनधारा पाकशालाबाट 'ॐ शान्ति जय नेपाल' नारा लगाउँदै त्यो जुलुस् भोटाहिटी अगाडि पुग्दा लाठी प्रहार गरेर जुलुसका सबैलाई पक्राउ गरिएको थियो ।

समले नेपाल र नेपाली जनताको हकहितका निमित्त कलम मात्र चलाएनन् आफू र आफ्ना परिवारका सबै सदस्यलाई प्रजातन्त्र स्थापनाको सङ्घर्षमा समर्पित गरे ।

बालकृष्ण समका ज्वाइँ जगतप्रकाश शाह २०१५ सालको आमचुनावमा निर्वाचन क्षेत्र १०७ नुवाकोट उत्तरबाट नेपाली कांग्रेसको उम्मेदवार थिए । २०१६ सालमा बीपी कोइरालाको प्रधानमन्त्रित्वमा नेपालमा पहिलो जननिर्वाचित सरकार गठन भयो । त्यो सरकारका योजना र कार्यक्रममा अनेकन व्यवधान देखा परे । जसमध्ये एउटा थियो पश्चिम १ नम्बर काण्ड ।

पश्चिम १ नम्बरमा जाति-जातिबीच हुन गएको सङ्घर्षलाई साम्य पार्न र सबैमा पारस्परिक सद्भाव कायम गर्न जगतप्रकाशजङ्ग शाहले अथक् प्रयास गरेका थिए । २०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरे । जननिर्वाचित प्रधानमन्त्रीलगायत मन्त्री र राजनीतिक कार्यकर्ता सबैलाई बन्दी बनाएर जनताका यावत् अधिकार खोसे ।

महेन्द्र राजाले जननिर्वाचित सरकारलाई अपदस्थ गरेको विरोधमा २०१७ साल फागुन १२ गते महिलाले काठमाडौँमा विशाल जुलुस प्रदर्शन गरे । जुलुसको नेतृत्व पङ्क्तिमा रहेका महिला नोना कोइराला, रश्मिराज्यक्ष्मी शाहसमेत धेरैलाई बर्बर तवरले कुटपिट गरियो । पक्राउ गरेर 'सदर जनाना जेल' मा राखिएको केही महिनापछि जेलबाट रश्मिराज्यलक्ष्मीलाई रिहा गरियो ।

जेलबाट रिहा भएपछि उनी महेन्द्रको निरङ्कुशताको विरोधमा नेपाली कांग्रेसले प्रारम्भ गरेको सङ्घर्षलाई सहयोग पुऱ्याउन भूमिगत तवरले कोलकाता पुगिन् । जगतप्रकाश शाह पुस १ गतेको राष्ट्रघातपछि तुरुन्त भूमिगत भए । अनि धेरै साथीलाई लिएर माघ महिनामा

स्रोतः थर्डटेक्स्ट

कोलकाता पुगे। २०१८ सालको प्रारम्भसँगै महेन्द्रको सर्वसत्तावादको विरोधमा नेपाली कांग्रेसले सुरु गरेको सशस्त्र सङ्घर्षमा जगतप्रकाश शाहले प्रभावकारी भूमिका निर्वाह गरेका थिए।

सशस्त्र सङ्घर्षमा सहभागी ११ जनालाई दरबारको कडा निर्देशनमा क्रुरताका साथ २०१८ साल माघ २८ गते चितवनको सङ्घर्षमा समातिएपछि त्यसै दिन जिउँदै खाडलमा पुरेर मारियो। २०१८/२०१९ को सङ्घर्षमा र त्यसपछिका अरू सबै सङ्घर्षमा धेरै वर्षसम्म मानिसलाई जिउँदै खाडलमा हाल्ने, पक्राउ परेकाको टाउको काट्ने जस्ता नृशंस कार्य भइरहे।

जगतप्रकाशजङ्ग शाहलाई समातेर जिउँदै खाडलमा हालेर मारिएको हृदयविदारक कुरा रश्मिराज्यलक्ष्मी शाहले थाहा पाएपछि आत्महत्याबाहेक उनले कष्ट निवारणको अरू विकल्प देखिन्न तर एक दुई पटक आत्महत्याको प्रयत्नबाट उनलाई बचाइयो। रश्मिराज्यलक्ष्मी शाह २०१९ सालको तीजको राति मृत्युमा लीन भएको दुःखद खबर सुवर्णशमशेरले कोलकाताबाट पठाएका थिए बालकृष्ण समलाई।

तर निरङ्कुशताको कडा नियन्त्रणभित्र राखिएको काठमाडौँमा त्यसबेला भूमिगत तवरले कसैले कोलकाताबाट आएर समलाई सुवर्णशमशेरको पत्र हस्तान्तरण गर्न त्यति सजिलो थिएन। नेपाली कांग्रेसले देशबाहिरबाट एउटा सानो सम्पर्क सूत्रको आधार अत्यन्त गोप्य रूपमा सेन्ट्रल होस्टेलमा बस्ने केही विद्यार्थीसित पनि कायम गरेको थियो। २०१९ साल असोजको एक साँझ त्यही सम्पर्क सूत्रमा दिइएको कोड शब्द लिएर एक जनाले तत्कालीन विद्यार्थी पुरुषोत्तम बस्नेतलाई भेटे।

ती व्यक्तिलाई दिइएको तीन ठाउँमध्ये एकमा सम्पर्क गर्नेमध्ये एउटा सम्पर्क सूत्र पुरुषोतम बस्नेत थिए। अरू दुई जनासँग सम्पर्क हुन नसकेपछि ती व्यक्तिले बस्नेतलाई भेटे।

तत्कालीन परिस्थिति अनुसार पत्र ल्याउने व्यक्ति जनकपुरका मास्टर बलभद्र झा थिए। काम केवल सुवर्णशमशेरको पत्र समलाई हस्तान्तरण गर्ने थियो। महानन्द सापकोटाका छोरा हेमराज सापकोटासँग बस्नेतले सहयोग मागे। किनभने हेमराजको समसँग चिनजान थियो। हेमराज पनि होस्टेलमै बस्थे।

हेमराजसमेत होस्टेलका केही विद्यार्थी एउटा साहित्यिक पत्रिका निकाल्ने सुरसार गर्दै थिए। एक-दुई पटक त्यही सन्दर्भमा हेमराजसँग दुई-तीन जनाले समलाई उनकै वासस्थानमा भेटेका थिए। त्यस्तो पत्र समलाई बुझाउनुअघि धेरै कोणबाट सोच विचार गरियो। हेमराजको सल्लाह थियो विजय मल्ललाई पनि लिएर जाने। विजय मल्लसित हेमराज र बस्नेतको आत्मीय सम्बन्ध स्थापित भइसकेको थियो। यी दुई उनलाई 'विजय दाइ' भन्थे। विजय मल्ललाई नयाँ सडकमा भेटेर समलाई आएको पत्रका बारेमा जानकारी गराइएको थियो। भोलिपल्ट बिहान विजय मल्ल, जयवरसिंह, पुरुषोतम बस्नेत र हेमराज सापकोटाले कमलपोखरीको कृष्ण पाउरोटी भण्डारअगाडि जम्मा भएर समलाई भेटे। रश्मिराज्यलक्ष्मी शाहको निधनको पीडादायी समाचार केही पहिले नै समले पाइसकेको हुँदा उनले त्यसैको समवेदना प्रकट गर्न आएको सम्झिए।

पुरुषोतम बस्नेतको हातबाट कोलकाताबाट आएको पत्र खोलेर पढेपछि रोक्दारोक्दै पनि आफ्ना आँखाबाट झरेको आँसु उनले पछाडि फर्केर पुछेका थिए। ■

# चर्चित व्यक्तिको उपनाम

| | | |
|---|---|---|
| १. | जियोफ्रे चाउसर | फादर अफ इलिस लिटरेचर । |
| २. | एडोल्फ हिटलर | फ्युहरर । |
| ३. | नेपोलियन बोनापार्ट | लिटिल कर्पोरल । |
| ४. | फ्लोरेन्स नाइटिङ्गेल | लेडी विथ द ल्याम्प । |
| ५. | ओटो भान विमार्क | म्यान अफ ब्लड एन्ड आइरन । |
| ६. | स्यामुयल ल्याङहर्न क्लेमेन्स | मार्क ट्वेन । |
| ७. | तेन्जिङ नोर्गे | टाइगर अफ स्नो । |
| ८. | हुयेन साङ | प्रिन्स अफ पिल्ग्रिम्स । |
| ९. | विलियम शेक्सपियर | बार्ड अफ एभन । |
| १०. | हिप्पोक्रेट्स | फादर अफ मेडिसिन । |
| ११. | क्विन एलिजावेथ | कुमारी महारानी । |
| १२. | महात्मा गान्धी | बापू । |
| १३. | वाल्मीकि | आदिकवि । |
| १४. | मदर टेरेसा | मदर । |
| १५. | रवीन्द्रनाथ टैगोर | गुरुदेव । |
| १६. | गौतम बुद्ध | लाइट अफ एसिया । |
| १७. | चाणक्य | मेकियाबेली अफ इन्डिया । |
| १८. | लता मङ्गेशकर | स्वर कोकिला । |
| १९. | इन्दिरा गान्धी | आइरन लेडी अफ इन्डिया । |
| २०. | एड्मन्ड स्पेन्सर | कविहरूको कवि । |
| २१. | अल्बर्ट आइन्सटाइन | फादर अफ मोडर्न फिजिक्स । |
| २२. | नेल्सन मण्डेला | मदिबा । |
| २३. | विन्स्टन चर्चिल | दी ब्रिटिस बुलडग । |
| २४. | ब्रुस ली | दी ड्रागन । |
| २५. | कालिदास | शेक्सपियर अफ इन्डिया । |
| २६. | म्याडोना | क्विन अफ पप । |
| २७. | मार्ग्रेट थ्याचर | आइरन लेडी । |
| २८. | माइकल ज्याक्सन | दी किङ अफ पप । |
| २९. | एल्भिस प्रेस्ले | दी किङ अफ रक एन्ड रोल । ■ |

नेपोलियन बोनापार्ट

तेन्जिङ नोर्गे

माइकल ज्याक्सन

**हिन्दुले यस पुललाई भगवान् रामले लङ्कामा जानका लागि निर्माण गरेको भनेर रामायणमा वर्णित पुलका रूपमा व्याख्या गर्छन् । जस अनुसार रामका सेनामा नल र नील नामका दुई बाँदर थिए ।**

# राम-सेतु

■ ईश्वर पोखरेल

भारतको दक्षिणपूर्वी प्रदेश तामिलनाडुको रामेश्वरम र श्रीलङ्काको पूर्वोत्तर क्षेत्रमा रहेको मन्नार द्वीपका बीचमा चुनको ढुङ्गाबाट निर्मित एक शृङ्खला छ। यस चुनको चट्टान वा ढुङ्गाको शृङ्खलालाई भारतमा रामसेतु भनिन्छ भने बाँकी विश्वमा यो 'एडम्स ब्रिज' (आदमको पुल) भनेर चिनिन्छ। यस रामसेतुको लम्बाइ ४८ किलोमिटर छ।

हिन्दुले यस पुललाई भगवान् रामले लङ्कामा जानका लागि निर्माण गरेको भनेर रामायणमा वर्णित पुलका रूपमा व्याख्या गर्छन् । जस अनुसार रामका सेनामा नल र नील नामका दुई बाँदर थिए। तिनै दुई बाँदरले ढुङ्गा/पत्थर हालेर यो पुल निर्माण गरेका हुन् ।

संस्कृत महाकाव्य 'रामायण' को 'युद्ध काण्ड' मा भगवान् रामले लङ्का द्वीपमा पुग्न र रावणबाट आफ्नी पत्नी सीतालाई बचाउन/फिर्ता ल्याउन यस पुलको निर्माण गरेको सन्दर्भ उल्लेख छ। रामायणको लङ्का नै हालको श्रीलङ्का हो र त्यो पुल नै राम-सेतु हो भन्ने हिन्दु मान्यता रहेको छ।

राम-सेतुलाई लिएर इतिहासकार र पुरातत्त्वविद्हरू भन्छन्, कोरल र सिलिका पत्थर/ढुङ्गा तातेपछि तिनका बीचमा हावा पस्छ अनि ती हलुका हुन्छन्। हलुका भएपछि ती पत्थर पानीमा तैरिनु स्वाभाविक हो। यस्तै खालका पत्थरलाई प्रयोग गरेर यो पुल निर्माण भएको हो।

इतिहासकारहरूको दाबी छ, सन् १४८० मा आएको एक आँधीले यस पुललाई छिन्नभिन्न पारिदियो। त्यसपछि यो आवागमनका लागि अनुकूल रहेन। त्यसअघि त मानिसले भारत र श्रीलङ्काबीच ओहोरदोहोर गर्न यही पुल प्रयोग गर्दथे।

अमेरिकाको 'साइन्स च्यानल' ले तथ्यहरूका आधारमा यस पुलमा प्रयोग भएका पत्थर झन्डै सात हजार वर्ष पुराना हुन् भनेको छ। यस च्यानलले यो पुल प्राकृतिक होइन, मानव निर्मित हो भन्ने तथ्य पनि प्रकाशमा ल्याएको छ। ■

# परिवर्तित अमेरिकी नीतिको प्रभाव

■ रामप्रसाद आचार्य

अमेरिकाले विश्वभरि सहयोग गर्दै आएको छ। अमेरिकी सहयोगले गरिब, असहाय, शरणार्थीलाई खाद्यान्नदेखि बालबालिकालाई शिक्षा र खोपसम्मको पहुँच पुऱ्याउने गरेको छ। अमेरिकाले लगाएको यो गुन बिर्सन सकिँदैन तर एकाएक अमेरिकी सहयोग नियोग (युएसएआइडी) का धेरै कार्यक्रम बन्द भएका छन्।

वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा आएसँगै युएसएआइडीका धेरै कार्यक्रम बन्द हुँदा त्यसको असर विश्वभरि परेको छ।

सामाजिक सञ्जाल 'एक्स' मा लेख्दै विदेशमन्त्री मार्को रुबिओले उक्त नियोगले १० औँ अर्ब डलर अमेरिकी स्वार्थ अनुकूल नहुने ठाउँमा वा प्रतिकूल हुने गरी खर्च गरिएको दाबी गर्दै सोही कारणले नियोगका कार्यक्रम बन्द गर्नु परेको स्पष्ट पारे। नियोगका ८२ प्रतिशत कार्यक्रम बन्द गरिएका छन्। अब बाँकी १८ प्रतिशत कार्यक्रम पनि अब अमेरिकी

विदेश मन्त्रालयबाटै सञ्चालन हुने तय गरिएको छ ।

अमेरिकी सहयोग आउन छोडेपछि बालस्वास्थ्य र शिक्षाका लागि काम गर्ने संस्थाहरू पनि अलमलमा परेका छन् । विश्वभरिका मानवीय सहायता कार्यक्रममा सामेल सङ्घ संस्थाले लामो समयदेखि चलिरहेका युएसएआइडीका सहायता कार्यक्रम बन्द हुँदा अहिले नै त्यसका गम्भीर परिणाम देखा परिसकेको र कतिपय ठाउँमा मानव जीवनसमेत जोखिममा पर्ने चेतावनी दिएका छन् । ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय जगत्मा गर्ने खर्च उसको 'अमेरिका पहिले' भन्ने नीतिसँग मेल खानुपर्ने बारम्बार बताउँदै आएको छ ।

गएको जनवरी २० मा ट्रम्पले दोस्रो कार्यकाल समाल्नेबित्तिकै युएसएआइडीका हजारौँ कर्मचारीलाई बिदामा बस्न भनियो भने विदेशमा खटेका कर्मचारीलाई फिर्ता बोलाइएको थियो । पहिलो दिनमै हस्ताक्षर गरिएको कार्यकारी आदेशमा ट्रम्पले अन्तर्राष्ट्रिय सहायतालाई पनि रोक्का गर्दै युएसएआइडीका विदेशस्थित कामको समीक्षा गर्न आदेश दिए । ती समीक्षा गर्ने जिम्मेदारी इलोन मस्क नेतृत्वको डिपार्टमेन्ट अफ गभर्न्मेन्ट इफिसेन्सी (डिओजिई) लाई दिइएको थियो ।

विकास सहायता कार्यसम्बन्धी हजारौँ ठेक्का रद्द गरिए अनि हजारौँ कर्मचारीलाई अन्ततः बर्खास्त गरियो । विदेशमन्त्री रुबिओले समीक्षाका आधारमा अमेरिकाले युएसएआइडीका छ हजार दुई सय कार्यक्रममध्ये करिब पाँच हजार दुई सय कार्यक्रमलाई औपचारिक रूपमै बन्द गरिएको जनाएका छन् ।

डेमोक्रेटिक पार्टी अनि कैयौँ मानवीय सहायता संस्थाले युएसएआइडीका कार्यक्रम रोक्ने कार्य अवैध भन्दै मुद्दा हालेका छन् । विश्वभरि युएसएआइडीलाई विभिन्न कार्य दिइएको थियो । जसमा भोकमरीको अनुगमनदेखि पोलिओ खोप तथा द्वन्द्वग्रस्त क्षेत्रमा खाद्य सहयोगसम्म रहेका थिए । उसका कार्यक्रम रोक्का गरिएपछि त्यसको असर देखा पर्न थालिसकेको छ । सुडानमा मानवीय सहायता बन्द हुँदा त्यहाँको गृहयुद्धमा परेका अति विपन्न मानिसका निम्ति खडा गरिएका सामुदायिक भान्सा बन्द भएका छन् । यसबाट करिब २० लाख मानिस प्रभावित भएको अनुमान छ ।

तालिबान सरकारले महिला शिक्षामा बन्देज लगाएपछि भागेर ओमान पुगेका दर्जनौँ अफगान महिला अब तिनलाई युएसएआइडीमार्फत प्राप्त छात्रवृत्ति अकस्मात् रोकिएपछि अन्योलमा परेका छन् र स्वदेश फर्कन बाध्यतामा छन् । त्यस्तै भारतमा तेस्रो लिङ्गीहरूका निम्ति तीनवटा सहरमा खोलिएका मेडिकल क्लिनिक बन्द गरिएको छ ।

युएसएआइडी अमेरिकी सरकारका तर्फबाट विश्वभरि मानवीय सहायतासम्बन्धी कार्यक्रमहरू हेर्नका लागि सन् १९६० को दशकको आरम्भतिर गठन गरिएको थियो। यसमा झन्डै १० हजार कर्मचारी थिए।

विश्वका ६० वटाभन्दा बढी देशमा यो निकायका आधार क्षेत्र थिए। त्यसबाहेक अरू दर्जनौं देशमा पनि यस संस्थाले काम गरेको छ। अमेरिकाका राष्ट्रपति ट्रम्पले अमेरिकाले विशुद्ध मानवीय सेवाका लागि उपलब्ध गराइएको रकम गलत ठाउँमा प्रयोग भई अमेरिकाको नीतिसँग मेल नखाने भएकाले सहयोग बन्द गर्नु परेको दाबी गरे तर अमेरिकाले उपलब्ध गराएको सहयोग कहाँ कहाँ गलत ढङ्गले प्रयोग भयो भन्नेबारे खुलाइएको छैन। राष्ट्रपति ट्रम्पको यो कदमको सत्तारूढ रिपब्लिकन पार्टीभित्र पनि आलोचना भएको छ भने प्रमुख विपक्षी दल डेमोक्रेटिक पार्टीले त तीव्र आक्रोश व्यक्त गर्दै अदालतमा मुद्दासमेत दायर गरेको छ।

अमेरिकाले वैदेशिक सहयोगका कार्यक्रम रोकेपछि अब त्यो ठाउँ कसले लिने होला भनेर विश्वभरि चिन्ता र चासो बढेको छ। अन्तर्राष्ट्रिय सहयोग दिने अमेरिकी सरकारको मुख्य निकाय उसका प्रतिबद्धताबाट पन्छिएपछि त्यस्तो खाले सहयोगका लागि चीन अगाडि सर्ने अनुमान गरिएको छ।

कम्बोडियाको हकमा त चीन अघि सरिसकेको छ। त्यहाँ अझसम्म पनि गैरसैनिकहरूको ज्यान लिँदै तथा युद्धकालमा जमिनमुनि बिछ्याइएका विस्फोटक पदार्थ हटाउने कार्यमा दशकौँदेखि अन्तर्राष्ट्रिय सहयोग प्राप्त थियो।

तर ट्रम्प प्रशासनले विदेशी सहयोग रोकिदिएको एकै साता नबित्दै त्यस्ता गाडिएका विस्फोटक पदार्थ हटाउन कार्यरत कम्बोडियन माइन एक्सन सेन्टर (सिएमएसी) ले उसको कार्यक्रम २०२५ को मार्चदेखि थप एक वर्ष सञ्चालन गर्न चीनले ४४ लाख डलर सहयोग गरेको छ।

त्यहाँ अमेरिका अचानक पन्छिएपछि देखा परेको अन्योल चीनले अन्त्य गरिदिएको छ। चीनले आफ्नो 'सफ्ट पावर' सुदृढ पार्न अनि ग्लोबल साउथ भनिने अफ्रिका, ल्याटिन अमेरिका, एसिया र ओसनियाका विकासशील देशहरूको समूहसँगको सम्बन्ध सुधार्न चाहेको छ।

कम्बोडियामा चीनले दिएको तत्काल प्रतिक्रिया महत्त्वपूर्ण छ तर त्यसबाट चीन, अमेरिकाले उठाउँदै आएको अन्तर्राष्ट्रिय सहयोगको जिम्मेवारी आफ्नो काँधमा लिन उत्सुक रहेको वा अमेरिकाले छाडेको खाली ठाउँ भर्ने उसको क्षमता रहेको चाहिँ नदेखिने विज्ञहरू बताउँछन्।

अन्तर्राष्ट्रिय विकासका लागि चीन एक महत्त्वपूर्ण खेलाडी भएको छ। सन् २००० र २०२१ को बीचमा चीनले १३ खर्ब ४० अर्ब डलर लगानी गरेको थियो भने सन् २००१ र २०२३ को बीचमा अमेरिकाले १२ खर्ब ४०

अर्ब डलर लगानी गरेको थियो अर्थात् चीन सबभन्दा ठूलो अन्तर्राष्ट्रिय विकास लगानीकर्ता बनेको छ ।

चीनका राष्ट्रपति सी चिनफिङले घोषणा गरेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत चीनको सहयोग व्यापक परिमाणमा बढेको छ ।

सन् २०१८ मा चीनले आफ्ना सहयोग प्रयासलाई अन्तर्राष्ट्रिय विकास सहायता एजेन्सी (सिआइडिसिए) मार्फत सञ्चालन गरेको छ । यो अमेरिकाको युएसएआइडी जस्तो सहयोगी निकाय हो तर बेइजिङले दिने सहयोगको मोडल भने वासिङ्टनको भन्दा निकै भिन्न छ ।

अमेरिकी सहयोग स्वास्थ्य तथा मानवीय राहतमा बढ्ता केन्द्रित रहँदै गर्दा चीनको ध्यान भने ठूलास्तरका पूर्वाधार, ऊर्जा तथा खनिज उत्खनन आयोजनामा केन्द्रित रहेको छ ।

बेइजिङले ग्लोबल साउथका देशहरूमाझ स्रोत र ज्ञानको आदानप्रदानमा केन्द्रित यस (नीति)

# मङ्गल ग्रहमा इन्टरनेट सेवा

मङ्गल ग्रहमा पृथ्वीमा भन्दा लाखौँ गुणा तीव्र गतिको इन्टरनेट सेवा सुरु हुँदै छ । अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा) ले मङ्गल ग्रहमा उच्च गतिको इन्टरनेट सेवा स्थापित गर्ने विषयमा छिटै काम सुरु गर्ने भएको छ ।

वास्तवमा यो नासाको गहन अन्तरिक्ष इन्टरनेट सञ्जाल योजना (डिप स्पेस इन्टरनेट नेटवर्क प्लान) हो । यसको सबैभन्दा पहिलो लाभ मङ्गल ग्रहलाई प्राप्त हुने छ । डिप स्पेस अप्टिकल कम्युनिकेसन (डिएसओसी) नामक नयाँ प्रविधिको परीक्षण हाल नासाको साइकी अन्तरिक्ष यानमा गरिँदै छ र अहिलेसम्मको परिणाम आशाजनक छ ।

यो प्रणालीले दुरस्थ अन्तरिक्षमा डाटा प्रसारणका लागि पारम्परिक रेडियो ट्रान्समिसनको साटो शक्तिशाली लेजरको प्रयोग गर्दछ । यसबाट मौजुदा विधिको तुलनामा सय गुणा अधिक गति प्राप्त हुन्छ ।



यो प्रविधिबाट लाखौँ किलोमिटर टाढासम्म एचडी भिडियो तथा जटिल डाटा प्रेषित गर्न सकिन्छ ।

लाई 'दक्षिण–दक्षिण सहयोग' को संज्ञा दिएको छ। सहयोग शैलीमा चीनले आफूलाई पश्चिमा भन्दा भिन्न राखेको छ र सहयोगको आडमा अरू देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको आरोप पश्चिमा जगत्माथि लगाएको छ।

कतिपय विज्ञहरू भने चीनले युएसएआइडीलाई विस्थापित गरिहाल्न सम्भव नभएको बताउँछन्। त्यसका अतिरिक्त अर्को मुख्य चुनौती बन्दोबस्तीको हो। अमेरिकाले दशकौँसम्म लगाएर गैरसरकारी संस्था, सरकारहरू अनि स्थानीय समुदायसँगको साझेदारीमा अन्तर्राष्ट्रिय सहयोगको सघन सञ्जाल स्थापना गरेको छ। चीनसँग भने त्यो संरचना छैन। त्यस्तो संरचना बनाउन दशकौँ नभए पनि वर्षौं लाग्छ।

अफ्रिकाभरि 'रङ्गशाला कूटनीति' अन्तर्गत रङ्गशालाको निर्माणमा सहयोग गर्नुदेखि लिएर ल्याटिन अमेरिकामा विशाल बन्दरगाह निर्माणमा गरेको सहयोगमार्फत बेइजिङले ठूला विकास आयोजनाका निम्ति भरपर्दो साझेदारका रूपमा आफूलाई स्थापित गर्न खोजेको छ। उसले विकास सहायताका निम्ति राख्ने गरेको एक महत्त्वपूर्ण शर्तचाहिँ 'एक चीन' सिद्धान्तप्रति समर्थन हो। ■




अर्थात् यो प्रविधिबाट अन्तरिक्ष वा मङ्गल ग्रहमा हुने अनुसन्धानका डाटा, भिडियो, अडियो तथा तस्बिर सजिलैसँग केही सेकेन्डमै पृथ्वीमा प्राप्त हुने छन्।

डिएसओसी प्रविधि यसअघि नै ४६ करोड किलोमिटर टाढाबाट डाटा प्रेषित गर्नमा सक्षम भइसकेको छ। जुन पृथ्वी र मङ्गलबीचको दूरीभन्दा पनि धेरै छ। नजिकको दूरी जस्तै पृथ्वी र मङ्गलबीचको पाँच करोड ३० लाख किलोमिटरको दूरीमा यो प्रविधिले २६७ मेगाबिट प्रतिसेकेन्डको गतिमा डाटा प्रसारण गर्ने छ। यो उच्च गतिको इन्टरनेटको क्षेत्रमा एउटा चमत्कार नै हो।

नासाको जेट प्रोपल्सन प्रयोगशालामा डिएसओसी परियोजनाका एक प्राविधिकका अनुसार उक्त प्रविधिको परीक्षणमा प्राप्त नतिजा निकै उत्साहप्रद तथा अपेक्षाभन्दा पनि अब्बल छ। यद्यपि यो प्रविधि अहिले आफ्नो प्रायोगिक चरणमै रहेको छ। ■

**जिलेस्पीजङ्ग कार्की नेपाली फुटबलमा अहिले एक चर्चित नाम भएको छ। नेपाली राष्ट्रिय फुटबल टिमका फरवार्ड हुन् जिलेस्पी। राष्ट्रिय टिममा जिलेस्पीले ढिलै अवसर पाए। सन् २०२३ को सेप्टेम्बरमा म्यान्मारविरुद्धको मैत्री खेल खेलेर जिलेस्पीले अन्तर्राष्ट्रिय फुटबलमा पदार्पण गर्दा उनी करिब २५ वर्षका थिए। त्यसपछि जिलेस्पी राष्ट्रिय टिममा नियमित छन्।**

राष्ट्रिय टिमबाट गोल गर्ने जिम्मेवारी समालेको करिब डेढ वर्षमा जिलेस्पीले १३ खेल खेलिसकेका छन्। सुरुवात खासै सम्झनलायक नरहे पनि पछिल्ला केही खेलमा जिलेस्पी बेजोड स्ट्राइकरका रूपमा उदाए। नेपालले खेलेका पछिल्ला पाँच खेलमा जिलेस्पीले तीन गोल गरेका छन्।

फिफा विश्वकप र एएफसी एसियन कपको संयुक्त छनोटमा नेपाल र यमनबीच २-२ ले बराबर भएको खेलमा जिलेस्पीले गोल गरेका थिए। जुन उनको पहिलो अन्तर्राष्ट्रिय गोल थियो। त्यसपछि उनले गत नोभेम्बरमा अफगानिस्तानविरुद्ध गोल गरे। सो खेलमा नेपाल २-० ले विजयी भयो। गत वर्ष चैत महिनामा जिलेस्पीकै गोलबाट नेपालले सिङ्गापुरलाई उसकै मैदानमा १-० ले हरायो। जुन इतिहासमा नेपालको सिङ्गापुरविरुद्ध पहिलो जित बन्यो। जिलेस्पीले गोल गरेको खेलमा नेपालले हार बेहोर्नु परेको छैन।

एएफसी एसियन कप-२०२७ छनोट अन्तर्गत मलेसियाविरुद्धको पछिल्लो खेलमा नेपाली फुटबलका नयाँ प्रशिक्षक म्याट रोसले जिलेस्पीलाई नै प्रमुख स्ट्राइकरको जिम्मेवारी दिए। अन्जन विष्ट टिममा हुँदाहुँदै अस्ट्रेलियाली प्रशिक्षक रोसको जिलेस्पीमाथिको विश्वासले अबका केही वर्ष नेपाली फुटबलमा गोल गर्ने प्रमुख जिम्मेवारी जिलेस्पीकै काँधमा रहने देखिन्छ।

जिलेस्पीको रगतमै फुटबल छ। उनका दाजु जर्ज प्रिन्स कार्की पनि घरेलु फुटबलका चर्चित खेलाडी हुन्। धुलिखेलमा जन्मेका जिलेस्पीमा फुटबलको मोह स्कुलमा अध्ययनरत छँदा नै विकास भइसकेको थियो। दाइ जर्ज प्रिन्ससँग खेल्दाखेल्दै उनको पदचिह्न पछ्याउँदै उनी फुटबलमा होमिए। त्यसैले पनि जिलेस्पी आफ्नै दाइलाई फुटबलमा आदर्श मान्ने गर्छन्।

भक्तपुरस्थित सैनिक आवासीय महाविद्यालयबाट एसइई दिएका जिलेस्पी १८ वर्षको उमेरमै सेनामा भर्ना भए। त्यहाँ नेपालकै ठूलो क्लबमध्ये एक त्रिभुवन आर्मी क्लब थियो तर उनले आर्मीको सिनियर टिमबाट खेल्न पनि कुर्नु पर्‍यो। यसबीच उनले २०७८ सालमा टुसाल युथ क्लबबाट 'बी' डिभिजन खेले। सो लिगमा विन्गरका रूपमा खेलेर उनले चार गोल गरेका थिए। सो प्रतियोगितामा प्रभावकारी प्रदर्शन गरेको एक वर्षपछि जिलेस्पीले आर्मी क्लबबाटै सहिद स्मारक 'ए' डिभिजन लिग खेल्ने अवसर पाए। आफ्नो पहिलो शीर्ष लिगमा जिलेस्पीले छ गोल गरेका थिए।

नेपालमा अहिले राष्ट्रिय टिममा रहेका प्रायः खेलाडी उमेर समूहबाट खारिँदै आएका

छन्। जिलेस्पी भने अपवाद हुन्। जिलेस्पीले सिधै सिनियर राष्ट्रिय टोलीमा स्थान बनाए। अहिलेको आधुनिक फुटबलमा स्ट्राइकर अग्लो र बलियो हुनु पर्छ। जिलेस्पी त्यस्तै छन्। छ फिट एक इन्च अग्ला जिलेस्पीमा एक स्ट्राइकरमा हुनुपर्ने सबै गुण छ। उनी विन्गबाट पनि खेल्न सक्छन्। त्यसैले जिलेस्पी मैदानमा हुँदा प्रशिक्षकलाई रणनीति बनाउन पनि सजिलो हुन्छ।

हाल जिलेस्पी नेपाल सुपर लिग (एनएसएल) मा नयाँ जर्सी र टिमका लागि खेलिरहेका छन्। अहिलेको उनको लक्ष्य भनेको आफ्नो नयाँ टिम काठमाडौँ रेन्जर्सलाई एनएसएल च्याम्पियन बनाउने हो। ■

*-प्रजित शाक्य*

सन्दर्भ
समकालीन

# ग्राहकमा हुनुपर्ने वित्तीय चेतना

डा. भागवत आचार्य
उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क


बैङ्क तथा वित्तीय संस्थामा खाता खोलेर निक्षेप राख्ने, कर्जा लिने वा विदेशबाट आफन्तले पठाएको विप्रेषण लिने वा बैङ्क जमानत सेवा उपयोग गर्ने व्यक्ति वा संस्था वित्तीय ग्राहक हुन्। नेपालमा २०८१ पुस मसान्तसम्ममा 'क', 'ख' र 'ग' वर्गका संस्थामा पाँच करोड १८ लाख निक्षेप खाता, १९ लाख २५ हजार कर्जा खाता थिए।

त्यस्तै २०७६ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाका ४५ लाख ८० हजार सदस्य र २८ लाख चार हजारले ऋण उपयोग गरेको तथ्याङ्क छ। यसबाहेक वित्तीय कारोबार गर्ने बीमा कम्पनी, धितोपत्र कारोबार गर्ने, गैरबैङ्किङ संस्थाबाट वित्तीय कारोबार गर्ने, सहकारीका लाखौँ सदस्यलाई पनि वित्तीय ग्राहक मान्नु पर्दछ। यसरी हेर्दा नेपालमा वित्तीय ग्राहकको सङ्ख्या बढ्दै गएको भन्न सकिन्छ।

अहिले वित्तीय ग्राहक संरक्षणलाई वित्तीय समावेशिताको एक महत्त्वपूर्ण पक्षका रूपमा लिने गरिएको छ। कुनै बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्नु मात्र ठूलो कुरा होइन, सेवाग्राहीले खाता सञ्चालन तथा सुविधा, शुल्क, शर्त तथा अन्य सम्बन्धित विषयबारे पूर्ण जानकारी पाउनुपर्ने र उसलाई बिनाझन्झट व्यवसाय गर्न पाउनुपर्ने विषय सुनिश्चित भएमा मात्र सेवाग्राहीमा वित्तीय समावेशिता कायम हुने विश्वव्यापी मान्यता रहेको छ।

बैङ्क तथा वित्तीय संस्थाबाट वित्तीय सेवा लिँदा नागरिकको हैसियतले उनीहरूले पाउने न्यूनतम अधिकार सुनिश्चित हुनु नै वित्तीय ग्राहक संरक्षण हो। बैङ्कबाट पाउने सेवाका बारे सुसूचित हुनु, सेवाको छनोटको अवसर प्राप्त हुनु, सेवाग्राहीलाई वित्तीय संस्थाबाट

शोषण हुनबाट जोगाउनु, ग्राहकमैत्री व्यवहार, वित्तीय संस्थाले प्रवाह गर्ने सेवा र त्यसमा लाग्ने ब्याज वा शुल्क निर्धारण हुने विधि, पारदर्शिता खुला हुनु, वित्तीय साक्षरता प्राप्त गर्नुलगायतका विषय ग्राहक संरक्षणको दायरामा पर्छन् ।

यसका अतिरिक्त नियमनकारी निकायले ग्राहकलाई परेको मर्का, हानि र समस्यालाई सजिलो माध्यमबाट सम्बन्धित निकायमा राख्न सक्ने व्यवस्था र परेका त्यस्ता गुनासाको तत्काल समाधान गर्ने संयन्त्रको व्यवस्था गर्ने विषय पनि ग्राहक संरक्षणभित्र पर्दछ ।

नेपाल राष्ट्र बैङ्कले एकीकृत निर्देशन २०७६ मार्फत वित्तीय ग्राहक संरक्षण गर्ने सन्दर्भमा बैङ्क तथा वित्तीय संस्थाहरूलाई देहायका निर्देशन जारी गरेको छ ।

१. बैङ्क तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवा, शुल्क तथा शर्तसँग सम्बन्धित सबै प्रकारका विवरण सार्वजनिक रूपमा जानकारी गराउनुपर्ने छ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिसन, ब्याजदर, जरिबाना, हर्जानालगायतका सम्बन्धमा अपनाउनुपर्ने प्रक्रिया एवं शर्तहरू समावेश गरेको हुनुपर्ने छ ।

   आफ्ना ग्राहकसँगको कारोबारमा प्रयोग हुने कागजातहरू नेपाली भाषामा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने छ ।

२. ज्येष्ठ नागरिक, फरक ढङ्गले सक्षम र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैङ्किङ सुविधा उपलब्ध गराउन बैङ्क तथा वित्तीय संस्थाहरूले त्यस्ता ग्राहकलाई विशेष काउन्टर तोकी सेवा दिनुपर्ने छ ।

३. निक्षेप खाता खोल्दा, चेक जारी गर्दा, खाता सञ्चालन गर्दा, खाता खोलेको छ महिनापछि खाता बन्द गर्दा, स्टेटमेन्ट दिँदा वा प्राकृतिक व्यक्तिको हकमा दुई लाख रुपियाँसम्मको एबिबिएस सेवा प्रदान गर्दा ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन ।

४. कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिबद्धता शुल्कबाहेक कर्जासँग सम्बन्धित सम्पूर्ण शुल्क ब्याजदरमा नै प्रतिबिम्बित हुनुपर्ने छ । आफ्ना ग्राहकलाई अन्य संस्था/निकायमार्फत सेवा लिने सन्दर्भमा सो सेवाबापत त्यस्ता संस्था/निकायलाई भुक्तानी गर्नुपर्ने लागतभन्दा बढी हुने गरी सेवाशुल्क असुल गर्न नपाइने व्यवस्था गरिएको छ ।

५. ५० लाख रुपियाँसम्मको सीमा कायम भएको जुनसुकै प्रकारको कर्जा भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क लाग्ने छैन । सो सीमाभन्दा बढीको कर्जाको हकमा कर्जा लिँदाको बखत तोकिएको शर्त वा ब्याजदर थप/परिवर्तन भएका कारण अग्रिम रूपमा कर्जा चुक्ता गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी गरेबापत कुनै किसिमको शुल्क लिन नपाइने पनि व्यवस्था गरिएको छ ।

ग्राहकको गोपनीयता कायम गर्नुपर्ने सूचना तथा विवरणहरूलगायत हिसाबकिताब, खाता बही, स्रेस्ता र लेखाको विवरण अन्य असम्बन्धित एवं अनधिकृत व्यक्तिलाई दिनु हुँदैन भन्ने व्यवस्था गरी ग्राहकको गोपनीयताको अधिकार पनि सुरक्षितसमेत गरिएको छ ।

## बैङ्क वित्तीय संस्थामा अभ्यास

नेपालमा वित्तीय समावेशिता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैङ्कले महत्त्वपूर्ण पहल लिइरहेको छ । जसका लागि नेपाल राष्ट्र बैङ्कमा २०७९ साउन १ गते 'वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा' स्थापना गरियो ।

महाशाखाले वित्तीय साक्षरता प्रवर्धनमार्फत वित्तीय सेवाबाट वञ्चित रहेको जनसङ्ख्यालाई सेवाको दायरामा ल्याउन कार्य गर्ने, बैङ्क तथा वित्तीय संस्थालगायत अन्य वित्तीय क्षेत्रमा कार्यरत निकाय तथा संस्थालाई वित्तीय साक्षरता अभिवृद्धिको अभियानमा सहभागी गराउने, बैङ्कद्वारा जारी गरिएका नीतिगत निर्देशन तथा परिपत्रको पालना भए नभएको सन्दर्भमा मार्केट कन्डक्ट सुपरीवेक्षण गर्ने, वित्तीय ग्राहकको गुनासो सुन्ने, समाधान गरी बैङ्क तथा वित्तीय संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि गर्नेलगायतका कार्य गरिरहेको छ ।

कुनै पनि वित्तीय ग्राहकलाई कुनै किसिमको मर्का परेमा सर्वप्रथम सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाका गुनासो अधिकृतलाई आफ्नो गुनासो सुनाउने र सोही बैङ्क तथा वित्तीय संस्थाबाट गुनासो समाधान गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यहाँबाट समाधान हुन नसकेमा मात्र नेपाल राष्ट्र बैङ्कमा वित्तीय ग्राहकले गुनासो गर्नुपर्ने हुन्छ ।

प्राप्त वित्तीय गुनासोको समाधान सो महाशाखाबाट हुन नसकेमा वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा नेपाल राष्ट्र बैङ्कमा एक उच्चस्तरीय गुनासो समाधान समिति कार्यरत रहेको छ । जसले गुनासोकर्ता र सम्बन्धित बैङ्क तथा वित्तीय संस्थासमेतको उपस्थितिमा समाधान गर्ने गर्दछ ।

यसरी नेपालमा वित्तीय समावेशिता र वित्तीय ग्राहक संरक्षण एकआपसमा परिपूरकका रूपमा कार्यरत रहेको देखिन्छ । ■

# थाइराइडमा हुने क्यान्सर

**खानपान, दैनिक जीवनशैलीका कारण थाइराइड गडबडी हुने गर्छ । दुःखको कुरा यस्तै थाइराइड गडबडी नै थाइराइड क्यान्सर बन्न सक्छ भने थाइराइड क्यान्सरमा थाइराइड हर्मोनको उतारचढाव हुन सक्ने कारणले अन्योल निम्तिन सक्छ ।**

मानव शरीरको घाँटीको अघिल्लो भागमा श्वास नलीको दुवैपट्टि पुतली आकारमा थाइराइड ग्रन्थी रहेको हुन्छ । शरीरको मेटाबोलिक प्रक्रियाका साथै वृद्धि विकासलाई नियन्त्रणमा राख्न र शरीरलाई तन्दुरुस्ती अवस्थामा राख्नका लागि थाइराइड ग्रन्थीले सही मात्रामा थाइराइड हर्मोन उत्पादन गरेको हुनु पर्छ ।

यसको अर्थ मुटु, मांसपेशी र पाचन प्रणालीका कार्य, मस्तिष्कको विकास तथा हड्डीको मर्मतसम्भारमा थाइराइड ग्रन्थीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । थाइराइड हर्मोन उत्पादनका लागि आयोडिन त्यत्तिकै महत्त्वपूर्ण छ । आयोडिनको उपलब्धताले निष्क्रिय प्रकारको थाइराइड हर्मोन सक्रिय हुन्छ । यही सक्रिय प्रकारको थाइराइड हर्मोन (ट्राइआयोडोथाइरोनिन) का बलमा शारीरिक तौलको सन्तुलन, शरीरमा शक्तिको मात्रा, आन्तरिक तापक्रम, छाला, कपाल एवं

प्राडा सुमनराज ताम्राकार



थाइराइड ग्रन्थीसँगै श्वासनली, स्वरयन्त्र र खाद्यनली रहने भएकाले घाँटीमा डल्लो (गिर्खा) आउने, निल्न गाह्रो हुने, स्वरमा परिवर्तन भएर धोद्रो हुने, घाँटीमा केही अड्केको जस्तो अनुभव भइरहने जस्ता लक्षण थाइराइड क्यान्सरमा देखिन्छ तर पनि धेरै जसो बिरामीमा थाइराइड क्यान्सरको सुरुमा कुनै लक्षण नदेखिन पनि सक्छ। तिनीहरूमा अन्य स्वास्थ्य समस्याको परीक्षणको क्रममा वा घाँटीको इमेजिङ



नङको वृद्धि, शरीरको मेटाबोलिज्म निर्धारण हुने गर्छ।

नेपाल भूपरिवेष्ठित देश भएकाले यहाँ उत्पादन हुने खानेकुरामा आयोडिनको कमी हुने गरेका कारण पनि नेपाल सरकारको पहलमा नुनमै आयोडिन थप्ने गरिएको छ। खानपान, दैनिक जीवनशैलीका कारण थाइराइड गडबडी हुने गर्छ। दुःखको कुरा यस्तै थाइराइड गडबडी नै थाइराइड क्यान्सर बन्न सक्छ भने थाइराइड क्यान्सरमा थाइराइड हर्मोनको उतारचढाव हुन सक्ने कारणले अन्योल निम्तिन सक्छ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन पनि यस क्यान्सरबाट आक्रान्त छन्। सन् २०१५ मा विश्वव्यापी ३२ लाख मानिस थाइराइड क्यान्सरबाट आक्रान्त थिए। पछिल्लो दशकमा यसको वृद्धिदर बढ्दो छ। सन् २०१५ मा करिब ३२ हजार थाइराइड क्यान्सर रोगीको मृत्यु भएको थियो। थाइराइड क्यान्सर धेरै जसो ३५ देखि ६५ वर्षको उमेरका र बढीजसो महिलालाई हुने गरेको छ। एसियाली मूलका क्यान्सर रोगीको मृत्युदर बढी छ।

## लक्षण

थाइराइड ग्रन्थीको तन्तु अनियन्त्रित र असामान्य तवरमा विकसित भएर थाइराइड क्यान्सर हुने गर्छ। थाइराइड कोषले असामान्य वृद्धि हुने क्रममा अन्यत्र फैलिने क्षमता राख्दछ। खासमा घाँटीको सीमित ठाउँमा ट्युमर पलाउनेबित्तिकै यसैको थिचाइका कारणले गर्दा लक्षण चिह्न देखिन थाल्छ।

(अल्ट्रासाउन्ड वा सिटी स्क्यान) गर्दा यो क्यान्सरको आशङ्का हुने गर्दछ।

६५ प्रतिशत वयस्कको थाइराइड ग्रन्थीमा सानो गिर्खा देखा परे पनि १० प्रतिशतभन्दा कममा मात्र क्यान्सर खालको हुन्छ तर २० वर्षमुनिको उमेर समूहमा थाइराइडमा गिर्खा आउनु सरोकारको विषय हो। किनकि यो उमेर समूहमा क्यान्सर हुने सम्भावना बढी हुन्छ। कहिलेकाहीँ पहिलो लक्षणका रूपमा थाइराइड ग्रन्थी नजिकैको लिम्फनोडको सुजनपछि पीडा हुने तथा स्नायुको संलग्नतासँगै स्वरमा परिवर्तन हुने हुन्छ।

त्यसो त शरीरको अन्य भागको क्यान्सर फैलिएर थाइराइडमा आएको पनि हुन सक्छ तर यसलाई थाइराइड क्यान्सरको कोटामा राखिँदैन। थाइराइडको सुजन एवं अन्य थाइराइड रोगले पनि क्यान्सर हुन सक्छ।

## जोखिम तत्त्व

सानै उमेरमा प्राकृतिक वा कृत्रिम कुनै पनि प्रकारको विकिरणको असर परेमा थाइराइड क्यान्सर विकसित हुन सक्छ। चेर्नोबेल, फुकुसिमालगायतका परमाणु दुर्घटनाबाट शिकार भएका कतिपय व्यक्तिमा थाइराइड क्यान्सर देखिएको थियो।

लिम्फोमा (एकखाले रगतको क्यान्सर) को उपचारार्थ दिइने विकिरण थेरापी पाएकामा थाइराइड क्यान्सर विकसित भएको पाइएको पनि छ। थाइराइडको आकार ठूलो बनाउने थाइराइडको सुजन वा अन्य थाइराइडको समस्याले पनि थाइराइडको क्यान्सर गराउन सक्छ।

एफएनएसीबाट गरिन्छ। एफएनएसी (फाइन निडल एस्पिरेसन साइटोलोजी) थाइराइड ग्रन्थीमा क्यान्सर लागेको आशङ्का गरिएको ठाउँमा सियो छिराएर त्यसमा अड्किएर आएको कोषको विश्लेषण गरी क्यान्सर छ छैन पत्ता लगाउने प्रविधि हो। यसका साथै थाइराइड ग्रन्थीको काम गराई हेर्ने 'थाइराइड फङ्सन टेस्ट' अनि रगतमा क्याल्सिटोनिनको स्तर हेरेर पनि यो क्यान्सरको अनुमान लगाइन्छ।

थाइराइड क्यान्सर लाग्नुअगावै कुनै खालको जाँचपड्ताल वा ल्याब परीक्षण गरेर क्यान्सरको सङ्केत भेटाउने प्रभावकारी खालको कुनै विधि छैन तर थाइराइड क्यान्सर निदान भएपछि यो शरीरमा कहाँ कहाँ

प्यापिलरी थाइराइड क्यान्सर (७५ देखि ८६ प्रतिशत), फोलिकुलर थाइराइड क्यान्सर (१० देखि २० प्रतिशत), मेडुलरी थाइराइड क्यान्सर (५ देखि ८ प्रतिशत) र एनाप्लास्टिक थाइराइड क्यान्सर (१ देखि २ प्रतिशत) गरी थाइराइड क्यान्सरलाई मुख्यतयाः चार प्रकारमा वर्गीकरण गरिएको छ। यसबाहेक थाइराइड लिम्फोमा, स्क्वामस सेल थाइराइड क्यान्सर, सार्कोमा अफ थाइराइड, हर्थले सेल थाइराइड क्यान्सर पनि छन्।

## निदान

थाइराइड क्यान्सरको निदान अल्ट्रासाउन्ड वा फैलिसकेको छ भनेर हेर्न रेडियाएक्टिभ आयोडिन प्रयोग गरी सिन्टिग्राफी गरेर हेर्न सकिन्छ। गामा स्क्यान पनि सिन्टिग्राफी एक प्रकारको न्युक्लियर इमेजिङ प्रविधि हो। जसमा विकिरणका हिसाबले सक्रिय तत्त्व (रेडियोएक्टिभ सब्सट्यान्स) शरीरमा पठाई शरीरको एक्सरे जस्तै गरी तस्बिर लिइन्छ।

थाइराइड क्यान्सर सिधै लिम्फ्याटिक वा रगतबाट नजिकैको मांसपेशी, श्वासनली, खाद्यनली, स्नायुमा सर्दछ। क्यान्सर कति फैलिसकेको छ त्यसैको आधारमा त्यसको चरण निर्धारण गरिन्छ। शल्यक्रियापछि क्यान्सर फैलिने सम्भाव्यता हुन्छ। अतः शल्यक्रियापछि 'फलोअप'

**शल्यक्रियाको अतिरिक्त रेडियोएक्टिभ (विकिरणका हिसाबले सक्रिय तत्त्व) आयोडिन प्रयोग गरी रेडियोथेरापी दिन सकिन्छ ।**

गर्न 'होलबडी आयोडिन १३१' वा '१२३ रेडियोएक्टिभ स्क्यान' पनि गरिन्छ ।

प्रायः थाइराइड क्यान्सरमा थाइराइड हर्मोनको स्तर सामान्य भएको हुन्छ तर थाइराइड ग्रन्थी नै ठूलो भएको अवस्थामा वा अन्यत्रबाट फैलिएर थाइराइडमा सरेको क्यान्सरमा थाइराइड हर्मोनको स्तर बढी वा घटी हुने अवस्था (क्रमशः हाइपोथाइरोडिज्म वा हाइपरथाइरोडिज्म) पनि हुन सक्छ ।

## उपचार

शल्यक्रिया नै प्रमुख उपचार विधि हो । यस क्रममा अवस्था हेरेर क्यान्सर प्रभावित केही अंश वा पूरै थाइराइड ग्रन्थी निकालिन्छ । 'फलोअप' सतर्कतापूर्ण गर्नुपर्ने हुन्छ । शल्यक्रियापछि अल्ट्रासाउन्ड, सिटी स्क्यान, पेट स्क्यान वा रेडियोएक्टिभ आयोडिनको प्रयोग गरी 'होलबडी स्क्यान' का साथै रगतमा थाइरोग्लोबुलिन, थाइरोग्लोबुलिन एन्टिबडिज, क्याल्सिटोनिनका मापन गरेर अनुगमन गरिन्छ ।

शल्यक्रियाको अतिरिक्त रेडियोएक्टिभ (विकिरणका हिसाबले सक्रिय तत्त्व) आयोडिन प्रयोग गरी रेडियोथेरापी दिन सकिन्छ । यदि शल्यक्रिया गर्न नमिल्ने वा हड्डीमा क्यान्सर फैलिएका कारण अधिक पीडा छ भने विकिरण थेरापी (रेडियोथेरापी) दिन मिल्छ ।

त्यसै गरी थाइराइड हर्मोन पनि उपचारका रूपमा प्रयोग गर्न सकिन्छ । टार्गेटेड थेरापी दिन सकिन्छ । शल्यक्रियापछि दोहोरिन सक्ने प्यापिलरी र फोलिकुलर थाइराइड क्यान्सरमा रेडियो एक्टिभ आयोडिन १३१ ले उपचार गर्नुपर्ने हुन्छ ।

सफल उपचारपछि पाँच वर्ष बाँच्ने सम्भावना ९८ प्रतिशतसम्म रहन्छ । अधिकतर हुने प्यापिलरी थाइराइड क्यान्सर नै भए पनि सरदरमा १०, १५ र २० वर्ष बाँच्ने सम्भावना क्रमशः ९७, ९५ र ९० प्रतिशत हुन्छ । ■

सन् २०२३ जुनमा इक्वेडरकी ७६ वर्षीय बेला मोन्टोयालाई चिकित्सकले मस्तिष्कघातको आशङ्कामा गल्तीले मृत घोषणा गरे । उनी आफ्नो अन्त्येष्टिका बेला अचानक जागिन् । आफन्तजनले कफिनभित्रबाट आवाज आइरहेको सुने र कफिन खोलेर हेर्दा मोन्टोयाले सास लिइरहेको देखियो । कफिनभित्र ५ घण्टा रहेकी मोन्टोयालाई तत्काल अस्पताल लगियो र थप उपचार गरियो तर सात दिनपछि मस्तिष्कघात भएर उनको ज्यान गयो । ■

*–युवामञ्च*

# सर्पको भय

■ प्रकाश भट्टराई

सर्प देख्नेबित्तिकै प्रायः मानिसको शरीर सिरिङ्ङ हुन्छ। विषालु सर्प घातक हुन्छन् र तिनले टोकेमा हाम्रो ज्यान जान सक्छ तर सर्पको राम्रो पक्ष पनि छ। त्यो के हो भने कृषि उत्पादनमा नोक्सान पुऱ्याउने मुसालगायत अन्य जीव खाएर यसले अन्नबाली बचाउन सहयोग गर्छ।

ठूला र अविषालु सर्पले साना र विषालु सर्प खाइदिएर पनि मानिसको सहयोग गर्छन्। जैविक विविधताको विशाल भण्डारमा सर्पको बेग्लै महत्त्व छ र यसले पारिस्थितिक प्रणालीमा पनि भूमिका खेल्छ।

विषालु सर्पको मुखको माथिल्लो भागमा दुई वटा विष ग्रन्थी हुन्छन्। सर्पले टोक्दा भित्र प्वाल भएका दुई दाँतका माध्यमबाट विष मानिस वा अन्य जीवको शरीरमा जान्छ। विषालु सर्पले टोकेमा टोकेको स्थानमा दुई वटा दाँतको घाउ देखिन्छ।

विषालु सर्पले टोकेपछि दुखाईका साथसाथै शरीर झम्म हुन्छ। घाउ सुन्निन्छ र बिरामी हिँडडुल गर्न सक्दैन। पछि निल्न र बोल्न पनि अप्ठेरो हुन्छ। मुटु छिटो चल्ने, सास लिन अप्ठेरो हुने, बान्ता हुने, आँखा राम्ररी नदेख्ने हुँदै पक्षाघात पनि हुन सक्छ। अनि समयमै उपचार नपाए

बिरामीको मृत्यु हुने खतरा रहन्छ । सर्पको जाति अनुसार मानिसलाई हानि गर्ने क्षमता भिन्नाभिन्नै छ । सर्पको दुई थरी विष हुन्छ । एक थरी विषले रक्तसञ्चार र अर्को थरी विषले स्नायु प्रणालीलाई असर गर्छ ।

गोमन सर्पको विषले स्नायु प्रणालीमा हमला गर्छ । करेत सर्पको छ मिलिग्राम र गोमन सर्पको १२ मिलिग्राम विष मानिसको ज्यान लिन पर्याप्त हुन्छ । एक चोटि टोक्दा करेतले २० मिलिग्रामसम्म विष र राजगोमनले दुई सय मिलिग्रामसम्म विष छोड्न सक्छ । गोमन सर्पले टोक्दा आधा घण्टाभित्रै मृत्यु हुने सम्भावना धेरै हुन्छ तर सबैले यो पनि बुझ्नु पर्छ सबै सर्प विषालु हुँदैनन् । निकै कम प्रजातिका सर्प मात्र विषालु हुन्छन् ।

नेपालमा बर्सेनि सयौँ मानिसलाई सर्पले टोक्छ । जसमध्ये करिब आठ सय मानिसको मृत्यु हुन्छ । मृत्यु हुनेमध्ये धेरैजसो उपचार नपाएकाले मर्छन् भने केहीको उपचारका क्रममै ज्यान जान्छ ।

गर्मी याममा सर्प सक्रिय हुने भएकाले यस समयमा मानिसले सतर्क रहनु पर्छ । घर, गोठ वरिपरि सफासुग्घर राख्ने, झारपात, झाडी हटाउने तथा भएका प्वाल टालेर सर्प लुक्ने वा बस्ने स्थान बाँकी राख्नु हुँदैन । यस्तै ढोका र झ्यालमा जाली राख्नु पर्छ । राति टर्चलाइट बालेर मात्र हिँड्ने तथा किसानले राति खेतमा जाँदा उज्यालो पार्ने वस्तुबिना जानु हुँदैन । साथै जुत्ता लगाउनु अनिवार्य छ । घर वरिपरि मट्टीतेल र फिनायल छर्कनु पनि सर्पलाई भगाउने एक उपाय हो ।

सर्पले टोकीहालेमा आत्तिनु हुँदैन । आत्तिँदा मुटुको धड्कन तीव्र भएर रक्तसञ्चार बढ्ने हुनाले शरीरमा विष छिटो फैलिन्छ । घाउलाई पोटास पानी वा अन्य एन्टिसेप्टिकले धुनु पर्छ । यी वस्तु उपलब्ध नभएमा सफा पानीले भए पनि राम्ररी धुनु जरुरी छ । घाउमा बरफ लगाउनु राम्रो हुन्छ । घाउभन्दा केही माथि डोरी वा कपडाले बाँध्नु पर्छ तर धेरै कस्नु हुँदैन ।

मुखले विष तान्नु पनि एक प्राथमिक उपचार हो तर तान्ने व्यक्तिको मुखमा घाउ छ भने त्यो विष उसलाई पनि घातक हुन सक्छ । ब्लेडले चिर्दा नसा काटिएर अत्यधिक रक्तस्राव हुन सक्छ । त्यसैले नसा बचाएर वा माथिबाट तलतर्फ चिर्ने विधि पनि चलनमा छ । घाइतेलाई जतिसक्दो चाँडो सर्पको विष मार्ने औषधि उपलब्ध भएको स्वास्थ्य संस्थामा लगिहाल्नु पर्छ । व्यक्ति बेहोस भएमा कृत्रिम श्वासप्रश्वास दिइनु पर्छ । धामीझाँक्रीको भर पर्दा ज्यान जाने सम्भावना उच्च हुन्छ ।

सर्पको विष मार्ने औषधिलाई एन्टिस्नेक भेनम भनिन्छ । यो औषधि बनाउन पहिले स्वस्थ जनावर जस्तै घोडालाई सुईबाट सर्पको थोरै विष दिइन्छ । त्यसपछि त्यो घोडाको शरीरमा सर्पको विषविरुद्ध लड्ने र विषलाई नष्ट पार्ने शक्ति वा एन्टिबडी विकास हुन्छ । त्यसपछि क्रमैसँग विषको मात्रा बढाउँदै लगिन्छ र घोडामा एन्टिबडी अझै बढी विकास हुँदै जान्छ ।

अन्त्यमा त्यो घोडाको प्रतिरक्षात्मक शक्ति यति शक्तिशाली बन्छ कि सर्पको कडा विषले पनि त्यसलाई प्रभाव पार्न सक्दैन । त्यसपछि घोडाको रगत सुईबाट निकालेर रगतलाई जमाएपछि देखिने पहेँलो, पारदर्शी तरल एन्टिबडीयुक्त पदार्थ अथवा सिरमलाई विशेष रूपमा प्रशोधन गरेपछि सर्पको विष मार्ने औषधिका रूपमा तयार हुन्छ ।

अहिलेसम्म पनि एन्टिस्नेक भेनम नेपालमा उत्पादन हुन नसकेको तितो यथार्थ छ । यस औषधिमा नेपाल विशेषतः भारतमाथि निर्भर छ । केही विशेष अस्पतालमा मात्र यो औषधि पाइने हुँदा दुर्गमका मानिस यो औषधि नपाएर मर्नुपर्ने स्थिति छ । ■

# प्रकृति र आस्था

कलाले समय बोल्छ। तात्कालिक सामाजिक, आर्थिक, वातावरणीय अवस्थालाई देखाउन जान्न बुझ्न मद्दत गर्छ। विशेषगरी पुराना जीवनशैली र सामाजिक अध्ययनमा पनि कलाको निकै महत्त्व रहने गरेको छ।

चितवनको प्रसिद्ध धार्मिक स्थलका रूपमा परिचित छ विक्रमबाबा मन्दिर। चैतेदशैँलाई लक्षित गरी हरेक वर्ष चैत्र औँसीदेखि पूर्णिमासम्म त्यहाँ मेला लाग्छ। मनोकामना पूरा होस् भनेर त्यहाँ दर्शन गर्न आउने मानिसको भीड लाग्ने गर्छ। चितवन राष्ट्रिय निकुञ्जभित्र जङ्गलका बीचमा रहेको यो क्षेत्रको सौन्दर्य र मानिसको आस्था, विश्वासलाई कलाकारले यस चित्रमा प्रस्तुत गरेका छन्।

*कलाकार : दामोदर बराल*
*शीर्षक : विक्रमबाबा मेला*
*माध्यम : क्यानभासमा एक्रेलिक*
*आकार : २४ इन्च X ३६ इन्च*
*सृजना वर्ष: विसं २०८०*

चित्रमा कलाकारले जङ्गलको मनमोहकतालाई विशेष प्राथमिकता दिएका छन्। यसका साथै मानिसको चहलपहल र पूजा गर्दै गरेको विषयलाई समान रूपले क्यानभासमा देखाउने प्रयास गरिएको छ। मानवीय व्यवहारले जङ्गलमा परेको असर यस चित्रमा देखाउन कलाकार सक्षम छन्। मान्छेले पूजा गर्ने अनि वनभोज आदिका नाममा वनमा आगो लगाउने, बिरुवा मास्ने जस्ता व्यवहार गर्ने कुरालाई कलाकारले चित्रमार्फत कटाक्ष गरेको देखिन्छ।

कलाकारले चित्रमा 'स्पेचुला' को पनि राम्रो प्रयोग गरेका छन्। जसले चित्रलाई गतिशील र बयानयुक्त बनाएको छ। ■

■ केशवराज खनाल

## भाषा ज्ञान

क्रीत : दाउ, मौका
क्षौरकर्म : छुरा लगाएर केश काट्ने विधि
कर्णरन्ध्र : कानको छिद्र
कर्मार : कामी, कर्मी
कवर्दार : जिन्सी, खजान्ची
अजवृत्ति : नीच कार्य
प्रज्ञावृद्ध : परिपक्क बुद्धि भएको
प्रपञ्जीपृष्ठ : पछाडिको दुई पत्र
जोँक : पानीमा हुने जुका
जोमक्नु : आगो बाल्नु, दाउरा बाल्नु
लजो ज्यासल : ज्याबलहरू बनाउने ठाउँ
भाग्यजोग्य : भाग्यको संयोग
जुगुत्यारो : मितव्ययी, होसियार
ज्यामन्तै होस् : भर्सेला परोस्
रुज्या बिल्ला झो : डरपोक, डरछेरुवा
भटोदे : आँगनको डिल
तोडेन : वचन प्रहार हुने झगडा
टोँगे : तेल राख्न प्रयोग गरिने काठको सानो भाँडो
टोहोरे : पञ्चपाण्डव गुप्तवास बसेको घर
तेजोवती : तेज भएकी, तेजस्वी
नङङ्चुन : नाङ्गेझार पार्नु
तङ्ङु : हैरान, दिक्क, वाक्क

**Deliberately** जानाजान, विचारपूर्वक
**Offensive** अपमानजनक, अप्रिय
**Notoriety** बदनामी, कुख्याति
**Sycophant** चापलुस, चाटुकार
**Mercenary** स्वार्थी, लोभी
**Arrogance** अहङ्कार, दम्भ
**Moron** मन्दबुद्धि, मूर्ख
**Miser** कन्जुस, अभागी
**Pretend** बहाना बनाउनु, ढोङ गर्नु
**Jinx** अभागी
**Compulsion** बाध्यता, विवशता
**Shirker** कामचोर
**Yapping** बर्बराउनु, असभ्य मानिस
**Insanity** उन्माद, पागलपन
**Stubborn** हठी, जिद्दी
**Exquisite** उत्तम, उत्कृष्ट
**Timid** डरपोक, कातर
**Swift** तेज, द्रुतगामी
**Sluggish** सुस्त, मन्द
**Mediocre** मामुली, साधारण ।

| | Root Verb | Past Tense | Past Participle | Verb-ing Form | |
|---|---|---|---|---|---|
| 1 | Eat | ate | eaten | eating | eats |
| 2 | Go | went | gone | going | goes |
| 3 | Come | came | come | coming | comes |
| 4 | Take | took | taken | taking | takes |
| 5 | Make | made | made | making | makes |
| 6 | Speak | spoke | spoken | speaking | speaks |
| 7 | Write | wrote | written | writing | writes |
| 8 | Buy | bought | bought | buying | buys |
| 9 | Sell | sold | sold | selling | sells |
| 10 | Run | ran | run | running | runs |

## ब्रेन गेम

लुकेर रहेका जनावरहरु पत्ता लगाउनुहोस् ।

## प्रश्न

हल गर्नुहोस् ।

2 + 3 = 10
6 + 5 = 66
7 + 2 = 63
8 + 4 = 96

9 + 5 = ??

हल गनुहोस् ।



यस चित्रमा कति वटा त्रिभुज छन् ?



यस चित्रमा कति जनावर छन् ?

यस चित्रमा कुकुर र बिरालो खोज्नुहोस् ।

## अङ्कजाल प्रतियोगिता, वैशाख-२०८२

**नियमहरू :**

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।

४. समाधान २०८२ जेठ १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।

५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।

६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।

७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३ | ७ | | ४ | १ | | |
| | ४ | | | | | | ८ | |
| | | ५ | | | | २ | | |
| ५ | | | ४ | | १ | | | ८ |
| | ३ | २ | ६ | | ८ | ५ | ९ | |
| ४ | | | ५ | | ९ | | | ३ |
| | | १ | | | | ९ | | |
| | २ | | | | | | ५ | |
| | | ९ | १ | | ३ | ४ | | |

**नाम :** .....

**ठेगाना :** .....

## सामान्यज्ञान फागुन अङ्कको उत्तर

**समूह क :** १. डा. ध्रुवेशचन्द्र रेग्मी २. कौसल ३. अ ग्रामर अफ दी नेपलिज ल्याङ्गुएज

**समूह ख :** १. एलिस प्रिस्ले २. डोपामाइन ३. एक डलर

**समूह ग :** १. करिब ३७ लाख करोड २. विष्णुभक्त दिवाकर ३. दीपेन्द्रसिंह ऐरी

**समूह घ :** १. पपुआ न्युगिनीको दानी जातिमा २. व्यर्थ हुने, खेर जाने ३. २०८१ मङ्सिर ७

**समूह ङ :** १. करिब ६५ प्रतिशत २. सन् २०२४ ३. महिलासँग डराउने रोग

**समूह च :** १. झाँछे २. भुजेल ३. सन् १२०३

**समूह छ :** १. मक २. लाहुरे वा जोगी ३. ग्रिक

## अङ्कजाल फागुन अङ्कको उत्तर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ७ | ८ | १ | २ | ६ | ४ | ९ | ५ |
| ९ | २ | १ | ३ | ४ | ५ | ८ | ७ | ६ |
| ६ | ५ | ४ | ९ | ८ | ७ | १ | ३ | २ |
| ५ | ४ | २ | ६ | ९ | ३ | ७ | ८ | १ |
| १ | ८ | ६ | ७ | ५ | ४ | ९ | २ | ३ |
| ७ | ९ | ३ | २ | १ | ८ | ५ | ६ | ४ |
| ४ | १ | ९ | ८ | ३ | २ | ६ | ५ | ७ |
| ८ | ३ | ७ | ५ | ६ | १ | २ | ४ | ९ |
| २ | ६ | ५ | ४ | ७ | ९ | ३ | १ | ८ |

### गोलाप्रथाद्वारा विजयी

**नारायण लघु**, भक्तपुर न.पा.-२, भक्तपुर

**बुद्धिमान श्रेष्ठ**, कुमारीमार्ग, त्रिपुरेश्वर, काठमाडौँ

**सही जवाफ पठाउने सहभागी :**

रत्न शाक्य, पुल्सुनधारा, निर्मला श्रेष्ठ, विराटनगर, उमेशकुमार मास्के, विराटनगर, तारा शर्मा अधिकारी, ज्वालादेवी प्राबि, धनकुटा, असीम श्रेष्ठ, शङ्करदेव क्याम्पस, काठमाडौँ, गौरीश्वर रेग्मी, नयाँ बानेश्वर, काठमाडौँ, पदमबहादुर खत्री, धरान सुनसरी, कृपा घिमिरे, बत्तीसपुतली, रामाकान्त चौधरी, खडक नपा, सप्तरी, खेमराज घिमिरे, बत्तिसपुतली, राजकुमार लामा, कालीमाटी, काठमाडौँ, सोलार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, लशकुश किराना पसः, कीर्तिपुर, नगाउँ, पञ्चनारायण महर्जन, कीर्तिपुर, नगाउँ, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, राधेश्याम श्रेष्ठ, भीमसेनस्थान, काठमाडौँ, कविता उप्रेती, माकलबारी, काठमाडौँ, रोजन चालिसे, लालबन्दी, सर्लाही, करुणा घिमिरे, बत्तीसपुतली, चन्द्रबहादुर मुखिया, कुपन्डोल, ललितपुर, सनिशा महर्जन, पाटन, सुन्धारा, सिर्जना सुनार, आरुबारी, काठमाडौँ, आलोककुमार तिवारी, वीरगञ्ज, पर्सा, सुयोग दुरा, मध्यनेपाल, लमजुङ, बुद्धिबहादुर दुरा।

## फागुन अङ्कको कोठेपद

### गोला प्रथाद्वारा विजयी

**यज्ञ कार्की जिज्ञासु**, मन्थली, रामेछाप

**कृपा घिमिरे**, बत्तीसपुतली, काठमाडौँ

**सही उत्तर मिलाउने अन्य सहभागी**

कुमारी निर्मला गिरी, कञ्चनपुर, खगेन्द्र नाथ, महेन्द्रनगर, कञ्चनपुर, सरस्वती पाठक, धनकुटा, निर्मला श्रेष्ठ, विराटनगर, उमेशकुमार मास्के, विराटनगर, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, खेमराज घिमिरे, बत्तीसपुतली, काठमाडौँ, रामाकान्त चौधरी, खडक नपा, सप्तरी, रत्न शाक्य, पुल्चोक, ललितपुर, कमला राजभण्डारी, चिसङ्खुगढी, ओखलढुङ्गा, शुषमा कार्की, भातेढिकर, भक्तपुर, विश्वेश्वर मानन्धर, दत्तात्रय, भक्तपुर, कृष्णप्रसाद लामिछाने, वागेश्वरी मावि, भक्तपुर, पूजा शाक्य, वागेश्वरी मावि, भक्तपुर, बुद्धिबहादुर दुरा, मध्यनेपाल, लमजुङ, सुयोग दुरा, मध्यनेपाल, लमजुङ, आलोककुमार तिवारी, वीरगन्ज, पर्सा, नारायण लघु, भक्तपुर, पदमबहादुर खत्री, धरान, सुनसरी, दिवस भट्टराई, धुम्वाराही, काठमाडौँ, करुणा घिमिरे, बत्तीसपुतली, काठमाडौँ।

## सामान्य ज्ञान प्रतियोगिता फागुनको परिणाम

| | नाम | ठेगाना | प्राप्त अङ्क |
|---|---|---|---|
| विजेता | अच्युतमान सिंह प्रधान | बालुवाटार, काठमाडौँ | १०० |
| | पदमबहादुर खत्री | धरान, सुनसरी | १०० |
| | उपान्सु थापा | गोल्डेन बर्ड्स एकेडेमी स्कुल, टोखा | १०० |
| ४ | मदनमोहनलाल श्रेष्ठ | घट्टेकुलो, काठमाडौँ | १०० |
| ५ | रत्न शाक्य | पुल्चोक, ललितपुर | १०० |
| ६ | रमाकान्त चौधरी | खडक नपा, सप्तरी | १०० |
| ७ | उमेश थापा | प्राइम बैङ्क, काठमाडौँ | १०० |
| ८ | सिद्धार्थ पासवान | जलेश्वर, महोत्तरी | १०० |
| ९ | सुस्मिता अधिकारी | धनकुटा | १०० |
| १० | नारायण लघु | पुल्चोक, ललितपुर | १०० |

अङ्कजाल, कोठेपद र सामान्यज्ञान संयोजकः पुष्पराज जोशी

◆ निर्मल

# युवामञ्च कोठेपद प्रतियोगिता, वैशाख-२०८२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | |
| ५ | | | ६ | ७ | | | | |
| ८ | | ९ | | | | १० | | ११ |
| | | १२ | १३ | | | | | |
| १४ | | | | | १५ | | १६ | |
| | | १७ | | १८ | | १९ | | |
| २० | २१ | | | | | २२ | | |
| | | | २३ | | २४ | | | |
| | २५ | | | | २६ | | | |

## सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८२ जेठ १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

**नाम :** .....

**ठेगाना :** .....

.....

### ठाडो :

२. थोरै, घटी
३. 'माकुराको ..... भिँगाको काल' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
४. एक प्रकारको दाल, दलहन
५. स्याङ्जाको सदरमुकाम
७. कुनै कामको निधो, पक्का, निश्चय
९. साथी, मित्र
१०. लुगा सिउन प्रयोग गरिने साधन
११. उद्योगधन्दा
१३. बान्ता
१५. बुवा/जन्म दिने व्यक्ति
१७. हवन, जप, पूजा, पाठ आदि धार्मिक कार्य
१८. राजा शुद्धोदन तथा रानी मायादेवीका पुत्र, बुद्ध
१९. कुनै काममा लागेको जनाउन नाम शब्दका पछाडि आउने शब्दांश/लिप्त, तल्लीन
२१. घोडाको हेरचाह गर्ने व्यक्ति
२३. सम्पूर्ण, सबै
२४. कठोर, साह्रो

### तेर्सो

१. कारखाना आदिमा काम गर्ने मजदुर
३. नोकरी
६. शरीरमा पसिनाबाट आउने फोहर
८. सिरानी
१०. एकथरी बाक्लो ओढ्ने
१२. '..... चलाई मुखमा छिटा' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द/जुठेल्नो, घुरान
१४. एकथरी विस्फोटक पदार्थ
१६. बुवाको भाइ
१८. एक प्रकारको बाजा
२०. साहित्यमा प्रचलित रसहरूको ज्ञाता/रसका जानकार
२२. तलब
२३. निरर्थकको विपरीतार्थक शब्द
२५. आड, आधार, भरोसा
२६. कुनै किराले टोक्दा वा विषालु वस्तु बिझ्दा छालामा देखिने दाग

## कोठेपद प्रतियोगिता, फागुन अङ्कको उत्तर

# तपाईंको प्रश्न

## ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : नरेन्द्र पन्त
जन्म स्थान : पाटन-६, बैतडी
जन्म मिति : २०४३।१०।११ गते
जन्म समय : बिहान ११:०० बजे

**मेरो वर्तमान समयका दशाग्रह, पदोन्नति, भाग्य तथा भविष्यका बारेमा बारेमा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु।**

नीच चन्द्रमाका कारण मानसिक चञ्चलता एवं अस्थिर स्वभाव देखिएकाले पूर्णिमाको व्रतका साथै मोतीको औँठी धारण गर्दा राम्रो होला। भाग्य बलियो रहेकाले भविष्य राम्रो छ। कुण्डलीमा माङ्गलिक योग पर्न गएकाले दाम्पत्य सुखसम्बन्धमा केही बाधाअड्चन देखा पर्ने छन्। शारीरिक आरोग्यता मध्यम रहने छ। शरीरमा चोटपटकको खत या पोलेको दाग देखिन्छ। अढैया शनिको दशा समाप्त हुने भएकाले रोकिएका काम आंशिक रूपमा सफल हुने छन्। आठौँ बृहस्पतिका कारण बौद्धिक कार्यमा अनावश्यक बाधाअड्चन आइपर्ने देखिन्छ। पदोन्नतिका लागि अझ एक वर्ष प्रतीक्षा गर्नुपर्ने देखिन्छ। ८३ सालमा पदोन्नतिको योग रहेको छ। एक वर्ष उप्रान्त भाग्योदयको योगसमेत रहेको छ। वर्तमान समयमा भ्रामरी दशा रहेकाले आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना देखिन्छ, साथै सवारीसाधन चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने समय रहेको छ।

---

नाम : भेषराज भट्टराई
जन्म स्थान : षडानन्द नगरपालिका, भोजपुर
जन्म मिति : २०५०।२।२५
समय : बेलुकी ५:३० बजे

**मेरा वर्तमान समयका ग्रहदशा, शिक्षा, स्वास्थ्य, भाग्य, भविष्य, वैदेशिक योग र नोकरीका बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।**

वर्तमान समयका ग्रहदशा मध्यम किसिमका रहेका छन्। ३६ वर्षसम्म सिद्धाको दशा रहेकाले मनोरञ्जन एवं हर्ष आनन्दका अवसर प्राप्त हुने छन्। आर्थिक उन्नति प्रगतिका साथै सफलताको समय चलेको छ। कुण्डलीमा गजकेशरी योग पर्न गएकाले लक्ष्मीको कृपा आशीर्वाद बर्सिने छ। आर्थिक हिसाबले सम्पन्न भविष्यको योग छ। वाहन, घर, जग्गा जमिन सबै आफ्नै परिश्रमले सिर्जना गर्ने ग्रहयोग रहेको छ। जागिर एवं व्यापार व्यवसायका लागि एक वर्षपछिको समय उपयुक्त देखिन्छ। ८३ सालको प्रारम्भबाट भाग्योदयको योग छ। भाग्य बलियो भएकाले भविष्य सुखमय देखिन्छ। दुई वर्षपछि विदेश यात्राको सम्भावनासमेत देखिन्छ। रमाइलो ठाउँको भ्रमण एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। शारीरिक आरोग्यता अनुकूल रहनुका साथै दीर्घायुको योगसमेत रहेको छ।

---

नाम : वामन देवकोटा
जन्म स्थान : गोरखा बजार
हाल : गोङ्गबु, काठमाडौँ
जन्म मिति : २०५५।११।२४
जन्म समय : बिहान ११.१८ बजे

**कृपया मेरो जागिर एवं विवाहको बारेमा बताइदिनु भए आभारी हुने थिएँ।**

तपाईंको जन्मकुण्डलीमा गजकेशरी योग पर्न गएकाले नोकरीका लागि बलियो योग रहेको छ। वर्तमान समयमा चलेको उल्का दशाका कारण केही ढिलासुस्ती भने अवश्य हुने छ। जागिरका लागि दुई वर्ष उप्रान्तको समय राम्रो छ। कुण्डलीमा माङ्गलिक योग पर्न गएकाले विवाह गर्दा विचार पुऱ्याउनुपर्ने देखिन्छ। विवाह गर्नका लागि हतार नगरेकै राम्रो होला। त्यसका लागि तीन वर्षपछिको समय राम्रो देखिन्छ। माङ्गलिक दोष शान्ति गराएर चिनासमेत जुराएर विवाह गर्दा राम्रो होला।

---

नाम : रमेश भट्टराई
जन्म स्थान : डडेलधुरा, हाल काठमाडौँ
जन्म मिति : २०५७।०२।३ गते
जन्म समय : राति ३:५५ बजे

**कृपया मेरो जन्म राशि, शुभ बार, शुभ रङ र वर्तमान समयका ग्रहदशाका साथै भविष्यका बारेमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।**

तपाईंको जन्म रोहिणी नक्षत्रको दोस्रो चरण अन्तर्गत पर्न गएकाले वृष राशि पर्दछ। तपाईंका लागि सेतो या पहेँलो रङका सामग्री विशेष फलदायी हुने देखिन्छ। शुक्रबार शुभ बार रहेको छ। २५ वर्षसम्म भ्रामरी दशा रहेकाले यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। विदेश यात्रा एवं स्थान परिवर्तनको सम्भावना देखिन्छ। २५ वर्ष उप्रान्त भाग्योदयको योग रहेको छ। स्वदेश एवं विदेश चौतर्फी सफलता मिल्ने ग्रहयोग रहेको छ। शारीरिक आरोग्यता अनुकूल रहनुका साथै दीर्घायुको योग छ। पढाइमा सामान्य बाधाअड्चन आइपर्ने छन् । भाग्य बलियो रहेकाले भविष्य उज्वल छ। तपाईं सत्यवादी, कर्तव्यपरायण र स्पष्ट वक्तासमेत हुनुहुन्छ।

# @)*@ ;fnsf] jflif{s/flzkmn

◆ ज्यो. हरिप्रसाद पौडेल

**मेष** वर्षको प्रारम्भबाट नै साढसात शनिदशा प्रारम्भ हुनाले मनले सोचेका योजना र गर्न आँटेका काममा ढिलासुस्ती, अनावश्यक बाधाअड्चन देखा पर्ने छन्। पारिवारिक सुखसन्तोष अनुकूल रहने छ। परिवारमा धार्मिक एवं माङ्गलिक कार्यको सम्भावना रहेको छ। धार्मिक उद्देश्यले गरिने तीर्थयात्रा एवं रमाइलो भ्रमणका अवसर मिल्ने छन्। आर्थिक क्षेत्रका काममा मध्यम सफलता मिल्ने ग्रहयोग छ। तृतीय बृहस्पतिका कारण पठनपाठनमा ढिलासुस्तीका साथै आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना देखिन्छ। अनावश्यक दौडधुप, शारीरिक परिश्रम केही बढी नै पर्न जाने छ। परिवारमा आपसी समझदारी एवं विश्वासको अभाव देखा पर्ला । वर्षको पूर्वार्धमा घर, जग्गाजमिन एवं वाहनसम्बन्धी लाभ हुने छ। व्यापार व्यवसायबाट मध्यम सफलता मिले पनि कृषि तथा पशुपालनसम्बन्धी क्षेत्रबाट राम्रै सफलता मिल्ने ग्रहयोग रहेको छ। तपाईंका लागि असार, असोज, माघ र फागुन महिना विशेष फलदायी रहने छन्।

**वृष** मनले सोचेका योजना क्रमशः बन्दै जाने छन्। परिवारमा धार्मिक एवं माङ्गलिक कार्यको सम्भावना रहेको छ। विद्यार्थीका लागि पठनपाठनमा सफलता मिल्ने ग्रहयोग रहेको छ। वर्षको उत्तरार्धमा रोकिएका काम बन्दैजाने छन्। आम्दानीका नयाँ बाटा फेला पर्नुका साथै मनोरञ्जनका अवसरसमेत प्राप्त हुने छन्। प्रतिस्पर्धामा सफलता मिल्ने छ। आत्मबल बलियो भएर जानाले कार्यक्षमतामा समेत प्रगति भएर जाला । कर्मचारी वर्गका लागि मानसम्मान मिल्नुका साथै पदोन्नतिको सम्भावना रहेको छ। कृषि तथा पशुपालनसम्बन्धी काममा राम्रै सफलताको योग रहेको छ। आइतबारको दिनमा सूर्य भगवान्लाई जलार्पण गर्नाले अशुभ फल हटेर जानुका साथै आरोग्यता समेत मिल्ने छ। यो वर्ष तपाईंका लागि : साउन, कात्तिक, फागुन र चैत महिना विशेष फलदायी रहने छन्।

**मिथुन** यस वर्षमा तपाईंका ग्रहस्थिति मध्यम रहेका छन्। नयाँ कामको थालनी हुनुका साथै अधुरा योजना क्रमशः बन्दै जाने छन्। प्रतिस्पर्धामा राम्रै सफलता मिल्ने छ। पारिवारिक मेलमिलापका साथै माङ्गलिक कार्यको सम्भावना रहेको छ। अध्ययन अध्यापनको क्षेत्र सफल रहने छ। नोकरीमा मान सम्मान मिल्नुका साथै पदोन्नतिको योग रहेको छ। दम्पतीमा आपसी समझदारी तथा मेलमिलापको वातावरण रहला। वर्षको उत्तरार्धमा औषधोपचारमा सामान्य खर्च गराउला। सामाजिक तथा धार्मिक कार्यमा अभिरुचि लाग्ने छ। वैदेशिक क्षेत्र मध्यम फलदायी रहेको छ। आर्थिक हिसाबले वैशाख, असार, भदौ, माघ र चैत महिना राम्रा छन्।

**कर्कट** गुरुको प्रतिकूलताले गर्दा पठनपाठनमा केही ढिलासुस्ती गराउला। अढैया शनिदशा समाप्त हुनाले रोकिएका काम क्रमशः बन्दै जाने छन्। आर्थिक पक्ष सफल रहने छ। युवावर्गमा प्रेम एवं मनोरञ्जनका अवसर मिल्ने छन्। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। नवीन कामको थालनी हुने तथा नोकरीमा पद एवं प्रतिष्ठा मिल्ने छ। शारीरिक आरोग्यताका साथै मनोरञ्जनका अवसरसमेत मिल्दै जाने छन्। वैदेशिक यात्रा फलदायी हुनुका साथै धनार्जन गर्ने अवसरसमेत प्राप्त हुने छन्। वर्षको पूर्वार्धमा आएका विघ्नबाधा उत्तरार्धमा क्रमशः हटेर जाने छन्। जग्गा जमिन थपिनुका साथै गृह निर्माणको सम्भावना रहेको छ। सफलताको हिसाबले वैशाख, जेठ, असोज र पुस महिना विशेष फलदायी रहने छन्।

**सिंह** वर्षारम्भबाट नै आठौँ अढैया शनिदशा प्रारम्भ हुने भएकाले शनिको स्वस्तिशान्ति गराउँदा राम्रो होला। कार्यव्यस्तता बढेर जानुका साथै नवीन कामको थालनी हुने सम्भावना देखिएको छ । एकादश बृहस्पतिका कारण पढाइका साथै धार्मिक एवं सामाजिक कार्यमा गहिरो अभिरुचि लाग्ने छ। गृहस्थीका लागि घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति समेत देखा पर्ने छ। घर तथा जग्गा जमिनसम्बन्धी कारोबारको सम्भावना देखिन्छ। वर्षान्तमा आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। वैदेशिक क्षेत्रका काममा सफल रहने छन्। व्यापारिक क्षेत्र मध्यम रहला। आर्थिक हिसाबले जेठ, असार कात्तिक र माघ महिना राम्रा रहेका छन्।

**कन्या** रोकिएका काम क्रमशः बन्दै जाने छन्। बृहस्पतिको अनुकूलताले गर्दा बौद्धिक तथा आर्थिक मामिलाका काममा सफलता मिल्ने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। अध्ययन अध्यापनमा सफलता मिल्ने छ। धार्मिक एवं सामाजिक काममा सहभागी हुनुपर्ला। वर्षको पूर्वार्धमा आएका विघ्नबाधा उत्तरार्धमा हटेर जाने छन्। असोज उप्रान्त आर्थिक पक्षका कारोबारमा सुधार हुँदै जाने छ। आर्थिक दृष्टिकोणबाट असार, साउन, माघ र फागुन महिना विशेष फलदायी रहने छन्।

**तुला** उत्तम फलदायी वर्ष रहेको छ। स्वास्थ्य अनुकूल रहला। घर तथा जग्गा जमिनसम्बन्धी लाभको सम्भावना देखिन्छ। परिवारमा माङ्गलिक कार्यको सम्भावना रहेको छ। सन्तान एवं पारिवारिक सुख अनुकूल रहने छ। प्रतिस्पर्धामा सफलता मिल्नुका साथै विवादमा विजयश्री मिल्ने छ। स्थान परिवर्तन एवं महत्त्वपूर्ण यात्राको सम्भावना रहेको

छ। घरायसी खर्चको मात्रा बढेर जाला। सामाजिक काममा सफलता एवं प्रशंसा मिल्ने देखिन्छ। अध्ययन अध्यापनमा गहिरो अभिरुचि लाग्ने छ। नोकरीमा जस तथा पदोन्नतिको समेत सम्भावना रहेको छ। सफलताको हिसाबले साउन, भदौ, पुस र चैत महिना विशेष फलदायी रहने छन्।

**वृश्चिक** वर्षारम्भबाट नै अढैयाशनिको दशा समाप्त भए पनि आठौँ बृहस्पतिका कारण वर्ष मध्यम फलदायी रहने छ। आँटेका काममा सामान्य बाधाअड्चन आइपर्नुका साथै ढिलासुस्ती समेत गराउने छ। ठूलो आर्थिक लगानी एवं लेनदेनसम्बन्धी कारोबार नगर्दा नै राम्रो होला। वर्षको उत्तरार्धमा भाग्यले साथ दिनाले रोकिएका काम क्रमशः बन्दै जानुका साथै आम्दानीका नयाँ स्रोतसमेत फेला पर्ने छन्। महत्त्वपूर्ण भ्रमण एवं विदेश यात्राको सम्भावना रहेको छ। विद्यार्थीवर्गका लागि पढाइमा दिलचस्पी कमै देखिन्छ। गुरुको प्रतिकूलताले गर्दा पठनपाठनमा अनावश्यक बाधाअड्चन देखा पर्ने छन्। आर्थिक दृष्टिकोणबाट वैशाख, भदौ, असोज र माघ महिना राम्रा रहेका छन्।

**धनु** वर्षारम्भबाट नै अढैया शनिको दशा प्रारम्भ हुनाले गर्न आँटेका काममा सामान्य बाधाअड्चन एवं ढिलासुस्ती समेत गराउने छ। बृहस्पतिको अनुकूलताले गर्दा पठनपाठनमा अभिरुचि बढेर जाने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि बढेर जाने छ। घरायसी खर्चको मात्रा बढेर जाला। घरपरिवारमा माङ्गलिक कार्यको सम्भावना रहेको छ। आर्थिक हानिनोक्सानीको योग रहेकाले ठूला लगानी एवं लेनदेनसम्बन्धी कारोबार नगर्दा नै राम्रो होला। जग्गा जमिनसम्बन्धी विषयलाई लिएर सामान्य विवादसमेत निस्कन सक्ने छ। आर्थिक हिसाबले जेठ, असोज, कात्तिक र फागुन महिना विशेष लाभदायक रहने छन्।

**मकर** वर्षारम्भबाट नै साढेसाती शनि दशा समाप्त हुनाले रोकिएका काम क्रमशः बन्दै जाने छन्। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला। रमाइलो ठाउँको यात्राका साथै मनोरञ्जनका अवसर प्रशस्त मिल्ने छन्। दाम्पत्य सम्बन्धमा मिठासको अनुभूति होला। युवकयुवतीका लागि नयाँ जीवनसाथीसमेत मिल्ने ग्रहयोग रहेको छ। अध्ययन अध्यापनमा सामान्य बाधाअड्चन देखा पर्ने छन्। परिवारमा रमाइलो वातावरणको माहोल बन्ने छ। साथीभाइ तथा इष्टमित्रको सहयोगले महत्त्वपूर्ण काम बन्ने छ। कूटनीतिक क्षेत्र तथा दौत्य सम्बन्धमा राम्रो सफलता मिल्ने छ। आर्थिक दृष्टिले असार, कात्तिक मङ्सिर र चैत महिना फलदायी रहने छन्।

**कुम्भ** वर्षभरि नै अन्त्य साढेसात शनिदशा रहने छ। गर्न आँटेका काममा सामान्य ढिलासुस्ती गराउने छ। शारीरिक आरोग्यता अनुकूल रहला। गुरुको अनुकूलताले अध्ययन अध्यापनमा गहिरो अभिरुचि लाग्ने छ। आम्दानीका नयाँ स्रोत फेला पर्नाले आर्थिक पक्ष बलियो भएर जाला। सन्तान सुखका साथै रमाइलो पारिवारिक वातावरणको माहोल रहला। धार्मिक तथा सामाजिक काममा अभिरुचि लाग्ने छ। व्यापारिक क्षेत्र मध्यम रहने छ। कृषि क्षेत्रका कार्यमा राम्रो सफलताको योग रहेको छ। आर्थिक पक्षका काममा मध्यम सफलता प्राप्त होला। सफलताको हिसाबले वैशाख, साउन, मङ्सिर र पुस महिना विशेष फलदायी रहने छन्।

**मीन** वर्षारम्भबाट नै मध्यसाढेसात शनिको दशा रहनाले मनले सोचेका योजनामा ढिलासुस्ती तथा गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन देखा पर्ने छन्। शनि दशाको दोष निवारणका लागि वृक्षारोपण तथा गरिबलाई भोजन दान गराउँदा राम्रो होला। सामान्य अस्वस्थताको सम्भावना रहेको छ। लेनदेनसम्बन्धी आर्थिक कारोबार तथा ठूला लगानी नगर्दा नै राम्रो होला। कृषि तथा पशुपालन क्षेत्र सफल रहने छ। दाम्पत्य सम्बन्धमा सामान्य खट्पट पर्न जाला। पठनपाठनमा सामान्य बाधाअड्चन देखा पर्ने छन्। वर्षको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जाने छन्। आर्थिक हिसाबले जेठ, भदौ, पुस र माघ महिना विशेष फलदायी रहने छन्।

## तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : .....

जन्म स्थान : ..... जन्म मिति : .....

जन्म बार : .....

जन्म समय : ..... ठेगाना : .....

प्रश्न : .....

.....

.....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ।

# सामान्यज्ञान प्रतियोगिता वैशाख २०८२

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ। यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ। प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ। सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक-फरक छ। उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन। ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन। जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ। सही उत्तरमा अङ्क प्राप्त हुनेछ। यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/-, १०००/- र ५००/- पुरस्कार दिइनेछ। अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ।

**प्रश्न** युवामञ्च २०८१ चैत अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ।

**समूह (क), कुल अङ्क भार- ६**

१) सर्वप्रथम नेपाली सेनाको गठन हुँदा कति वटा गुल्म थिए ? [१]

२) माझी जातिको इष्टदेवता कुन हो ? [३]

३) कुन गोप्य परियोजना अन्तर्गत अमेरिकाले ग्रिनल्यान्डको उत्तरपश्चिम तटीय भेगमा विशाल हवाई अड्डा बनाएको थियो ? [२]

**समूह (ख), कुल अङ्क भार- ८**

१) सुदूरपश्चिमको अग्लो हिमाल कुन हो ? [३]

२) हालैको अध्ययन अनुसार औसत मानिसले आफ्नो जीवनको कति वर्ष स्क्रिनमा हेरेर बिताउँछ ? [३]

३) अलेक्जेन्डर कति वर्षको उमेरमा म्यासिडोनिया साम्राज्यका उत्तराधिकारी बने ? [२]

**समूह (ग), कुल अङ्क भार- १२**

१) २००७ सालको आन्दोलन काठमाडौँको कुन स्थानबाट सुरु भएको थियो ? [५]

२) पहिलो कृत्रिम मुटुको नाम के राखिएको थियो ? [३]

३) संसद्को गत हिउँदे अधिवेशन कहिले सुरु भएको थियो ? [४]

**समूह (घ), कुल अङ्क भार-त १४**

१) 'पर्वास्फोट' को शाब्दिक अर्थ के हो ? [७]

२) खप्तड राष्ट्रिय निकुञ्ज कुन कुन जिल्लामा फैलिएको छ ? [३]

३) ग्रिसलाई प्राचीनकालमा के भनिन्थ्यो ? [४]

**समूह (ङ), कुल अङ्क भार- १८**

१) पृथ्वीनारायण शाहले मकवानपुर राज्यलाई कहिले गोर्खामा समाहित गरे ? [६]

२) विश्व स्वास्थ्य सङ्गठनले विश्वमै बिफर उन्मूलन भएको घोषणा कहिले गऱ्यो ? [६]

३) जियानलुइजी बफन कुन देशका फुटबल खेलाडी हुन् ? [६]

**समूह (च), कुल अङ्क भार- २०**

१) 'बुर्ज अल अरब' होटेलको डिजाइन कसले गरेको हो ? [६]

२) 'अश्वमेध यज्ञका घोडाहरू' कृतिका रचनाकार को हुन् ? [६]

३) सुमरियालीहरूले सुरु गरेको लेखन प्रणालीलाई के भनिन्छ ? [८]

**समूह (छ), कुल अङ्क भार २२**

१) कर्णाली चिसापानी पुलको उद्घाटन कहिले भएको थियो ? [८]

२) डेनमार्कले ग्रिनल्यान्डलाई कहिले स्वशासन अधिकार प्रदान गरेको थियो ? [६]

३) युफ्रेटस र टिग्रिज नदीको बीच भागमा अवस्थित ठाउँलाई प्राचीनकालमा के भनिन्थ्यो ? [८]

फागुन अङ्कको परिणाम पृष्ठ ७४ मा

उत्तर २०८२ जेठ १५ गतेसम्म प्राप्त भइसक्नुपर्ने छ।

**२०८२ साल वैशाखको सामान्यज्ञान**

**समूह (क), कुल अङ्क भार- ६**

१) ..... [१]

२) ..... [३]

३) ..... [२]

**समूह (ख), कुल अङ्क भार- ८**

१)..... [३]

२) ..... [३]

३) ..... [२]

**समूह (ग), कुल अङ्क भार- १२**

१) ..... [५]

२) ..... [३]

३) ..... [४]

**समूह (घ), कुल अङ्क भार- १४**

१) ..... [७]

२) ..... [३]

३) ..... [४]

**समूह (ङ), कुल अङ्क भार- १८**

१) ..... [६]

२) ..... [६]

३) ..... [६]

**समूह (च), कुल अङ्क भार- २०**

१) ..... [६]

२) ..... [६]

३) ..... [८]

**समूह (छ), कुल अङ्क भार २२**

१) ..... [८]

२) ..... [६]

३) ..... [८]

नाम : .....

ठेगाना : .....

# २०८१ फागुन १ देखि २९ गतेसम्मका राष्ट्रिय घटना

| | |
|---|---|
| फागुन १ गते : | सर्वोच्च अदालतद्वारा कोशी प्रदेश सभाका बहालवाला सचिव गोपालप्रसाद पराजुलीसहित नौ जनालाई भ्रष्टाचार मुद्दामा दोषी । |
| फागुन ३ गते : | पोखरा भ्रमण वर्ष २०२५ उद्घाटन समारोहमा बेलुन पड्किँदा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरका प्रमुख धनराज आचार्य घाइते । |
| – | नेपाल निजामती कर्मचारी सङ्गठनको अध्यक्षमा भवानी न्यौपाने दाहाल निर्वाचित । |
| फागुन ५ गते : | विधायिकी प्रक्रियामा रहेको पाँच वर्षपछि भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक प्रतिनिधि सभाबाट पारित । |
| फागुन ६ गते : | बहुचर्चित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाको भुक्तानी रोक्का । |
| फागुन ८ गते : | अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा नापी कार्यालय बाराका तत्कालीन अधिकृत (हाल अवकाश) दीनानाथ मिश्रसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर । |
| फागुन ११ गते : | सर्वोच्च अदालतद्वारा आन्तरिक प्रतिस्पर्धाका आधारमा कर्मचारी स्थायी गर्ने त्रिभुवन विश्वविद्यालयको शिक्षक तथा कर्मचारी सेवासम्बन्धी नियमावलीको व्यवस्था खारेज । |
| फागुन १२ गते : | प्रधानमन्त्री केपी शर्मा ओलीसँग युवा आदानप्रदान कार्यक्रम, २०२५ मा सहभागी हुन नेपाल आएका मित्र राष्ट्र भारत, भुटान र माल्दिभ्सका 'राष्ट्रिय क्याडेड कोर' (एनसिसी) टोलीद्वारा शिष्टाचार भेट । |
| – | नेपाली र अङ्ग्रेजी भाषा व्याकरणका मूर्धन्य विद्वान् चूडामणि गौतमको ८१ वर्षको उमेरमा निधन । |
| फागुन १५ गते : | प्रहरीद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब चार किलो तस्करीको सुनसहित चार जना विदेशी नागरिक पक्राउ । |
| फागुन १८ गते : | फौजदारी मुद्दामा दोषी ठहर भई (१७ वर्ष) किशोरावस्थामै कारागार पुगेका झापा मेचीनगरका सार्के तामाङ कानुनले तोकेभन्दा छ वर्ष बढी सजाय भुक्तान गरी रिहा । |
| – | विशेष अदालतद्वारा झुटा विवरणका आधारमा पदावधि लम्बाई गैरकानुनी लाभ लिएको आरोप लागेका नेपाल बिमा प्राधिकरणका तत्कालीन अध्यक्ष सूर्य सिलवाललाई सफाइ । |
| – | राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य मोहन थापा अमेरिकाको अध्यागमन विभागको नियन्त्रणमा । |
| फागुन १९ गते : | राष्ट्रपति रामचन्द्र पौडेलद्वारा श्रीलङ्काका लागि नेपालको आवासीय राजदूतमा पूर्णबहादुर नेपाली नियुक्त । |
| फागुन २० गते : | ललिता निवास जग्गा प्रकरणमा विशेष अदालतबाट भएको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सर्वोच्च अदालतमा पुनरावेदन । |
| – | नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनबाट पुनः नारायणमान विजुक्छे (रोहित) अध्यक्षमा निर्वाचित । |
| फागुन २२ गते : | सरकारद्वारा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई चारबुँदे स्पष्टीकरण सोधियो । |
| – | विशेष अदालतद्वारा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) खरिद प्रकरणमा दूर सञ्चार प्राधिकरणका पूर्वअध्यक्ष दिगम्बर झा र पुरुषोत्तम खनाल दोषी ठहर । |
| फागुन २६ गते : | काठमाडौँको गोकर्णेश्वरमा एक महिलाको हत्या गरेको आरोपमा प्रहरीद्वारा एक बालकसहित पाँच जना पक्राउ । |
| फागुन २८ गते : | नवलपुर जिल्लाको कावासोती नगरपालिका वडा नं. ४ मा रहेको १९१ बिघा जग्गामध्ये करिब ७० रोपनी जग्गा भूमाफियाको कब्जामा । ■ |

*– सरस्वती खत्री, क्षेत्री*